

# जल उपयोग गुरुयोजना

नरहरिनाथ गाउँपालिका ,कालिकोट

२०८०

# विषय सूची

**प्राक्कथन ........ vii**
**संक्षेप र संक्षिप्त नामहरूको सुची ........ x**
**कार्यकारी सारांश ........ xii**
**अध्याय -१ : परिचय ........ 1**
१. १.पृष्ठभूमि ........ 1
१.१.१. जलस्रोत क्षेत्रका राष्ट्रिय नीति तथा कानूनी प्रावधानहरू ........ 2
१.१.२. एकिकृत जलस्रोत व्यवस्थापनका अवधारणा र सिद्धान्तहरू ........ 3
१.१.३. दिगो विकास लक्ष्य ........ 4
१.१.४.अन्तरक्षेत्रीय सवालहरू ........ 6
१. २. जल उपयोग गुरुयोजनाका उद्देश्य र क्षेत्र ........ 7
१.२.१. जल उपयोग गुरुयोजनाका उद्देश्यहरू ........ 7
१.२.२. जल उपयोग गुरुयोजनाले समेटने क्षेत्रहरू ........ 8
१.३. जल उपयोग गुरुयोजना निर्माणमा अपनाइएका पद्दतिहरू ........ 10
१.३.१. स्थानीय तहका विद्यमान रणनीतिक योजनाहरूको समीक्षा ........ 10
१.३.२. रणनीतिक योजनाहरूको एकीकरण ........ 11
१.३.३. जल उपयोग गुरुयोजना तयारी प्रकृया र चरणहरू ........ 11
**अध्याय-२: गाउँपालिकाको पाश्र्वचित्र ........ 17**
२.१. गाउँपालिकाको संक्षिप्त परिचय ........ 17
२.२. भौगोलिक अवस्थिति र पहुँच ........ 18
२.३. भौगोलिक स्वरुप तथा भू-उपयोग स्थिति ........ 18
२.४. प्रमुख जलाधार तथा उप-जलाधार क्षेत्रहरूको विवरण ........ 23
२.५. गाउँपालिकाको सामाजिक तथा आर्थिक विवरण ........ 26
२.५.१. गाउँपालिकाको घरधुरी तथा जनसंख्या विवरण ........ 26
२.५.२. जातियता ........ 27
२.५.३. साक्षरता विवरण ........ 27
२.५.४. व्यवसाय ........ 28

२.५.५. कृषि र जीविकोपार्जन ........ 29
२.५.६. मौसमी पात्रो तथा कार्यबोझ ........ 30
२.५.७. गाउँपालिकामा उपलब्ध मानव संसाधनको विश्लेषण ........ 31
२.५.८. स्थानीय निर्माण सामग्रीहरूको उपलब्धता ........ 31
२.६. सेवाकेन्द्रहरू सम्बन्धी विवरण ........ 32
२.७. विकास साझेदारहरू, गैह्र सरकारी संस्थाहरू, समुदायमा आधारित संस्थाहरू तथा सहकारी सम्बन्धी विवरण ........ 33
**अध्याय-३: विद्यमान जलस्रोतहरूको अवस्था र प्रयोग ........ 36**
३.१. गाउँपालिकामा उपलब्ध जलस्रोतहरूको विवरण ........ 36
३.२. गाउँपालिकामा उपलब्ध जलस्रोतहरूको विश्लेषण ........ 36
३.२.१. स्रोतहरूको अवस्थितिको आधारमा जलस्रोतहरूको विश्लेषण ........ 38
३.२.२. स्रोतहरूको क्षमताको आधारमा जलस्रोतहरूको विश्लेषण ........ 38
३.२.३. स्रोतहरूको गुणस्तरको आधारमा विश्लेषण ........ 39
३.३. विद्यमान खानेपानी योजनाहरूको अवस्था विश्लेषण ........ 40
३.३.१. विद्यमान योजनाहरू र सेवा क्षेत्र ........ 41
३.३.२. विद्यमान योजनाहरूको संचालनको अवस्था ........ 42
३.३.३. विद्यमान खानेपानी योजनाहरूको सुबिधास्तरको अवस्था विश्लेषण ........ 43
३.३.४. निर्माणाधीन योजनाहरू र लक्षित सेवाक्षेत्र विवरण ........ 44
३.४. विद्यमान सरसफाइ अभ्यासको अवस्था विश्लेषण ........ 44
३.४.१. बस्तीहरूको खुला दिसामुक्त क्षेत्र तथा पूर्ण सरसफाइ स्थिति ........ 44
३.४.२. विद्यालय तथा सार्वजनिक स्थलहरूको सरसफाइ अवस्था ........ 45
३.४.३. वातावरणीय सरसफाइको अवस्था ........ 47
३.४.४. दिसाजन्य लेदो, ठोस फोहर तथा फोहरपानी व्यवस्थापनको विद्यमान अवस्था ........ 47
३.५. विद्यमान सिंचाइ योजनाहरूको अवस्था विश्लेषण ........ 50
३.५.१. विद्यमान सिंचाइ योजनाहरू र सेवाक्षेत्र ........ 50
३.५.२. विद्यमान सिंचाइ योजनाहरूको संचालनको अवस्था ........ 51
३.५.३. निर्माणाधीन सिंचाइ योजनाहरू र लक्षित सेवाक्षेत्र ........ 52

३.६. विद्यमान जलवायु परिवर्तन अनुकुलन/ विपद जोखिम व्यवस्थापन तथा स्रोत संरक्षण योजनाहरूको अवस्था विश्लेषण ..... 52
३.६.१. विद्यमान योजनाहरू र सेवाक्षेत्र ..... 53
३.६.२. विद्यमान योजनाहरूको संचालनको अवस्था ..... 54
३.७. विद्यमान जल उर्जा योजनाहरूको अवस्था विश्लेषण ..... 54
३.७.१. विद्यमान योजनाहरू र सेवाक्षेत्र ..... 54
३.८. जलस्रोतहरूको दिगो उपयोगका लागि संस्थागत/उपयोग सम्बन्धी संयन्त्र ..... 55
३.९. जलस्रोतमा विवाद ..... 56
**अध्याय-४ : गुरुयोजना कार्यन्वयन रणनीति र परिकल्पना ..... 57**
४.१. गाउँपालिकाको रणनीतिक प्राथमिकता ..... 57
४.२. जलाधार क्षेत्र व्यस्थापनका लागि एकिकृत जलस्रोत व्यवस्थापन ..... 58
४.३. एक जल नीति तथा अवधारणा ..... 59
४.४. लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण अवधारणा र एकिकृत जलस्रोत व्यवस्थापन ..... 60
४.५. पानीको उत्पादनशिल प्रयोग ..... 62
४.६. जलस्रोतको उपयोगका लागि विकल्प तथा प्रविधिहरू ..... 63
४.७. मापदण्डमा आधारित प्राथमिकीकरण औजारहरू (CBRT) ..... 63
४.८. स्रोत संरक्षण ..... 66
**अध्याय-५ : जल उपयोग गुरुयोजना ..... 68**
५.१. अन्तर विश्लेषण ..... 68
५.२. आवधिक योजनाको सारांश ..... 72
५.२.१. खानेपानी योजनाहरू ..... 73
५.२.२. सरसफाइ योजनाहरू ..... 74
५.२.३. सिंचाइ योजनाहरू ..... 75
५.२.४. स्रोत संरक्षण तथा वातावरण संरक्षण योजनाहरू ..... 76
५.२.५. जलउर्जा सम्बन्धी योजनाहरू ..... 77
**अध्याय-६: गुरुयोजना कार्यान्वयन, बजारीकरण र अद्यावधिक ..... 79**
६.१. गुरुयोजनामा लगानीका लागि अल्प/मध्यम/दीर्घकालीन योजना ..... 79
६.२. पहिलो आ.व. मा कार्यान्वयन हुने योजनाहरू ..... 83

६.३. बजारीकरण रणनीति तथा सरोकारवालाहरूको पहिचान....86
६.४. जलाधार/उप-जलाधार क्षेत्र व्यवस्थापन रणनीति....90
६.५. गुरुयोजना पुनरावलोकन तथा अद्धयावधिक गर्ने संयन्त्र....91
६.६. गुरुयोजना कार्यान्वयन रणनीति....91
**अनुसूचीहरू....92**

**संलग्न तालिकाहरू :**

tflnsf 1: गाउँ पालिकाले तयार गरेका विभिन्न नीतिनियम तथा कार्यविधिहरू....10
tflnsf 2 :प्रशिक्षक प्रशिक्षणमा सहभागी विवरण....13
tflnsf 3 : क्षमता विकास सम्बन्धी तालिमका सहभागी हरूको लैङ्गिक र जातिगत विवरण....14
tflnsf 4 : योजना तर्जुमा गोष्ठीका सभागी हरूको विवरण....16
tflnsf 5: गाउँपालिकाको भूउपयोग विवरण-....23
tflnsf 6: गाउँपालिकामा उपजलाधार क्षेत्र-हरू....26
tflnsf 7 : बस्ती, घरधुरी र जनसंख्याको विवरण....26
tflnsf 8: वडा अनुसार जातिगत घरधुरीको विवरण....27
tflnsf 9: वडागत रुपमा साक्षरता विवरण....28
tflnsf 10 : वडा व्यवसाय/अनुसार विभिन्न पेशा मा संलग्न जनसंख्याको विवरण....28
tflnsf 11: वडागत रुपमा खाधान्न पहुँचको अवस्था विवरण....29
tflnsf 12 : स्थानीय सामग्रीहरूको उपलब्धता....32
tflnsf 13: गाउँपालिकामा रहेका सेवाकेन्द्रहरूको विवरण....33
tflnsf 14: मुख्य विकास साझेदार तथा गैह्र सरकारी संस्थाहरूको विवरण....34
tflnsf 15 : वडा अनुसार सहकारी संस्थाहरूको विवरण....35
tflnsf 16 : पालिकामा विद्यमान जलस्रोतहरूको वडागत विवरण....38
tflnsf 17: विद्यमान खानेपानी योजनाहरूको अवस्था विश्लेषण....41
tflnsf 18: :वडागत रुपमा खानेपानीको सुबिधास्तर विवरण....43
tflnsf 19: वडागत घरायसी सरसफाइको अवस्था विवरण....45
tflnsf 20: विद्यालय तथा संस्थागत खानेपानी र सरसफाइको अवस्था....46
tflnsf 21: स्वास्थ्य संस्थाहरूमा खानेपानी तथा सरसफाइको अवस्था....47
tflnsf 22: सरसफाइ तथा स्वच्छता प्रवर्धनका लागि गतिविधि तथा सुझावहरू....48

tflnsf 23: वडागत रुपमा सिंचाइ योजना र सिंचित क्षेत्रफल (रोपनीमा) ..... 51
tflnsf 24 : वडागत जलउर्जाका योजना संख्या र लाभान्वित घरधुरीहरूको विवरण ..... 54
tflnsf 25 : समुदाय (नयाँ निर्माण) तथा योजना छनौट मापदण्ड ..... 64
tflnsf 26: समुदाय तथा योजना छनौट मापदण्ड (मर्मत तथा पुनरनिर्माण) ..... 64
tflnsf 27: सिबिआरटी सूचक र अंकभार (नयाँ निर्माण आयोजनाको लागि)**Error! Bookmark not defined.**
tflnsf 28: सिबिआरटी सूचक र अंकभार (विद्यमान आयोजनाको सेवास्तर वृद्धिको लागि)....**Error! Bookmark not defined.**
tflnsf 29: हाल देखिएका अन्तरहरू र परिपूर्तिका उपायहरू ..... 69
tflnsf 30: दिगो विकास लक्ष्य ६खानेपानी सेवा परिणात्मक लक्ष्य र सूचक :१.हरू ..... 70
tflnsf 31: दिगो विकास लक्ष्य ६सरसफाइ सेवा परिणात्मक लक्ष्य र सूचक :२.हरू ..... 71
tflnsf 32: प्रस्तावित खानेपानी योजनाहरूको विवरण ..... 74
tflnsf 33: प्रस्तावित सरसफाइका योजनाहरूको विवरण ..... 75
tflnsf 34: वडागत रुपमा सिंचाइ योजनाहरूको विवरण (परम्परागत र लघु) ..... 76
tflnsf 35 :वातावरण तथा पर्यावरण सम्बन्धी तर्जुमा गरिएका योजनाहरू ..... 77
tflnsf 36: वडागत रुपमा प्रस्तावित जलउर्जाका योजनाहरू ..... 78
tflnsf 37: पहिलो वर्षमा कार्यान्वयन गर्ने गरि तर्जुमा गरिएका खानेपानी योजनाहरू ..... 83
tflnsf 38: पहिलो वर्षमा कार्यान्वयन गर्ने गरि तर्जुमा गरिएका सरसफाइ योजनाहरू ..... 84
tflnsf 39: पहिलो वर्षमा कार्यान्वयन गर्ने गरि तर्जुमा गरिएका परम्परागत कुलो सिंचाइ योजनाहरू 84
tflnsf 40: पहिलो वर्षमा कार्यान्वयन गर्ने वातावरण संरक्षण तथा स्रोत संरक्षण योजनाहरू ..... 85
tflnsf 41: सरोकारवाला निकायको विवरण ..... 87

**संलग्न चित्रहरू:**

lrq 1: दिगो विकास लक्ष्यका आयाम ..... 4
lrq 2: दिगो विकासका लक्ष्यहरू ..... 6
lrq 3: जल उपयोग गुरुयोजना तथा जलस्रोत व्यवस्थापन कुर्सी ..... 9
lrq 4: जल उपयोग गुरुयोजना निर्माणकाचर :णहरू ..... 12
lrq 5: गाउँपालिकाबाट सवै वडा र बस्ती देखिने नक्शा ..... 19
lrq 6: गाउँपालिका बाट सवै वडा र बस्ती सम्मको पहुँच देखिने नक्शा ..... 20
lrq 7 : गाउँपालिका भौगोलिक स्वरुप तथा भूउपयोग स्थिति नक्शा- ..... 22

lrq 8 :प्रमुख जलाधार तथा उपजलाधार क्षेत्र-हरूको विवरण**Error! Bookmark not defined.**

lrq 9: गाउँपालिकामा मापनगरेको जलस्रोतहरूको विवरण ........ 37

lrq 10: जलस्रोत संरक्षण तथा जल उपयोग क्षेत्रका हाल कार्यरत सरोकारवाला पहिचान ........ 86

lrq 11: जलस्रोत संरक्षण तथा जल उपयोग क्षेत्रका सरोकारवाला पहिचान**Error! Bookmark not defined.**

**संलग्न ग्राफहरू:**

u|Fkm 1 : महिना अनुसार मानिसहरूको व्यस्त हुने समय ........ 30

u|Fkm 2: मानव संसाधन विवरण ........ 31

u|Fkm 3: अवस्थितिको आधारमा स्रोतको विवरण ........ 38

u|Fkm 4: क्षमताको आधारमा स्रोतको विवरण ........ 39

u|Fkm 5: गुणस्तरका आधारमा स्रोतको विवरण ........ 39

u|Fkm 6: उपयोगको आधारमा स्रोतको विवरण ........ 40

u|Fkm 7: सिंचाइ योजनाहरूको संचालन अवस्था ........ 52

u|Fkm 8: जलवायु परिवर्तन अनुकुलनविपद जोखिम व्यवस्थापन तथा स्रोत संरक्षण / ........ 53

u|Fkm 9: पंच वर्षीय योजनाको विवरण ........ 73

# प्राक्कथन

नेपालको संविधान २०७२ मा भाग-३, मौलिक हकमा धारा ३५ को स्वास्थ्य सम्बन्धी हक प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हकको सुनिश्चितता गरिएको छ साथै धारा ५१ को राज्यका नीतिहरूमा जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिदै जलस्रोतको बहु-उपयोगी विकास गर्ने भन्ने व्यवस्था भए बमोजिम र स्थानीय सरकार संचालन ऐन, २०७४ मा व्यवस्था भए बमोजिम स्थानीय सरकारले जलस्रोत विकास र वातावरण पर्यावरणको दिगो विकास गर्न एकिकृत जलस्रोतको अवधारणा अनुसार क्षेत्रगत योजना तयार गरि लागु गर्न सक्ने व्यवस्था छ।

नरहरिनाथ गाउँपालिकाले पनि आफ्नो क्षेत्र भित्र रहेको जलस्रोतको एकिकृत विकास गर्दै जल, जंगल र जमिनको एकिकृत विकासका लागि युएसएआइडी कर्णाली जल परियोजना, अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) मार्फत अमेरिकी जनताको सहयोगमा नरहरिनाथ गाउँपालिकाको जल उपयोग गुरुयोजना निर्माण गरेको छ। जल उपयोग गुरुयोजना निर्माणका विभिन्न चरणहरू (तयारी चरण, क्षमता विकास चरण, सामाजिक तथा प्राविधिक अध्ययन चरण र योजना तर्जुमा चरण) अपनाई स्थानीय समुदायकै सहभागीतामा यो जल उपयोग गुरुयोजना तयार गरिएको हो।

जल उपयोग गुरुयोजनाको मुख्य अवधारणा भनेको जलस्रोतको एकिकृत तर्जुमा तथा व्यवस्थापनका लागि सहभागीतात्मक एवं समावेशी विधि अपनाउदै जलस्रोत क्षेत्रको विकासमा सुशासन कायम गर्न , स्थानीय समुदायको सहभागिता बढाउनु र पारदर्शीता बढाउन सहयोग पुरयाउनु रहेकोछ। नरहरिनाथले कुनै एउटा निश्चित भौगोलिक क्षेत्रमा केन्द्रित रही त्यस क्षेत्रमा रहेका जलस्रोतको समग्र उपलब्धता तथा त्यसको सम्भाब्य उपयोगको आंकलन गर्दछ ।

जल उपयोग गुरुयोजनाले खास कुनै आयोजना वा जलस्रोतका क्षेत्र मात्रमा सिमित नरही स्थानीय तहको निश्चित सिमाना भित्रका जलाधार/उप-जलाधार क्षेत्रका उपलब्ध समग्र जलस्रोत, सरसफाइ तथा स्वच्छता, वातावरण र पर्यावरण, पानीसँग सम्बन्धीत उर्जा, पानीको माग र नरहरिनाथको समुचित प्रयोग सहितको तथ्याङ्क संकलन, स्थानीयकै सहभागीतामा विश्लेषण तथा भविष्यको लागि सहभागीतात्मक योजना तर्जुमा र नीति तर्जुमामा समेत सहयोग गर्ने भएकाले जल उपयोग गुरुयोजनालाई स्थानीय सरकार र सरोकारवालाहरूले आवश्यक औजारका रुपमा अपनत्व गरेको पाईन्छ।

नरहरिनाथ गाउँपालिका भौगोलिक रुपमा पहाडी भू-भाग मात्र भएको र यहाँ उत्तरबाट बग्दै आउने खोला, नदीको पानी बाहेक मूल, सानातिना खोल्सीहरू जलस्रोतको रुपमा रहेका छन्। यहाँका सवै जसो घरधुरीहरू खानेपानीका लागि यिनै जलस्रोतमा निर्भर रहेको देखिन्छन्। पानीको स्रोतहरूमा मानव स्वास्थ्यका हिसाबले हानिकारक रासायनिक, भौतिक र जैविक पदार्थहरू रहन सक्ने हुदा पानीको गुणस्तर तथा खानेपानी सुरक्षाका सवालहरूलाई पनि नरहरिनाथ जल उपयोग गुरुयोजनाले समेटेको छ। यसका साथै जलवायु परिवर्तन अनुकुलन/विपद जोखिम व्यवस्थापन तथा वातावरण पर्यावरणका सवालहरूलाई जल उपयोग गुरुयोजनाले समेटेको छ।

यो जल उपयोग गुरुयोजना नरहरिनाथ गाउँपालिका कै नेतृत्व तथा समुदायको सहभागितामा तयार गरिएको हुदा नरहरिनाथको सफल कार्यान्वयनको लागि पनि नरहरिनाथ गाउँपालिका र समुदायको ठुलो भूमिका रहन्छ। त्यसैले जल उपयोग गुरुयोजनाले समेटेका क्षेत्रगत क्रियाकलापहरूको प्राथमिकता अनुसार कार्यान्वयन गरि नेपाल सरकारको खानेपानी सरसफाइ स्वच्छता क्षेत्र विकास योजना र दिगो विकास लक्ष्य हासिल गर्न सहयोग पुर्‍याउने, जलस्रोतको न्यायोचित वितरण तथा विवेकपूर्ण उपयोग मार्फत सुशासन प्रत्याभूत गराउनुका साथै पानीको बहु-उपयोग गरि समुदायको जीविकोपार्जनमा सुधार ल्याउन महत्वपुर्ण हुने अपेक्षा गरिएको छ।

नरहरिनाथ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
कुमालगाउँ, कालिकोट
कर्णाली प्रदेश, नेपाल

## दुई-शब्द



देश संघिय संरचनामा गए संगै सम्पूर्ण अधिकारहरु स्थानीय सरकारमा निहित भएका छन् । आ-आफ्नो स्थानीय सरकारले विकास निर्माण कार्यहरुलाई कसरी व्यवस्थित रुफमा चरणबद्ध विकास गर्ने स्थानीय सरकारलाई कसरी विकासको मूलधारमा समाहित गरी समृद्धि तर्फ लैजाने भन्ने कुरा सम्बन्धित सरकारकै रहेकाले आफ्नो गाउँपालिकाको व्यवस्थित र योजनाहरु विकास गर्नका लागि गाउँपालिकाको आवधिक योजना,वास योजना,जलउपयोग गुरुयोजना जस्ता महत्वपूर्ण योजनाहरु तयार गरि विकासलाई एकद्धार प्रणालीबाट अगाडि बढाउनु स्थानीय सरकारको प्रमुख दायित्व हो ।

यसर्थ यस नरहरिनाथ गाउँपालिकाले कर्णाली जल परियोजनाको सहयोग तथा सिग्नेचर नेवा जेभिको सहजिकरणमा यस नरहरिनाथ गाउँपालिकाको सम्पूर्ण पानीका स्रोतहरुलाई व्यवस्थित र योजनाबद्ध तरिकाले सदुपयोग गर्न र जनताको संवैधानिक मौलिक हकको रक्षा गर्न यो वास तथा निगालो तथा जल उपयोग गुरुयोजना अध्यावधिक गरेकोमा हामी धेरै खुशी छौ ।

यस योजनाका गाउँपालिकामा पहिंचान भएका सबै पानीका स्रोतहरु र तिनिहरुको उपयोग हाल सञ्चालनमा रहेका प्रणाली र भविष्यमा यस गाउँपालिकामा विकास गरिने सबै सम्भावनालाई समावेश गरेको छ । यति मात्र नभई खानेपानी र उर्जामा क्षेत्रगत हिसाबले अल्पकालिन र दिर्घकालिन योजनाका रुपमा प्राथमिकिकरण गरिएको छ । यसलाई हामीले गाउँपालिकाको भावी योजना निर्माणको मुख्य आधारको रुपमा लिएका छौं,र यसलाई कार्यान्वयन गर्नका लागि सदैभ तयार रहने प्रतिवद्धता जाहेर गर्दछौं ।

अन्तमा यस जल उपयोग गुरुयोजनामा निर्माणमा सहयोग गर्ने कर्णाली जल परियोजना सहजिकरण गर्ने सिग्नेचर नेवा जेभि सम्पूर्ण वडाका जनप्रतिनिधि ज्यूहरु र हामी नरहरिनाथ गाउँपालिका निवासी आमाबुवा दाजुभाई तथा दिदीबहिनीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु । धन्यवाद ।

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष
नरहरिनाथ गाउँपालिका

"शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधारः नरहरिनाथ गाउँपालिकाको विकास र समृद्धिको आधार"
Website: naraharinathmun.gov.np Email: naraharinathgapa@gmail.com

नरहरिनाथ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

कुमालगाउँ, कालिकोट

कर्णाली प्रदेश, नेपाल

## दुई-शब्द




पानी नै जिवन हो । पानी विनाको जीवन र श्रृष्टीको कल्पना पनि गर्न सकिदैन । मानव सभ्यताको विकास पानीको महत्वपूर्ण भूमिका रहेको छ । पानी मानिसको धर्मसँग जोडिएको विषय पनि हो । पानी मानिसको सबै धार्मिक,साँस्कृतिक र आर्थिक पाटोसँग जोडिएको कुरा हो । पृथ्वीमा मात्र नभएर ब्रहमाण्डमा रहेका अन्य ग्रहहरुसँग जिवनको सम्भावना खोज्नुभन्दा पहिला खोजिने बस्तु र पदार्थ पानी हो । नेपालमा सयौं नदी नाला ताल पोखरी कुण्ड तलाउ हिम नदी पानीका मुहान र मौसम र वर्षा जलका प्रमुख स्रोत हुन । हाम्रो जस्तो कृषि प्रदान देशमा जलस्रोतको उपयोगिता महत्वपूर्ण रहेको छ ।

त्यतिकै महत्व सामाजिक साँस्कृतिक जैविक विविधता एवम् प्राकृतिक सम्पदाले भरिपूर्ण हाम्रो देशमा विभिन्न जातजाती र धर्म संस्कृतिको सञ्चालन र आयआर्जन सँग जोडिएको हो । जलस्रोतको उचित व्यवस्थापनको अभावमा मानव विकासको सम्भावना परिकल्पना पनि गर्न सकिन्छ ।

जयवायू परिवर्तनका कारणले पर्ने प्रतिकूल प्रभावलाई मध्यनजर गरि त्यसबाट अनूकुलन हुन एवंम् व्यवस्थापन गर्नका लागि हामीहरु नरहरिनाथ गाउँपालिका स्थानीय समुदाय सरोकारवालाहरुसँग प्रत्यक्ष अन्तरक्रिया गरि सचेतना अभिवृद्धि गर्दै प्रकोपहरु पहिचान गरि जलउपयोग गूरुयोजनाका लागि वातावरण मैत्री योजना तर्जुमा गर्न जिम्मेवार पूर्ण रुपले लागि रहेका छौ । योजना तयारीका क्रममा निजि तथा व्यवसायीक क्षेत्र,विकास साझेदार तथा सामूदायिक संघसंस्थाहरुको समन्वय,सहयोग र सहकार्यको अपेक्षा गर्दछौ । जल उपयोगका लागि योजना तर्जुमा गरि कार्यक्रम स्थानीय समुदाय तथा संकट ग्रस्त क्षेत्र,बर्गले लाभ लिन सक्ने गरि योजनाबद्ध कार्यक्रम लैजान र जल सम्पदाको सदुपयोगको दृष्ट्रिले जलवायू उतपादनशिल तथा वातावरण मैत्री स्थानीय निकायको रुपमा यस नरहरिनाथ गाउँपालिकालाई विकास गर्न हामी सधै तप्पर रहने छौ । धन्यवाद ।

कमल कुमार शाह
उपाध्यक्ष
नरहरिनाथ गाउँपालिका

"शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधारः नरहरिनाथ गाउँपालिकाको विकास र समृद्धिको आधार"

## संक्षेप र संक्षिप्त नामहरूको सुची

जलउपयोग गुरुयोजना भन्नाले नरहरिनाथ गाउँपालिकाको "जलउपयोग गुरुयोजना २०८०/८१ देखी २०८५/८६ (सन् २०२३ -२०२७) लाई सम्झनु पर्दछ।

| | |
|---|---|
| NWASH MIS | National Water Sanitation and Hygiene Management Information System |
| खा.स.स्व.यो. | खानेपानी सरसफाइ तथा स्वच्छता योजना |
| खानेपानी उ.स.स./उ.स. | खानेपानी उपभोक्ता तथा सरसफाइ समिति/उपभोक्ता समिति |
| गा.पा. | गाउँपालिका |
| गा.वि.स. | गाउँ विकास समिति |
| लै.स.सा.स. | लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण |
| उ.स. | उपभोक्ता समिति |
| गैसस | गैर सरकारी संस्था |
| लि.प्र.से. | लिटर प्रति सेकेन्ड |
| खा.पा. | खानेपानी |
| कि.मि. | किलो मिटर |
| सा.ब.उ.स. | सामुदायिक बन उपभोक्ता समुह |
| एस.डी.ज़ी. | भन्नाले संयुक्त राष्ट्र संघको "दीगो विकास लक्ष्य सन् २०१६-२०३०"लाई सम्झनु पर्दछ । |
| एस.डी.पी. | भन्नाले नेपाल सरकार, खानेपानी मन्त्रालयको "नेपाल खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्र विकास योजना वि. सं. २०७४-२०८७"लाई सम्झनु पर्दछ । |
| नेपाल रोडम्याप | भन्नाले नेपाल सरकार, राष्ट्रिय योजना आयोगको "नेपाल: दीगो विकास लक्ष्यहरू- वर्तमान अवस्था र भावी मार्ग चित्र वि. सं. २०७४-२०८७"लाई सम्झनु पर्दछ । |
| जलस्रोत व्यवस्थापन कुर्सी | भन्नाले जलउपयोग गुरुयोजनालाई नेपाल सरकारको विद्यमान क्षेत्रगत् विकास संरचनाहरू, कानूनी प्रावधानहरू र दीगो विकास अवधारणा अनुसार निर्माण गर्न तथा गुरुयोजना तयारीलाई सहज बनाई योजना निर्माण प्रकृयालाई व्यवस्थित रुपमा सञ्चालन गर्नका लागि अवलम्बन गरिएको जलस्रोत व्यवस्थापन कुर्सिको चित्रगत अवधारणालाई सम्झनु पर्दछ । यो अवधारणा सरोकारवालाहरूको बुझाईमा एकरुपता ल्याउन निकै प्रभावशाली औजारका रुपमा रहेको छ । जलस्रोत व्यवस्थापन कुर्सीले औल्याएका क्षेत्रहरूमा केन्द्रित रहेर गाउँपालिकाको जलउपयोग गुरुयोजना निर्माण गरिन्छ। |

| | |
|---|---|
| जलउपयोग सेवा प्रदायक | भन्नाले जलउपयोग आयोजना सञ्चालन व्यवस्थापन गर्ने उद्धेश्यले स्थापना भई नेपाल सरकार अन्तर्गत दर्ता भएका सरकारी स्वायत्त संस्थान वा सामुदायिक संस्थाहरू नेपाल खानेपानी संस्थान, नेपाल विद्‌युत प्राधिकरण, जलउपयोग प्रयोजनका उपभोक्ता समिति, निजि उद्योग, जलउपयोग स्व-सेवा गर्ने ससाना उपभोक्ता समुह वा परिवार, आदि समेत जलउपयोग सेवा प्रदायक अन्तर्गत पर्दछन । |
| खानेपानी सुविधास्तर | भन्नाले खानेपानी आयोजनाहरूले उपभोक्ता घरपरिवारहरूलाई उपलब्ध गराएको खानेपानीको चार तहको सुविधास्तरहरू सुरक्षित व्यवस्थापन सुविधास्तर, आधारभूत सुविधास्तर, सिमित सुविधास्तर, र सुविधा नभएको (सुन्य सुविधास्तर)लाई बुझ्नु पर्दछ । खानेपानी सुविधास्तर सूचकहरू परिमाण, गुणस्तर, पहुच र विश्वसनीयताको आधारमा खानेपानीको समग्र सुविधास्तर निर्धारण हुन्छ । यी चारवटा सुविधा सूचकहरूको समग्र सुविधास्तरलाई खानेपानी सुविधास्तर भन्ने बुझ्नु पर्दछ । अर्थात् खानेपानी सुविधास्तर भन्नाले यस जलउपयोग गुरुयोजनामा परिभाषित गरे अनुसारको उपभोक्ता घरधुरीले खानेपानी धाराबाट उपलब्ध गरेको खानेपानी सुविधास्तर भन्ने बुझ्नु पर्दछ । |
| सिबिआरटी / CBRT | Criteria Based Ranking Tools (मापदण्डमा आधारित योजना छनौटका आधारहरू) भन्नाले तर्जुमा गरिएका आयोजनाहरूको कार्यान्वयन प्राथमिकता निर्धारण गर्दा प्रयोग गरिने "मापदण्डमा आधारित प्राथमिकीकरण औजार"लाई बुझ्नु पर्दछ । |

# कार्यकारी सारांश

कुनै निश्चित स्थान भित्र रहेका पानीका स्रोतहरूको संरक्षण, व्यवस्थापन र न्यायोचित तथा समतामूलक वितरण गर्नका लागि समुदायकै सहभागितामा तयार गरिने जलस्रोत क्षेत्रको आवधिक योजना जल उपयोग गुरुयोजना हो। जल उपयोग गुरुयोजनामा उपलब्ध जलस्रोतहरूको विश्लेषण, लागत अनुमान, सहयोगी सरोकारवाला पहिचान गर्न का साथै लगानी नीति, लक्ष्य, परिकल्पना समेत समेटिन्छ । गुरुयोजना समुदायको क्षमता विकास गर्न, स्रोतहरूको विवेकपूर्ण उपयोग गर्न, वातावरण तथा पर्यावरण संरक्षण गर्न, पानीको बहुउपयोग गर्न, जलस्रोत सम्बन्धी विवाद न्यूनीकरण र समाधान गर्नका साथै सुशासन कायम गरि संस्थागत क्षमता अभिबृद्धी गर्न समेतका लागि क्षेत्रगत योजना तर्जुमाको दीर्घकालीन औजारका रुपमा लिन सकिन्छ।

जल उपयोग गुरुयोजना निर्माणको प्रमुख उद्धेश्य भनेको, "स्थानीय स्तरमा जलस्रोतको प्रभावकारी, समानुपातिक, पारदर्शी र दक्ष रुपले पानीको बहुउपयोग गर्न एकिकृत योजनाको विकास गर्न तथा आफ्नो गाउँ पालिका क्षेत्रका निश्चित समुदाय भित्र तथा समुदाय-समुदायका बीचमा जलस्रोतको समानुपातिक वितरण तथा बाँडफाँड मार्फत दिगो रुपमा पानीसँग सम्बन्धीत आवश्यकताहरू पुरा गर्न रहेको छ। गुरुयोजनाले जलवायु परिवर्तन अनुकुलन तथा संम्भावित प्राकृतिक जोखिम व्यवस्थापनका लागि समुदाय र सरोकारवालाहरूको क्षमता विकास गर्न का साथै जलस्रोतका क्षेत्रमा नयाँ अवधारणाहरू जस्तै एकजल अवधारणा, पानीको उत्पादनशिल उपयोगका लागि स्थानीय जनसमुदायहरूलाई शसक्तिकरण गर्दै समुदाय परिचालन र सचेतिकरणमा टेवा पुऱ्याउदछ।

जल उपयोग गुरुयोजनाको तयारि प्रकृया मार्फत महिला, पछाडी पारिएका समुदाय, अति विपन्न, सीमान्तकृत समुदाय र पानीको उपभोगमा बन्चितिकरणमा परेका भूगोल र समुदायहरूलाई मापदण्डमा आधारित योजना प्राथमिकिकरणका सूचकहरूका माध्यमबाट मुलप्रवाहीकरण गर्दै खानेपानी लगायतका संविधानले सुनिश्चित गरेका जलस्रोतको उपयोगका क्षेत्रका मौलिक हकलाई समेत पुरा गर्न योगदान पुऱ्याउदछ।

नरहरिनाथ गाउँपालिकाको जल उपयोग गुरुयोजना निर्माणका लागि विभिन्न चरणहरू (तयारी चरण, क्षमता विकास चरण, अध्ययन चरण, योजना तर्जुमा चरण र प्रतिवेदन लेखन तथा प्रतिवेदन प्रमाणीकरण चरणहरू) मा क्षेत्रगत बिज्ञहरूको परिचालन गरि तथ्याङ्क संकलन, विश्लेषण र प्रमाणीकरण गरिएको छ। तथ्याङ्क संकलनका लागि NWASH र DAI Collect KoBo मोबाइल एप्लिकेशनहरूको प्रयोग गरिएको छ । संकलित तथ्याङ्कहरूलाई एकत्रित गरि तथ्याङ्कमा रहेका त्रुटीहरू कर्णाली जल परियोजनाको सहयोग र समन्वयमा सच्याउने, सान्दर्भिक नरहेका तथ्याङ्कहरूलाई हटाउने कार्य गरिएको थियो। संकलित तथ्याङ्कहरूलाई वडास्तरमा प्रमाणिकरण गोष्ठी संचालन गरि छुटेका तथ्याङ्कहरू लिने र शुद्धीकरण गरिएको थियो। ९ वटै वडाहरूमा वडास्तरीय योजना तर्जुमा गोष्ठी संचालन मार्फत योजनाहरूको प्राथमिकीकरण पश्चात गाउँपालिकास्तरमा तथ्याङ्क प्रमाणीकरण र योजना तर्जुमा गोष्ठी संचालन गरिएको थियो ।

जल उपयोग गुरुयोजना निर्माणका लागि संकलन गरिएका तथ्याङ्कहरूलाई विभिन्न विधिहरू अपनाई विश्लेषण गरिएको छ। विश्लेषण गरिएका तथ्याङ्कहरूलाई गाउँपालिकामा उपलब्ध अन्य तथ्याङ्कहरूसँग तुलना गर्न का साथै भिडाएरसरोकारवालाहरू माझ गरिएका छलफल अन्तर्क्रिया पश्चात आवश्यक तालिका, ग्राफ, र अनुसूची राखी त्यसको ब्याख्यात्मक स्वरुपमा यो प्रतिवेदन तयार गरिएको छ। नरहरिनाथ

गाउँपालिकामा जल उपयोग गुरुयोजना निर्माणको क्रममा विभिन्न चरणहरूमा (१३ वटा खुड्किलाहरू) सम्पन्न गरिएका प्रकृयागत क्रियाकलापहरू निम्न अनुसार रहेका छन्।

- तयारी चरण अन्तर्गत कर्णाली जल परियोजना र सांझेदारहरू बीचको सम्झौता तथा अन्य तथ्याङ्क संकलनका औजार तथा विधिहरूको छनौट गरिएको थियो ।
- क्षमता विकास चरणमा १२ जना तथ्याङ्क संकलकहरूलाई NWASH/ DAI Collect KoBo सफ्टवेयर र तथ्याङ्क संकलन विधि सम्बन्धी तालिम संचालन गरिएको थियो।
- १३७ वटा समुदायस्तरका भेला/अनुशिक्षण सहभागीतात्मक तरिकाले सामाजिक तथा प्राविधिक तथ्याङ्कहरू संकलन गरिएको छ। तथ्याङ्कहरू संकलन गर्दा महिला तथा पछाडिपारिएका वर्गका मुद्दाहरू/सवालहरूको अध्ययन र विश्लेषण गरिएको थियो।
- ९ वटै वडाहरूमा वडास्तरमा समन्वय बैठक/अनुशिक्षण र २/२ दिन क्षमता विकास तालिमहरू सम्पन्न गरिएको छ र अनुशिक्षणमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणको विषयवस्तुहरू समावेश गरिएको थियो ।
- ९ वटै वडाहरूबाट छनौट गरिएका महिला तथा पछाडी पारिएको वर्गका व्यक्तिहरूका लागि जल अधिकार, योजना तर्जुमा, जल सुशासन आदि सम्बन्धी तालिम संचालन गरिएको थियो।
- गाउँपालिका स्तरमा १ पटक समन्वय बैठक र १ पटक योजना तर्जुमा गोष्ठी संचालन गरिएको थियो।

**मुख्य तथ्याङ्कहरू :**

- राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन अनुसार नरहरिनाथ नरहरिनाथ. गाउँपालिकाको कुल घरधुरी संख्या ४,२९० (https://cbs.gov.np) रहेको देखिन्छ भने हाल जल उपयोग गुरुयोजना निर्माणको क्रममा संकलन गरिएको तथ्याङ्क अनुसार कुल घरधुरी संख्या ४,६२५ र कुल जनसंख्या २७,२८९ रहेको देखिन्छ। कुल घरधुरी मध्य ७२.४३%(३३५०) घरधुरी ब्राह्मण/ठकुरी/क्षेत्री/सन्यासी, २७.३५% (१,२६५) घरधुरी दलित, ०.१३% (६) घरधुरी जनजाति र ०.०९% (४) नेवार घरधुरी रहेका छन्।
- नरहरिनाथ गाउँपालिकामा ठूला जलाधारको रुपमा कर्णाली नदि छ भने उप-जलाधारको रुपमा रहगार्ड खोला रहेका छन्। साथै बर्षाको समयमा पानी बहने खोलाहरू जस्तै घट्ट खोला, मुंग्राहा खोला, भेरागाड, धाचु खोला,बिरुने खोला, लाम्रा खोला, सक्टा खोला, अम्री खोला,साहिने खोला आदि रहेका छन्। खानेपानीका लागि मुख्य स्रोतको रुपमा सतही/मूलहरू मात्रै प्रयोग भएको देखिन्छन्।
- गाउँपालिकामा हाल विद्यमान खानेपानी योजना संख्या ९० वटा, निर्माणाधीन खानेपानी योजना १३ वटा र जल उपयोग गुरुयोजनामा प्रस्तावित खानेपानी योजना संख्या १११ वटा रहेका छन् । विद्यमान खानेपानी योजनाबाट हाल ३,२७४ (७१%) घरधुरीहरू लाभान्वित भएको देखिन्छ भने निर्माणाधीन १३ वटा योजनाहरूबाट ७५६ (१६%) घरधुरीहरूले खानेपानी सेवा प्राप्त गर्ने लक्ष्य लिईएको छ।
- विद्यमान ९० वटा खानेपानी आयोजनाहरू पानी सुरक्षा योजना निर्माण गरेको पाइदैन। त्यसकारण गाउँपालिकाले सवै योजनामा पानी सुरक्षा योजना निर्माण गरि लागु गर्न आवश्यक पहल गर्न पर्ने देखिन्छ।
- गाउँपालिकाको सरसफाइ तथा स्वच्छता अवस्था विश्लेषण गर्दा सवै घरधुरीहरूमा शौचालय रहेको छ। सर्वेक्षण गरिएका कुल ४३९ घरधुरीहरू मध्य करिब १०% घरधुरीहरूमा शौचालय नभएको

अवस्था छ भने ९०% घरधुरीहरूमा शौचालय उपलब्ध रहेको छ। शौचालय भएका घरधुरीहरू मध्य पनि ९०% घरधुरीहरूमा मात्रै सुधारिएको सुरक्षित शौचालय रहेको छ।

- नरहरिनाथ गाउँपालिकामा विद्यमान सिंचाइ योजनाहरू ८८ वटा रहेका छन् यि विद्यमान सिंचाइका आयोजनाहरू बाट गाउँपालिकाको कुल खेतियोग्य भू-भाग ५२,५२४ रोपनी मध्य करिब ११,४३९ रोपनी (२२%) जमिन सिंचित भईरहेको छ ।
- गाउँपालिकास्तरीय योजना तर्जुमा गोष्ठीमा गरिएको बृहत छलफल, क्षेत्रगत अन्तर विश्लेषण र निर्णय अनुसार २६ वटा नयाँ खानेपानी योजनाहरू, ८५ वटा मर्मत तर्फका खानेपानी योजनाहरू, ८८ वटा कुलो सिंचाइ योजनाहरू, १ वटा सरसफाइ तथा स्वच्छता, बाताबरण तथा पर्यावरण संरक्षण तर्फ ३७ वटा योजनाहरू र ४५ वटा सुधारिएका घट्ट (जलउर्जा) योजनाहरू प्रस्ताव गरिएका छन्।
- यसका साथै खानेपानी तथा सरसफाइ सम्बन्धी ऐन २०७९ मा दफा:३३ को उपदफा ४ र दफा: ३५ अनुसार लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवालहरूलाई आत्मसात गर्दै सरसफाइका लागि गरिब/अति विपन्न तथा पछाडी पारिएका समुदाय र घरधुरीहरूलाई अनुदान तथा खानेपानी महसुलमा छुटदिने व्यवस्था गरिएको छ।

माथिका मुख्य क्षेत्रगत योजनाहरूका साथ साथै ठोस फोहर व्यवस्थापनका, पूर्ण ससरसफाइ र स्वच्छताका क्रियाकलापहरू संचालन गर्ने निर्णय समेत गरिएका छन्। समग्रमा नरहरिनाथ गाउँपालिकाले नरहरिनाथ जल उपयोग गुरुयोजनाको सफल कार्यान्वयनका लागि गाउँपालिकामा कार्यरत विभिन्न सरकारी तथा गैर सरकारी निकाय/संघ संस्थाहरू सँग समन्वय, सहकार्य र साझेदारी गर्न सकेको खण्डमा प्रस्ताव गरिएका योजनाहरू ५ वर्ष भित्रै कार्यान्वयन गर्न सकिने र गाउँपालिकाको क्षेत्रगत परिकल्पना,लक्ष्य तथा उद्धेश्यहरू पुराहुने देखिन्छ।

# अध्याय -१ : परिचय

## १. १. पृष्ठभूमि

जलउपयोग गुरुयोजना जलस्रोत व्यवस्थापनका पक्षहरू जस्तै पानीका स्रोतहरू लगत तयार पार्ने, बिद्यमान प्रयोग र भबिष्यमा उपयोग गर्न सकिने क्षेत्रको पहिचानका साथसाथै स्रोतहरूको अवस्थाको खोज र विश्लेषण, समुदायहरूमा बिद्यमान पानीसंग सम्वन्धित योजनाहरूको अवस्था विश्लेषण र समग्र समुदायहरूको सुबिधा स्तर बर्गीकरण गरि भविष्यमा पानीका क्षेत्रमा आवश्यक सेवा विस्तार र सुदृढीकरणका लागि समुदायकै सहभागितामा तयार गरिने जलस्रोत क्षेत्रको आवधिक योजना जलउपयोग गुरुयोजना हो। कुनै निश्चित भूगोलमा जलस्रोतको उपयोग र व्यवस्थापनका सन्दर्भमा जलउपयोग गुरुयोजनाले एकिकृत जलस्रोत व्यवस्थापन सहितको स्पष्ट रुपरेखा प्रदान गर्दछ। जलउपयोग गुरुयोजनाले पानीको उपयोग र व्यवस्थापनका सन्दर्भमा एक समग्र, सहभागितामूलक र समावेशी योजना प्रक्रिया अवलम्बन सहित स्रोतहरूको न्यायोचित तथा समतामूलक वितरण गर्नका लागि बिद्यमान अवस्थाहरूको विश्लेषण सहित आगामी दिनमा स्रोतहरूको दिगो उपयोगका लागी गर्नुपर्ने क्रियाकलापहरू सहितको मार्गदर्शन गराउदछ। जलउपयोग गुरुयोजनामा उपलब्ध जलस्रोतहरूको विश्लेषण, लागत अनुमान, सहयोगी सरोकारवाला पहिचान गर्नुका साथै लगानी नीति, लक्ष्य, परिकल्पना समेत समेटिन्छ। गुरुयोजना समुदायको क्षमता विकास गर्न, स्रोतहरूको विवेकपूर्ण उपयोग गर्न, वातावरण संरक्षण गर्न, पानीको बहु उपयोग गर्न, जलस्रोत सम्बन्धी विबाद समाधान गर्नका साथै सुशासन कायम गरी संस्थागत क्षमता अभिबृद्धी गर्न समेतका लागि क्षेत्रगत योजना तर्जुमाको दिर्घकालिन औजार सहितको जलक्षेत्रको आवधिक योजनाको रुपमा अवलम्बन गर्ने गरिएको छ।

जलउपयोग गरुयोजनाले समुदायमा जलस्रोत व्यवस्थापन सम्वन्धि सवालहरू जस्तै पानीको पहुँच सम्बन्धी बिबादहरू, स्थानीय तहमा समन्वयात्मक योजनाको अभाव, घरायसी र कृषि दुवै प्रयोजनका लागि पानीको बढ्दो माग, पानीका स्रोतहरूमा भइरहेको निरन्तरको घटदो क्रम, बदलिदो जलवायुले पारेका असरहरू आदीलाई स्थानिय समुदाय र बिज्ञहरूको संलग्नतामा समाधान सहितका उपायहरूको खोजी गर्दछ भने समुदायस्तरमा समावेशी जल योजना तथा जलस्रोत व्यवस्थापन को स्थापना गर्ने, जलस्रोतको अधिकतम उपयोग सुनिश्चित गर्ने, पानी समान र न्यायोचित वितरण, पानीसंग जोडिएको पानी र प्राकृतिक स्रोतहरूको संरक्षणलाई बढावा दिने जस्ता उद्देश्यहरू लिएको हुन्छ।

उच्च संख्यामा गरिब र सीमान्तकृत समूहको बसोबास भएका क्षेत्रहरूलाई प्राथमिकता दिदै पानीका स्रोतहरूको संरक्षण व्यवस्थापनमा ,ति स्वच्छ खानेपानी तथा सरसफाइ समूहको सहभागिता सुनिश्चित गर्ने सवै समुदायको पहुँच, वितरण र योगदान सुनिश्चित गर्न गुरुयोजना प्रभावकारी औजारको रुपमा रहेको जल उपयोग गुरुयोजना कार्यान्वयका अभ्यासकर्ताहरूको अनुभव रहेको छ।

१९९२ मा रियो दि जेनरियोमा सम्पन्न संयुक्त राष्ट्रसंघ वातावरण र विकास सम्मेलनको एजेण्डा २१ मा एकिकृत जलस्रोत व्यवस्थापन सम्बन्धी अवधारणालाई अनुमोदन गरेको र उक्त सम्मेलनले एकिकृत जलस्रोतको सिद्धान्तका रूपमा निम्न बुँदाहरू पारित गरेको थियो।

- शुद्ध पानी सिमित र जोखिमपूर्ण अवस्थामा रहेको छ, जुन जिवन निर्वाह, विकास र वातावरणीय दृष्टीकोणले अत्यावश्यक छ।
- पानीको विकास र व्यवस्थापन सहभागीतात्मक विधिको आधारमा हुनु पर्छ, जसले सवै तहहरूमा उपभोक्ता, योजनाविद्, र नीति निर्मातालाई समाहित गर्दछ।
- पानीको व्यवस्था, व्यवस्थापन र संरक्षणमा महिलाहरूको भूमिका अपरिहार्य तथा महत्वपुर्ण हुन्छ। पानीका सवै प्रतिष्पर्धी उपयोगहरूको आर्थिक मुल्य हुन्छ र पानीलाई आर्थिक वस्तुको रुपमा मान्यता दिनु पर्दछ।

### १.१.१. जलस्रोत क्षेत्रका राष्ट्रिय नीति तथा कानूनी प्रावधानहरू

नेपालको संविधानको विभिन्न भाग तथा धाराहरूमा जलस्रोत क्षेत्र सम्बन्धी प्रावधानहरू रहेका छन्। जल उपयोग गुरुयोजना र जलस्रोत विकास सम्बन्धीत केहि प्रावधान निम्नानुसार रहेका छन्।

- मौलिक हकः धारा ३५ :" स्वास्थ्य सम्बन्धी हक : प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ"।
- मौलिक हकः धारा ५१" :राज्यका नीतिहरू, जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिदै जलस्रोतको बहुउपयोगी विकास गर्ने"।
- जल उत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्दै दिगो र भरपर्दो सिंचाइको विकास गर्ने।
- जनसाधारणमा वातावरणीय स्वच्छता सम्बन्धी चेतना बढाई औद्योगिक एंव भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनिकरण गर्दै वन, वन्यजन्तु, पंक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण, संवर्द्धन र दिगो उपयोग गर्ने।
- वातावरणीय सन्तुलनका लागि आवश्यक भूभागमा वन क्षेत्र कायम गर्ने।-
- प्रकृति, वातावरण वा जैविक विविधता मथि नकारात्मक असर परेको वा पर्न सक्ने अवस्थामा नकारात्मक वातावरणीय प्रभाव निर्मूल वा न्यून गर्ने उपयुक्त उपायहरू अवलम्वन गर्ने।
- स्थानीय तहको एकल अधिकारको सूची अनुसूची ८
- साझा अधिकार सूची ७ र ९
- यसका साथै खानेपानी तथा सरसफाइ सम्बन्धी ऐन २०८० मा दफा ३३ को उपदफा ४ र दफा ३५ अनुसार लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवालहरूलाई आत्मसात गर्दै सरसफाइका लागि गरिब अति विपन्न तथा पछाडी पारिएका समुदाय र घरधुरीहरूलाई अनुदान तथा खानेपानी महसुलमा छुट दिने व्यवस्था गरिएको छ। .
- त्यसै गरि पन्ध्रौँ योजनामा ४ १. **सोच** : स्वच्छ ,सर्वसुलभ र दिगो खानेपानी तथा सरसफाइ सेवा ,सुरक्षित , २ **लक्ष्य**.४ : सवैलाई आधारभूत स्तरको खानेपानी तथा सरसफाइ सेवाको पहुँच सुनिश्चित गर्दै गुणस्तरीय सेवा अभिबृद्धी गर्ने। ४.३ **उद्देश्य** : खानेपानी र सरसफाइ सेवाको प्रयाप्तसुरक्षित र सर्बसुलभ रुपमा , सबै नागरिकलाई आधारभुत स्तरको सरसफाइ सेवामा पहुँच ,उपलब्धताबाट जनस्वास्थ्यमा सुधार गर्नु ,मुत्र र फोहोर पानीको उचित व्यवस्थापन गरि वातावरणीय स्वच्छता कायम गर्नु-तथा मानव मल जलवायु परिवर्तन अनुकुल तथा विपद व्यवस्थापन मैत्री खानेपानी तथा सरसफाइ सेवा सुनिश्चित गर्नु ,

प्रादेशिक र स्थानीय तहको भूमिका सबलीकरण ,खानेपानी तथा सरसफाइको दिगो सेवा प्रभावमा संघीय गर्दै क्षमता अभिवृद्धि गर्नु।

- त्यसै गरि खानेपानी तथा सरसफाइ सम्बन्धमा व्यवस्था मिलाउने बनेको ऐन अन्तर्गत खानेपानी तथा सरसफाइको अधिकार, स्रोत तथा मूल संरक्षण, खानेपानी तथा सरसफाइ सेवाको संचालन तथा व्यवस्थापन, जिम्मेवारी तथा दायित्व, सेवा संचालन, योजनाको दिगो संचालन का लागि महसुल तथा सेवा शुल्क र खानेपानीको गुणस्तर र मापदण्डका लागि व्यक्ति, समुदाय र स्थानीय निकायको अधिकार, जिम्मेवारी तथा दायित्व रहने व्यवस्था गरिएको छ ।

माथि उल्लेखित संवैधानिक व्यवस्थाहरूले समेत स्थानीय तहहरूको पानी क्षेत्रको विकासका लागि निर्दिष्ट योजना बनाउनु पर्ने सैद्धान्तिक आधार निर्माण भएको देखिन्छ। स्थानीय सरकार संचालन ऐन, २०७४ मा समेत खानेपानी, सिंचाइ, वातावरणीय सवाल तथा उर्जा विकास जस्ता जलस्रोत क्षेत्रका सवालहरू सम्वोधन गर्न यथेष्ट व्यवस्था रहेको पाइन्छ। पानी क्षेत्रका निर्दिष्ट योजनाहरूको नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन जस्ता अधिकार स्पष्ट रुपमा स्थानीय सरकार संचालन ऐनमा रहेका छन्। यसैअनुरुप स्थानीय सरकारहरूले जलस्रोतको समष्टिगत विकासका लागि नीति निर्माण गरि आवधिक योजनाहरू मार्फत नागरिकका संबिधान प्रदत्त अधिकार सुनिश्चितता लागि समेत जल उपयोग गुरुयोजना एक सहयोगी औजारका रुपमा रहने देखिन्छ।

### १.१.२. एकिकृतजलस्रोत व्यवस्थापनका अवधारणा र सिद्धान्त हरू

पानी विकासको लागि एउटा रणनितिक प्राकृतिक स्रोत हो र देशको समग्र आर्थिक तथा सामाजिक विकासका लागि महत्वपूर्ण रहेको छ । पानीको समग्र उपयोग, जल जंगल र जमिनको एकिकृत सम्बन्ध, सामाजिक तथा आर्थिक विकास, तल्लो तटीय र माथिल्लो तटीय सम्बन्ध, समुदायको सहभागिता तथा पारम्परिक ज्ञानको उपयोग र संस्थागत विकासको समग्र पद्दति नै एकिकृत जलस्रोत व्यवस्थापन हो

एउटा जलाधार भित्रका पानीसँग सम्बन्धीत आवश्यकताहरू सँगसँगै सम्वोधन गर्ने, जलस्रोतका विविध पक्षहरू बीच सामञ्जस्यता कायम गर्ने र साथै पर्यावरणको सन्तुलन कायम गर्ने किसिमको समष्टिगत अवधारणालाई नै एकिकृत जलस्रोत व्यवस्थापन भन्ने गरिन्छ[1]। जलस्रोत विकासका विभिन्न क्षेत्रहरू जस्तैः खानेपानी, सिंचाइ, जलबिद्युत, वातावरण तथा पर्यावरण आदि सँगसँगै र एक अर्कालाई सहयोग पुर्‍याउने किसिमले लैजानु अर्थात समग्र जलाधार क्षेत्रको व्यवस्थापनका माध्यमबाट जलस्रोत क्षेत्रको विकास नै एकिकृत जलस्रोत व्यवस्थापन हो। एकिकृत जलस्रोत व्यवस्थापन अवधारणा अनुसार छरिएर रहेका स-साना जलभाग अथवा स्रोतहरूलाई संरक्षण र विवेकपूर्ण उपयोग तथा पानी, माटोपर वनस्प ति य स्रोतबीचको सामनजस्यता वा सह-सम्बन्ध लाई ध्यानमा राखितिस्रोत हरूको संरक्षण र विकासका लागि अपनाउनु पर्ने आवश्यक कामहरू को लेखाजोखागर्न हो।

सामाजिक समानता, आर्थिक सवाल र पर्यावरणीय दिगोपना एकिकृत जलस्रोत व्यवस्थापनका आधारभूत सिद्धान्तहरू रहेका छन् ।

[1] एशियाली विकास बैक (ADB) को सहयोगमा संचालित “जलाधार क्षेत्र व्यवस्थापन कार्यक्रम” अन्तर्गत तयार पारिएको “सहभागितामुलक एकिकृत जलाधार क्षेत्र व्यवस्थापन हाते पुस्तिका,२०७६

**सामाजिक समानता:** सवै प्रयोगकर्ताहरू का लागि ( विशेष गरि सीमान्तकृत र गरिब प्रयोगकर्ता समूहहरू) पर्याप्त मात्रामा र पानीको गुणस्तरमा समान पहुँच सुनिश्चितगर्न हो। पानीको प्रयो गबाट प्राप्त लाभहरूको लागि सवै प्रयोगकर्ताहरूको अधिकारलाई पनि पानीको बाँडफाँड गर्दा विचार गर्न आवश्यक छ।

**आर्थिक सवाल:** उपलब्ध वित्तीय र जल स्रोतहरूको सम्भावित प्रयोग गरी लाभ पुऱ्याउने र नरहरिनाथको लागि सवैभन्दा आर्थिक रूपमा उपयुक्त विकल्प चयन गर्न आवश्यक छ। नरहरिनाथले वर्तमान र भविष्यको पिढिको लागि सामाजिक र पर्यावरणीय लागत र लाभहरू विचार गर्न पर्छ।

**पारिस्थितिकीय दिगोपना:** समग्र जलाधार क्षेत्रको स्वास्थ्यको संभावित जोखिमहरूको व्यवस्थापन सहितको योजना तर्जुमाका लागि ध्यान पुऱ्याउनु पर्ने आवश्यकता छ।

एकिकृत जलस्रोत व्यवस्थापनका सम्बन्धमा तल उल्लेखित डबलिनका सिद्धान्तहरू जल उपयोग गुरुयोजना तर्जुमाका लागि अत्यन्तै आवश्वयक रहेका छन्।

**सिद्धान्त १ :** शुद्ध पानी सिमित जोखिमयुक्त स्रोत हो जुन बाँच्न, विकास गर्न तथा वातावरणको लागि अत्यावश्यक छ।


**सिद्धान्त २ :** पानीको विकास र व्यवस्थापन सहभागीतात्मक विधिको आधारमा हुनु पर्छ जसले उपभोक्ता, योजनाविद् , नीति निर्मातालाई समाहित गर्दछ।

**सिद्धान्त ३ :** पानीको सुरक्षात्मक व्यवस्थापनमा महिलाहरूको अपरिहार्य तथा महत्वपुर्ण भूमिका हुन्छ।

**सिद्धान्त ४ :** पानी सामुदायिक वस्तु हो तर नरहरिनाथको उच्च आर्थिक महत्व पनि छ।

### १.१.३. दिगो विकास लक्ष्य

सन् २०१५ मा संयुक्त राष्ट्र संघको साधारण सभाबाट अनुमोदन गरिएका १७ वटा दिगो विकास लक्ष्य १५ वर्षमा पुरा गर्न विश्वब्यापी रुपमा १६९ वटा परिमाणात्मक लक्ष्य निर्धारण गरि नरहरिनाथको प्रगति मुल्याँकन गर्न २३२ सूचकहरू पनि तयार गरिएका छन्। यसै गरि नेपालमा ति १७ वटा लक्ष्य पुर्तिका निम्ति ४८० वटा सूचकहरू निर्धारित गरिएका छन्। नरहरिनाथ मा निर्धारण गरिएका १७ वटा लक्ष्यहरू एक आपसमा अन्तर-सम्बन्धीत छन्।




चित्र 1: दिगो विकास लक्ष्यका आयाम

यसै गरि दिगो विकास लक्ष्य ६- खानेपानी सरसफाइ तथा स्वच्छता व्यवस्थापनका साथै एकिकृतजलस्रोत व्यवस्थापनका क्षेत्रमा सन् २०३० सम्ममा के के उपलब्धि हासिल हुनुपर्ने भन्ने आधारमा तय गरिएको छ। दिगो विकास लक्ष्यको लक्ष्य नं ६ . ले खानेपानी तथा सरसफाइ सम्बन्धमा दिशानिर्देश गरेको छ। अन्तराष्ट्रिय स्तरमा नेपालले समेत प्रतिवद्धताजाहेर गरेको दिगो विकास लक्ष्य हासिलगर्न स्थानीय सरकारको समेत कर्तव्य हुन आउछ । नरहरिनाथ परिवेशमा दिगो विकास लक्ष्य हासिल गर्न स्थानीय सरकारहरूले प्रकृयागत विकासमा ध्यान पुऱ्याउनु पर्ने देखिन्छ। जलस्रोत

क्षेत्रको समष्टिगत विकासका लागि उपलब्ध कानूनी प्रवन्ध तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धताहरू हासिल गर्न जल उपयोग  गुरुयोजना निर्माणको औचित्य अझै बढी पुष्टी हुन्छ।

दिगो विकास लक्ष्यसूचक - ६ को समग्र सूचक के रहेको छ भने सन् २०३० सम्ममा सवैका लागि खानेपानी तथा सरसफाइमा सुनिश्चित गर्ने ।  विशिष्ट सूचकहरू निम्न रहेका छन्।

- सवैका लागि सुरक्षित तथा खर्चले धान्न सक्ने मूल्यमा पिउने पानीमा सर्वसुलभ तथा समतामूलक पहुँच हासिल गर्ने।
- सवैका लागि पर्याप्त तथा समतामूलक सरसफाइ र स्वच्छतामा पहुँच हासिल गर्ने र खुला ठाउँमा दिसा गर्ने चलनको अन्त्य गर्ने। पानी तथा सरसफाइ व्यवस्थापनको सुधारका लागि स्थानीय समुदायहरूको सहभागितालाई साथ दिई त्यसलाई अझ सबल बनाउने।

दिगो विकास लक्ष्यहरूमा उल्लेखित लक्ष्य र नेपालले अन्तराष्ट्रिय क्षेत्रमा गरिएका प्रतिबद्दताहरू हासिल गर्न क्षेत्रगत विकास योजन (२०१६-२०३०) तर्जुमा भएको छ। क्षेत्रगत विकास योजना खानेपानी  सरसफाइ स्वच्छताका क्षेत्रमा निम्नानुसार अवधि र लक्ष्य हरूलिईएको छ।

- तत्कालीन चरण (२०१६ -२०२० ई) सवैको आधारभूत सेवा "वाश"हरू मा पहुँचसेवाको स्तरमा सुधार (मध्यम २५%  र उच्चमा १५%)
- मध्यकालीन चरण ( २०२१ -२०२५ .ई)- %सेवाको स्तरमा सुधार मध्यम ४०उच्च ३०जन संख्या % कार्यदक्षता र दिगोपनमा सुधार
- दीर्घकालीन चरण ( २०२६-२०३०  सेवाको स्तरमा सुधार :( मध्यम ५० % र उच्च  ५०% जनसंख्या
    - ) प्रभाव लेखाजोखा,
- दिगो विकास लक्ष्य हासिल गर्न नेपाल सरकार खानेपानी  मन्त्रालय, खानेपानी तथा ढल व्यवस्थापन विभागले खानेपानी क्षेत्र विकास योजना २०१५ -२०३० तयार पारी कार्यान्वयन गर्दै आइरहेको छ।
- यसका साथै खानेपानी तथा ढल व्यवस्थापन विभाग अन्तर्गत खानेपानी तथा सरसफाइको  को अवस्था पहिचान गर्न  एन. वाश. एप्लिकेशन प्रयोग गरि तथ्यांक संकलन गर्ने र त्यसका अधारमा खानेपानी तथा सरसफाई योजना तर्जुमा गर्ने प्रकृया को सुरुवात गरेको छ।
- साथै हाल सम्म विभिन्न प्रकारका योजना अन्तर्गत खानेपानीमा ९३% जनसंख्या को पंहुच रहेको छ र  आगामी वर्षको नीति, कार्यक्रम तथा बजेट मार्फत आगामी वर्षमा  ९८% पुरयाउने लक्ष्य लिएको छ ।
- खानेपानी सरसफाइमा  सवैको पहुँच सुनिश्चित  गर्न एक घर एक धारा प्रणाली लागु गरेको छ ।
- नेपाल सरकारले विभिन्न दात्रीनिकायसँग साझेदारी गरि स्थानीय निकाय को नेतृत्वमा समुदाय स्तरमा खानेपानी तथा सरसफाइ  योजना लगायत अन्य क्षेत्रको योजना तर्जुमा र कार्यान्वयन गर्दै आइरहेको छ ।




चित्र 2 : दिगो विकासका लक्ष्यहरू

### १.१.४.अन्तरक्षेत्रीय सवालहरू

### लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

जल उपयोग गुरुयोजना स्थानीय समुदायको सहभागितामा निर्माण हुने हुदा पानी सँग प्रत्यक्ष सरोकार राख्ने लिङ्ग, वर्ग र समुदायको आवश्यकता र चाहनामा आधारित हुने गर्दछ। नेपाल सरकारले बि.सं. २०७४ सम्ममा सवै नेपाली जनतालाई आधारभूत खानेपानी र सरसफाइ सेवा उपलब्ध गराउने राष्ट्रिय लक्ष्य हासिल गर्ने तर्फ अग्रसर रहेको थियो। सोहि अनुरुप नरहरिनाथ गाउँपालिकाको लागि खानेपानी वितरण र उपभोग प्रकृयालाई न्यायोचीत र समावेशी बनाउन हेल्भटासले जल उपयोग गुरुयोजना निर्माण पश्चात स्थानीय तहको समन्वय तथा खानेपानी उपभोक्ताहरूको सहभागिता तथा सहकार्यमा खानेपानी आयोजना निर्माणमा

सहयोग पुरयाउँदै आएको पाईन्छ। पानीको घरायसी प्रयोगमा महिलाहरू नै पानीसँग बढी संलग्न हुने हुदा खानेपानीको स्रोत पहिचान, स्रोत छन्ौट देखि योजना तर्जुमाका चरणहरूमा जल उपयोग गुरु योजनाले महिलाहरूको उल्लेख्य सहभागिता गराउने गर्दछ। त्यस्तै अपांगता भएका व्यक्तिहरूको खानेपानी र सरसफाइ जस्ता आधारभूत सेवाहरूमा पहुँच बढाउन तथा अपांगतामैत्री अवधारणाको विकासका लागि उनीहरूको जल उपयोग गुरुयोजना निर्माणका हरेक चरणमा सहभागिता सुनिश्चित गर्दछ। हाम्रो देशको परिवेशमा जलस्रोतको पहुँच र नियन्त्रणमा लैङ्गिकताका आधारमा छाउपडी र जातिय भेदभावबाट प्रायः महिला बालबालिका र सिमान्तकृत समूहका सदस्यहरू बढी प्रभावित भएको देखिन्छ। पानीको स्रोतको संरक्षण, पिउने पानी घर नजिक उपलब्ध हुदा र निर्णय गर्ने तहमा महिला तथा सीमान्तकृत समूहको सहभागिताले उनीहरूको समयको बचत, लैङ्गिक हिंसाको जोखिम, शोषण र नकारात्मक परिणामहरू कम गर्न मद्धत गर्दछ साथै समुदायको जीविकोपार्जन प्रत्यक्ष रुपमा पानीसँग जोडिएको हुने हुदा त्यस्ता विपन्न वर्गहरूको सहभागिता जस्ता लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवालहरूलाई जल उपयोग गुरुयोजना निर्माण र तत् पश्चातका कार्यान्वियन प्रकृयामा समेटेको हुन्छ।

**जलवायु परिवर्तन अनुकुलन तथा विपद जोखिम व्यवस्थापन**

जलवायु परिवर्तनले गर्दा नेपालमा औसत पानी पर्ने समयमा घटबढ भइरहेको हुदा जलस्रोतहरूमा पानीको बहाव घट्दै गईरहेको र त्यसले प्रत्यक्ष रुपमा समुदायको खानेपानी आपूर्ति, सिंचाइ लगायत जीविकोपार्जनमा नकारात्मक प्रभाव पारेको छ। नरहरिनाथ गाउँपालिकामा विभिन्न किसिमका प्रकोपहरू प्राकृतिक प्रकोपहरू मुख्यतः बाढी, पहिरो, भूकम्प जस्ता ले खानेपानी तथा सिंचाइका लागि प्रयोग भएका पानीक, मुहानहरू पुरिने, सुक्ने, हराउने र भासिने गरेको हुदा नरहरिनाथ गाउँपालिकाले एकातिर समुदायको खानेपानी तथा जीविकोपार्जनका लागि आवश्यक पानीको अभाव भइरहेको छ भने अर्कोतिर खानेपानीअभाव सिंचाइ तथा जलस्रोत व्यवस्थापनका लागि निर्मित संरचनाहरूको दिगोपना र सुचारुपनामा असर पुरयाइरहेको हुदा यस्ता समस्याहरूको न्यूनीकरणका लागि जल उपयोग गुरुयोजनाले समुदायको क्षमता अभिवृद्धि गरि जलवायु परिवर्तन अनुकुलित र प्रकोपहरू आइपर्दा पनि जोखिम कमहुने हिसाबले गरिने योजना तर्जुमालाई महत्व दिएको छ।

## १. २. जल उपयोग गुरुयोजनाका उद्देश्य र क्षेत्र

### १.२.१. जल उपयोग गुरुयोजनाका उद्देश्यहरू

जल उपयोग गुरुयोजनाको उद्देश्य स्थानीय स्तरमा जलस्रोतको प्रभावकारी, समानुपातिक, पारदर्शी र दक्ष रुपले पानीको बहु-उपयोग गर्न एकिकृत योजनाको विकास गर्न हो । नरहरिनाथ गाउँपालिकाले तयार गरेको जल उपयोग गुरुयोजनाले स्थानीय सरकार र मातहतका जलाधार क्षेत्रहरू भित्रका कुनै निश्चित समुदाय वा समुदायहरू बीचमा जलस्रोतको सही उपयोग, समानुपातिक वितरण तथा बाँडफाँड मार्फत दिगो रुपमा सवै प्रकारका आवश्यकताहरू पुरा गर्न सुनिश्चितता प्रदान गर्दछ। यसका साथै स्थानीय सरकार, समुदाय र पछाडी पारिएका समुदायको क्षमता विकास गरि उनीहरूको पहुँच , अपनत्व र पूर्ण सहभागिता गराएर पानीको अधि कतम उपयोग र दिगोपनको सुनिश्चित गर्न पनि नरहरिनाथको प्रमुख उद्देश्य रहेको छ ।

**जल उपयोग  गुरुयोजनाका विशिष्ट उद्देश्यहरू यस प्रकार छन्;**

- सम्बन्धीत भूगोल भित्रको जलस्रोतसँग सम्बन्धीत सूचना तथा सुविधाहरू पहिचान गर्ने।
- पानीका उपलब्ध सवै स्रोतहरूको विश्लेषण गरि स्रोतहरूको समतामूलक विवेकपूर्ण ,प्रयोग र दिगोपनाको सुनिश्चितता गर्नका साथै साथै योजना प्रति अपनत्वको भावनाको विकास गरि निर्मित संरचनाहरूलाई दीर्घकालीन बनाउन मद्धत गर्ने।
- जलस्रोतहरूको बहुउपयोग गर्नको लागि अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना तर्जुमा गरि नरहरिनाथ क्षेत्रमा दीर्घकालीन लगानी प्राप्त गर्ने।
- वातावरणीय दिगोपनाको साथै जल सम्बन्धीत भौतिक पुर्वाधारहरू र तिनको दिगो व्यवस्थापनको लागि संस्थागत र वित्तीय व्यवस्थापन सुनिश्चित गर्ने।
- जलस्रोत क्षेत्रको लगानी नीति तथा दुरदृष्टी निर्माण गरि लक्ष्य हासिल गर्न आन्तरिक तथा बाह्य स्रोत तथा सरोकारवाला पहिचान गर्ने।
- गाउँपालिका स्तरका जलस्रोत र यससँग सम्बन्धीत प्राकृतिक स्रोतहरूको संरक्षण गर्न ,सरसफाइ र स्वच्छता प्रवर्द्धन आदिमा सरोकारवालाहरूको क्षमता विकास गर्ने।
- जलस्रोत, सरसफाइ र स्वच्छताको क्षेत्रमा पारदर्शीता, सहभागिता र जवाफदेहिताको अभ्यासको माध्यमबाट सुशासन प्रवर्धन गर्ने।
- जलाधार तथा उपजलाधार क्षेत्र भित्र पर्ने पानीका स्रोतहरूको संरक्षणमा बढावा दिदै पानीको पुनर्भरण, पुनर्धारण र पुनर्उपयोग तथा वातावरणीय स्वच्छताका पक्षहरूमा सम्बन्धीत सरोकारवालाहरूको क्षमता विकास तथा सचेतिकरण गर्ने।
- जलस्रोत, सरसफाइ र स्वच्छता सम्बन्धी सेवाहरूको उपयोगबाट प्राप्त हुने लाभहरूमा समतामूलक पहुँचका साथै जलस्रोतको न्यायोचित बाँडफाँड सुनिश्चित गर्ने।
- पानीसँग सम्बन्धीत योजना तर्जुमा, क्षमता विकास र कार्यान्वयनका हरेक पक्षमा महिला तथा अन्य सीमान्तकृत समूहहरूको समतामूलक सामाजिक तथा आर्थिक विकासलाई प्रवर्धन गर्ने।

### १.२.२. जल उपयोग  गुरुयोजनाले समेटने क्षेत्रहरू


कुनै निश्चित क्षेत्र भित्र अवस्थित पानीका स्रोतहरू (पृथ्वीको सतह माथि वा सतहका वा सतह भित्रका) को व्यवस्थापनगरि दिगो उपयोग गर्न गुरुयोजनाले समेट्ने क्षेत्रहरूलाई जलस्रोत व्यवस्थापन कुर्सीका माध्यमबाट ब्याख्या गर्ने गरिन्छ।

**जलस्रोत व्यवस्थापन कुर्सी :-** जल उपयोग  गुरुयोजनालाई विद्यमान कानूनी प्रावधानहरू अनुसार निर्माण गर्न तथा गुरुयोजना तयारीलाई सहज बनाउनुका साथै योजना निर्माण प्रकृयालाई व्यवस्थित रुपमा संचालन गर्नका लागि जल उपयोग  व्यवस्थापन कुर्सीको अवधारणालाई अवलम्वन गरिएको छ । यो अवधारणा सरोकारवालाहरूको बुझाईमा एकरुपता ल्याउन निकै प्रभावशाली औजारका रुपमा रहेको छ । जलस्रोत व्यवस्थापन कुर्सीले औल्याएका र गुरुयोजनाले समट्ने ४ (चार) वटा क्षेत्रहरूको चर्चा तल गरिएको छ ।

**खानेपानी तथा सरसफाइ:-** खानेपानीका योजनाहरू (नयाँ, मर्मत, पुननिर्माण सेवा विस्तार र वर्षातको पानी आदि),स्रोत सुधार तथा संरक्षण, स्वच्छता, सरसफाइ र चर्पी निर्माण, व्यक्तिगत, घरेलु तथा वातावरणीय

सरसफाइ खुला दिसा मुक्त तथा पूर्ण सरसफाइ योजना र योजनाहरूको संचालन तथा मर्मत सम्भार रणनीति आदि ।

**सिंचाइ तथा निकास:-** परम्परागत कुलो सिंचाइ योजना र लघु तथा आधुनिक पोखरी सिंचाइ योजनाहरू र ढल निकास। परम्परागत सिंचाइ (कुलो, नहर) प्रणाली हालको सिंचाइ प्रणालीहरूको मर्मत सम्भार तथा पुनःनिर्माण आदि।आधुनिक सिंचाइ (फोहरा सिंचाइ, थोपा सिंचाइ, पोखरी) करेसाबारीको लागि लघु सिंचाइ, खेर जाने पानीको उचित निकास तथा करेसावारी व्यवस्थापनमा प्रयोग आदि,।
**वातावरण तथा पर्यावरण:** स्रोत सुधार तथा संरक्षण, स्रोतहरूको पुन:भरण , पुन:धारण र पुन:उपयोग क्रियाकलापहरू, वर्षातको पानी संकलन, विभिन्न पोखरीहरू निर्माण तथा (मनोरञ्जनात्मक र धार्मिक, माछापोखरी, आहाल), वन व्यवस्थापन, चरन क्षेत्रहरूको व्यवस्थित विकास, पाखो तथा गह्रा सुधार, नदी नियन्त्रण, पहिरो नियन्त्रण, वातावरणीय सरसफाइ आदि,।
**जलशक्ति र अन्य :**परम्परागत तथा सुधारिएको पानीघट्ट, साना जलबिद्युत उत्पादन आदि। पानीमिल, सुधारिएको घट्ट, घरेलु उद्योगका लागि पानी, लघु जलबिद्युत योजना, माछा पोखरी, जनावरका लागि पानी, धार्मिक प्रयोजनका एवं जलक्रिडास्थलका लागि पानी, उन्नत स्तरको जीविकोपार्जन लघुवित्त विकास (सामुदायिक संस्था र सहकारी, आदि)।




चित्र 3: जल उपयोग गुरुयोजना तथा जलस्रोत व्यवस्थापन कुर्सी

माथि उल्लेखित मुख्य क्षेत्र बाहेक पनि गुरुयोजनाको समग्र निर्माण चरणले तपसिलका बिषयवस्तु समेटेको हुन्छ।

- जलवायु परिवर्तन अनुकुलन, विपद जोखिम व्यवस्थापनका लागि पानीका स्रोतहरूको पुन:भरण , पुन:धारण र पुनः प्रयोग।
- सरोकार वालाहरूको छलफलको थलो: जलस्रोतहरूको समष्टिगत प्रयोगमा उत्पन्न हुन सक्ने विवाद न्यूनिकरणजलाधार क्षेत्र ,हरू बीचको पारस्परिक सम्बन्ध , पानीको उपयोगितामा पानीका उपयोगका क्षेत्र हरूको प्राथमिकता,आदि।
- टेवा तथा क्षमता अभिबृद्धीसमुदाय ,स्थानीय तहहरूको आन्तरिक तथा बाह्य स्रोत साधनको जन ,परिचालन सहभागिताका पक्षहरू ,राजनैतिक क्षेत्रको प्रतिवद्धता ,कानूनी विषयहरूको सचेतिकरण, स्थानीय स्रोत साधनहरू को समग्र विश्लेषण र स्थानीय समुदायहरूको क्षमता विकास आदि।
- समग्रमा स्थानीय सरकारहरूले आफ्नो योजना तर्जुमाकार्यान्वयन र मुल्याङ्कन गर्दा साथै स्रोत , साधन जुटाउन र सरोकारवालाहरूलाई छलफल र लगानीको वातावरण बनाउन जलस्रोत व्यवस्थापन कुर्सीलाई सहज औजारको रुपमा प्रयोग गर्न सक्दछन्।

## १.३. जल उपयोग गुरुयोजना निर्माणमा अपनाइएका पद्दतिहरू

### १.३.१. स्थानीय तहका विद्यमानरणनीतिक योजना हरू कोसमीक्षा

नरहरिनाथ गाउँपालिकाको खानेपानीसरसफाइ तथा , स्वच्छता क्षेत्रको क्षेत्रगत योजना तथा नीतिहरू बनेको देखिदैन। हाल वास प्लान निर्माण र जल उपयोग गुरुयोजनाको अध्यावधिमा नरहरिनाथ गाउँपालिकाको सवै बस्तिहरूमा छलफल गरि NWASH MIS Apps बाट बासप्लान निर्माण गरि जल उपयोग गुरुयोजनाको अद्यावधिक लागि आवश्यक पर्ने तथ्याङ्कहरू संकलन र प्रविष्टि गरिएको छ। यसका साथै गाउँपालिकाले तपशिलका नीति , कार्यविधि तथा योजनाहरूनिर्माण गरेको देखिन्छ।

तालिका 1: गाउँ पालिकाले तयार गरेका विभिन्न नीतिनियम तथा कार्यविधिहरू

| गाउँपालिकाले निर्माण गरेका ऐन/नीति, कार्यविधि तथा योजनाहरू | कार्यान्वयनको अवस्था |
|---|---|
| स्थानीय तहको उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७५ | कार्यान्वयनमा रहेको |
| वातावरण संरक्षण तथा व्यवस्थापन कार्यविधि २०७५ | कार्यान्वयनमा रहेको |
| मर्मत सम्भार कार्यविधि २०७५ | कार्यान्वयनमा रहेको |
| बिषय वस्तु विवरण २०७४ | कार्यान्वयनमा रहेको |
| विनियोजन ऐन २०७५ | कार्यान्वयनमा रहेको |
| नरहरिनाथ गाउँपालिकाको स्वास्थ्य सेवा ऐन २०७४ | कार्यान्वयनमा रहेको |
| नरहरिनाथ गाउँपालिका गाउँ कार्यपालिका कार्यविभाजन नियमावलि २०७४ | कार्यान्वयनमा रहेको |
| नरहरिनाथको राजपत्र २०७५ | कार्यान्वयनमा रहेको |

***स्रोत :****नरहरिनाथ गाउँपालिकाको वेबसाइट,(* ***https://naraharinathmun.gov.np****)*

माथि उल्लेख गरिए अनुसारका केहि ऐन, , कार्यविधि तथा योजनाहरूको निर्माण गरिएको भएतापनि नरहरिनाथ गाउँपालिकामा पूर्ण रुपमा कार्यान्वयन हुन सकेको देखिदैन। साथै खानेपानी  सरसफाइ तथा स्वच्छता प्रवर्धनका लागि प्रत्यक्ष रुपमा सहयोग पुऱ्याउने नीति तथा रणनीतिहरू जस्तै: खानेपानी तथा सरसफाइ रणनीति, पूर्ण सरसफाइ रणनीतिहरू  देखिदैन।  नरहरिनाथ गाउँपालिकाको अब निर्माण हुने खानेपानी  सरसफाइ तथा स्वच्छता योजना, जल उपयोग  गुरुयोजनाको अध्यावधीले   गाउँ पालिकाको लागि क्षेत्रगत योजना तर्जुमा गर्न कोशेढुंगा साबित हुने अपेक्षा गरिएको छ।

### १.३.२. रणनीतिक योजनाहरूको एकीकरण

जल उपयोग  गुरुयोजना तयारीका लागि गाउँपालिकामा तर्जुमा गरिएका जलस्रोतसँग सम्बन्धीत ऐन, नीति, नियम र योजनाहरूको अध्ययन, विश्लेषण र उपलब्ध तथ्याङ्कहरूको एकिकरण गर्ने कार्य गरिएको छ। गाउँपालिकाको WASH योजना, गाउँपालिकाको  पार्श्वचित्र, विभिन्न विषयगत शाखाका तथ्याङ्कहरूका साथै सरोकारवाला निकायहरूको तथ्याङ्कहरूलाई समेतलाई समायोजन गरि गुरुयोजनाको अन्तिम प्रारुप तयार गरिएको छ। जल उपयोग  गुरुयोजना तयार गर्दा गाउँपालिकामा उपलब्ध तथ्याङ्कहरूका अतिरिक्त आवश्यक अन्य तथ्याङ्कहरू सामाजिक तथा प्राविधिक सर्वेक्षण, सर्वेक्षणका क्रममा गरिएका भेला, अन्तरक्रिया, लक्षीत समूह/समुदाय भेटघाटमा आधारित भई प्रचलित ऐन कानूनहरूलाई समेत ध्यानमा राख्दै योजनाहरू तर्जुमा गरिएका छन्।

### १.३.३. जल उपयोग  गुरुयोजना तयारी प्रकृया र चरणहरू

जल उपयोग  गुरुयोजनाको अन्तिम प्रतिवेदन गाउँपालिका स्तरमा गरिएका श्रृंखलावद्ध क्रियाकलापहरूको नतिजा हो। गुरुयोजना तयारीमा गरिएका क्रियाकलापहरूमा गाउँपालिकाकामा तर्जुमा गरिएका क्षेत्रगत रणनीति तथा योजनाहरू अध्ययन, गाउँपालिकाको वस्तुस्थिति अवलोकन, समुदाय स्तरमा गरिएका सर्वेक्षण, अन्तर्क्रिया, जनचेतना तथा क्षमता विकास निश्चित समुदाय तथा जानिफकार भेटघाट, संस्थागत क्षमता विकासका कार्यहरू तथा तथ्याङ्क प्रमाणीकरण तथा योजना तर्जुमा गोष्ठीहरू पर्दछन्। गुरुयोजना तयारी कार्यलाई एकरुप बनाउन तथा यस कार्यमा समुदायको सहभागिता सुनिश्चित गर्न चरणवद्ध कार्यपद्धति निर्माण गरि कार्यान्वयनमा ल्याईएको छ। यस प्रकृयामा निम्न अनुसारका पाँचवटा चरण अन्तर्गत चित्र -२ अनुसार १३ वटा खुड्किलामा आधारित रही जल उपयोग  गुरुयोजनाको कार्य सम्पादन गरिएको थियो।

### तयारी तथा पुर्व योजना तर्जुमा चरण

जल उपयोग  गुरुयोजनाको प्रारम्भिक चरण भित्र स्थानीय तह (गाउँपालिका र वडा)  को आवश्यकता, उत्सुकता, लगानी प्रतिवद्धता आदिमा आधारित भई गाउँपालिका छनौट गर्ने लगायत सेवा प्रदायक संस्था र व्यक्तिहरू छनौट तथा तालिम लगातयका क्रियाकलापहरू संचालन गरिएका थिए।




चित्र 4: जल उपयोग गुरुयोजना निर्माणका: चरणहरू

तयारी चरणमा युएसएआइडी कर्णाली जल परियोजनाले NWASH र जल उपयोग  गुरुयोजना निर्माण (DAI Collect KoBo)  सम्बन्धी ३ दिने प्रशिक्षक प्रशिक्षण तालिम आयोजना गरेको थियो। उक्त प्रशिक्षक प्रशिक्षण तालिममा साँझेदार संस्थाहरूबाट गुरुयोजना निर्माण लक्ष्य राखिएका स्थानीय तहहरूका लागि ११ जना सहभागी भएका थिए। सहभागीहरूको विवरण निम्न तालिका अनुसार रहेको छ।

तालिका २: प्रशिक्षक प्रशिक्षणमा सहभागी विवरण

| जम्मा सहभागी | लिङ्ग अनुसार | | | जातजाति अनुसार सहभागी विवरण | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | अन्य | ब्राम्हण/ठकुरी/क्षेत्रीसन्यासी/ | दलित | जनजाति | नेवार | मुस्लिम | अन्य |
| ११ | ३ | ८ | ० | १० | ० | ० | १ | ० | ० |

*स्रोत :जल उपयोग  गुरुयोजना, तथ्यांक संकलक तालिम विवरण, २०८०*

## क्षमता विकास चरण

जल उपयोग  गुरुयोजना तयारीका सम्पुर्ण कार्यहरूको अगुवाई तथा नेतृत्व गाउँपालिकाबाट गर्न पर्ने भएकाले यस चरणमा जल उपयोग  गुरुयोजना तयारीका लागि स्थानीय स्तरमा विभिन्न सरोकारवालाहरूको क्षमता विकास गर्ने कार्यहरू गरिएका थिए। जस अन्तरगत गाउँपालिका स्तरमा जल उपयोग  गुरुयोजना सम्बन्धी परामर्श गोष्ठी तथा अभिमुखिकरण, ९ वटै वडाहरूमा वडास्तरीय जल उपयोग  गुरुयोजना तयारी प्रकृया सम्बन्धी परामर्श बैठक र अभिमुखिकरण गोष्ठी, वडा तहमा दलित, महिला तथा पछाडि पारिएका वर्गहरूको लागि क्षमता विकास तालिम, उपजलाधार स्त-रीय गुरुयोजना तथ्याङ्क संकलनमा समन्वय र सहयोग गर्न स्वयम्सेवी सहजकर्ता छनोट, विभिन्न प्राविधिक समितिहरू गठन तथा अभिमुखिकरण बैठक र अन्तरक्रिया आदि क्रियाकलापहरू संचालन गरिएका थिए। यो चरणमा अध्ययन चरणमा सम्पादन गरिने क्रियाकलापहरू सम्बन्धी विस्तृत कार्ययोजना समेत तयार गरिएको थियो।

नरहरिनाथ गाउँपालिकामा जल उपयोग  गुरुयोजना निर्माणको क्रममा विभिन्न क्षमता विकासका क्रियाकलापहरू संचालन गरिएका छन्। तथ्याङ्क संकलनका लागि परिचालन हुने गणकहरूका लागि NWASH तथा DAI Collect KoBo एप्लिकेशन प्रयोग सम्बन्धी तालिम वडा तथा ,गाउँपालिकास्तरमा जनप्रतिनिधिहरू  ,समाजसेवी ,स्थानीय बुद्दिजिबि गाउँपालिका स्तरमा क्रियाशील राजनीतिक दलका प्रतिनिधिहरू सहितको उपस्थितिमा क्षमता विकासका विभिन्न क्रियाकलापहरू संचालन गरिएका थिए। जलस्रोतको न्यायिक बाँडफाँड , जलस्रोत सम्बन्धी विद्यमान कानूनहरूको जानकारीका साथै जलस्रोतहरूमा समान अधिकार र पहुँचका लागि महिला तथा पछाडी पारिएका वर्गका प्रतिनिधिहरूका लागि समेत क्षमता अभिवृद्धि सम्बन्धी २ दिने तालिम संचालन गरिएको थियो। जल उपयोग  गुरुयोजना निर्माणको क्रममा नरहरिनाथ गाउँपालिकामा संचालन गरिएका क्षमता विकास सम्बन्धी क्रियाकलापहरूका सहभागीहरूको लैङ्गिक र जातिय विवरण तालिका३ मा प्रस्तुत गरिएको छ।-

तालिका 2: क्षमता विकास सम्बन्धी तालिमका सहभागीहरूको लैङ्गिक र जातिगत विवरण

| मिति | सम्पन क्रियाकलापहरू | पुरुष | महिला | ब्राह्मण/क्षेत्री/ठकुरी/सन्यासी | दलित | जनजाति | नेवार | मुस्लिम | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|
| ७-९ बैशाख २०८० | गणकहरूलाई NWASH र WUMPको तथ्याङ्क संकलनतालिम | ८ | २ | १० | ० | ० | ० | ० | ० |
| १३ बैशाख २०८० | गाउँपालिका स्तरीय समन्वय गोष्ठी | २१ | ७ | २२ | ५ | ० | १ | ० | ० |
| १४-२६ बैशाख २०८० | वडा स्तरीय समन्वय गोष्ठी | ११९ | ७४ | १४३ | ० | ० | ५० | ० | ० |
| १५-२७ बैशाख २०८० | लक्षीत वर्गलाई क्षमता विकास तालिम | ६६ | १४३ | १२९ | ० | ० | ८० | ० | ० |
| १५-२७ बैशाख २०८० | वडा स्तरीय क्षमता विकास तालिम | १०० | ८८ | १२३ | ३ | ० | ६२ | ० | ० |
| जम्मा: | | ३०६ | ३१२ | ४१७ | ८ | ० | १९३ | ० | ० |

*स्रोत :जल उपयोग गुरुयोजना, क्षमता विकासका क्रियाकलापहरू, २०८०*

## सूचना संकलन अध्ययन चरण

यस चरणमा क्षमता विकास चरणमा तयार गरिएको कार्ययोजनामा आधारित भई उप-जलाधार क्षेत्र स्तरीय भेला र बैठकहरूका माध्यमबाट सामाजिक स्रोत नक्शांकनको कार्य गर्न का साथै सो क्षेत्रको विद्यमान अवस्था पहिचान गर्नकालागि सघन रुपले सामाजिक र प्राविधिक अध्ययन गर्ने जस्ता कार्य सम्पादन गरिएका थिए। उक्त कार्यहरूको लागि प्रत्येक उप-जलाधार क्षेत्रमा २ देखि ३ दिन सम्म (भौगोलिक कठिनता तथा घरधुरी संख्या र अवस्थिति अनुसार फरक पर्न सक्ने) सामाजिक र प्राविधिक क्षेत्रका कर्मचारीहरूको छुट्टाछुट्टै टोली तयार गरि उक्त क्षेत्रका लागि समन्वय गर्न तोकिएका स्वयम् सेवीहरूको सहयोगमा विद्यमान तथ्याङ्क संकलन एवं अवस्था विश्लेषणका कार्यहरू संचालन गरिएका थिए। यस कार्यमा उप-जलाधार क्षेत्र भित्रका सम्पुर्ण टोल तथा बस्तीहरूको घरधुरी सहितको तथ्याङ्क, विद्यमान खानेपानी तथा सरसफाइको तथ्याङ्क, निर्माण सम्पन्न एवं चालु अवस्थामा रहेका जलस्रोतसँग सम्बन्धीत सवै क्षेत्रका योजनाहरूको तथ्याङ्क संकलन एवं संचालन अवस्था विश्लेषण, विद्यमान पानीका स्रोतहरूको सूची तयार र क्षमता मापन तथा सम्भावित प्रयोग हुन सक्ने क्षेत्रहरूको पूर्वानुमान एवं पहिचान लगायत सो क्षेत्र भित्रका सम्पुर्ण संघसंस्थाहरूको खानेपानी सरसफाइ तथा स्वच्छताको तथ्याङ्कहरू संकलन गरि निश्चित ढाँचाका फारमहरूमा भरी हरेक क्षेत्रको अवस्था विश्लेषण गर्ने कार्य गरिएको थियो। यो चरणमा आवश्यकता अनुसार स्थानीय तहका प्राविधिक समिति सदस्यहरू, गाउँपालिका भित्र कार्यरत जलस्रोत सम्बद्ध क्रियाशिल

शाखाहरू, गैर सरकारी संस्थाहरूसँगको समन्वयमा तथ्याङ्कहरू संकलन गरिएको थियो। वडा भित्रका सम्पुर्ण उप-जलाधार क्षेत्रहरूको तथ्याङ्क संकलनपश्चात् गुरुयोजनाका तथ्याङ्क संकलनढाँचाहरूमा तथ्याङ्क प्रविष्टी सहित योजना तर्जुमा चरणको तयारी यस चरणमा गरिने गरिन्छ।

नररहरिनाथ गाउँपालिकामा जल उपयोग गुरुयोजना निर्माणको क्रममा ९ वटै वडाका १३७ वटै बस्तिहरूमा वडा प्रतिनिधिहरू लगायत टोलका सवै घरधुरीहरूको उपस्थितिमा सहभागीतात्मक विधि सामाजिक/स्रोत नक्शांकनबाट सामाजिक तथा प्राविधिक तथ्याङ्कहरू संकलनगरिएको थियो। संकलित तथ्याङ्क/ सुचनाहरूको प्रविष्टि N-WASH/DAI Collect KoBo मा गरिएको थियो। संकलित तथ्याङ्कहरूको विवरण संलग्न अनुसूचीहरूमा उल्लेख गरिएको छ।

## योजना तर्जुमा चरण

यस चरणमा उपजलाधार क्षेत्रहरूको विद्यमान संकलित तथ्याङ्कहरूको आधारमा सवै क्षेत्रलाइ विश्लेषण गरि उपजलाधार क्षेत्रस्तरबाट जलस्रोत सँग सम्बन्धीत सवै खानेपानी, सरसफाइ, उर्जा, वातावरण र पर्यावरण, संस्थागत विकास, स्थानीय मानव संसाधन विकास क्षेत्रको आवश्यकता पहिचान गरि सवै क्षेत्रका क्षेत्रगत योजनाहरू तर्जुमा गरि वडाका जनप्रतिनिधिहरूको नेतृत्वमा योजनाहरूको वडास्तरीय प्राथमिकिकरण गरिएको थियो। मापदण्डमा आधारित प्राथमिकीकरण औजार (CBRT) को आधारमा खानेपानीका योजनाहरूको प्राथमिकिकरण, समुदायको विद्यमान अवस्था, कठिनता विश्लेषण, वास्तविक माग र प्राविधिक परामर्शलाई समेत आधार गरिएको थियो भने अन्य योजनाहरूको हकमा बढी क्षेत्रफल, जनसंख्या लाभान्वित , प्रतिव्यक्ति लागत कम हुने, बिगत ५ वर्षमा कुनै पनि निकायबाट बजेट विनियोजन नभएको तथा व्यवस्थापकीय क्षमता राम्रो भएका र आयआर्जनमा सहयोग पुग्ने जस्ता मापदण्डहरू माथी गाउँपालिकाका जनप्रतिनिधि र सरोकारवालाहरूले व्यापक छलफल सहित अनुमोदन गरि सोको आधारमा योजनाहरू छनौट गरिएका थिए ।

वडामा योजना तर्जुमा गर्दा योजना तथा कार्यक्रमहरूलाई वडाले कार्यान्वयन गर्ने तथा बाह्य सहयोग र आन्तरिक स्रोत परिचालन गरि कार्यान्वयन गरिने गरि छुट्टाएर गाउँपालिका स्तरको गुरुयोजनामा समाबेश गरिएका छन् । वडा स्तरको योजना तर्जुमा गोष्ठी सामान्यतया २ दिनको हुने भए पनि स्रोत तथा संकलित तथ्याङ्क, प्रस्तावित योजना स्तरीय भूगोलको पुनरावलोकन गर्न पर्ने अवस्थामा यो प्रकृया एक वडाका लागि २ देखि ३ दिन सम्म रहेको थियो । वडा स्तरबाट तर्जुमा गरिएका योजनाहरूलाई अन्तिम रुप दिई जल उपयोग गुरुयोजनामा समाबेश गर्नको लागि गाउँपालिका स्तरमा ३ दिने जल उपयोग गुरुयोजना लगानी नीति तथा योजना तर्जुमा गोष्ठी आयोजना गरि सहभागीतात्मक ढंगबाट सवै योजनाहरूको प्रस्तुतिकरण, आवश्यक छलफल एवं समायोजन तथा प्राथमिकिकरण गरि गाउँपालिका तथा अन्य सरोकारवाला सहयोगी संघ/संस्थाहरूबाट योजनाहरूको कार्यान्वयन, परिचालन एवं प्राथमिकता क्रमको अनुसरण गर्न प्रतिवद्धता सहित अनुमोदन गर्ने कार्य गरिएको थियो।

नरहरिनाथ गाउँपालिकाको जल उपयोग गुरुयोजना निर्माणको क्रममा मिति २०८० बैशख ०७ गते देखि शुरुवात गरि २०८० असार १८ सम्म वडास्तरीय तथ्याङ्क प्रमाणीकरण र योजना तर्जुमा गोष्ठीवडामा) ३/३

दिन( सम्पन्न गरिएको थियो भने गाउँपालिका स्तरीय योजना तर्जुमा गोष्ठी मिति २०८० बैशाख १८ देखि २० गते संचालन गरिएको थियो।

वडा स्तरीय योजना तर्जुमा गोष्ठीमा वडा प्रतिनिधिहरू, स्थानीयस्तरमा कार्यरत संघ/संस्थाहरू, बुद्धिजीबी, समाजसेवीहरूको उपस्थिति रहेको थियो भने गाउँपालिका स्तरीय योजना तर्जुमा गोष्ठीमा गाउँ प्रमुख, उप-प्रमुख, गाउँ कार्यपालिकाका सम्पूर्ण सदस्यहरू, महिला बालबालिका शाखा योजना शाखा लगायत सवै सरोकार वालाहरूको उपस्थिति रहेको थियो। वडा स्तरीय योजना तर्जुमा गोष्ठी र गाउँपालिका स्तरीय योजना तर्जुमा गोष्ठीका सहभागीहरूको लैङ्गिक र जातिगत आधारमा विवरण निम्न तालिका- ४ अनुसार रहेको छ।

तालिका 3: योजना तर्जुमा गोष्ठीका सभागीहरूको विवरण

| मिति | सम्पन क्रियाकलापहरू | पुरुष | महिला | ब्राह्मण/क्षेत्री/ठकुरी/सन्यासी | दलित | जनजाति | नेवार | मुस्लिम | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|
| ७ देखि १८ बैशाख २०८० | वडा स्तरीय योजना तर्जुमा गोष्ठी | २०५ | ९७ | २२४ | ७७ | १ | ० | ० | ० |
| १८-२० बैशाख २०८० | गाउँपालिका स्तरीय योजना तर्जुमा गोष्ठी | १७ | ४ | १८ | ३ | ० | ० | ० | ० |
| जम्मा: | | २२२ | १०१ | २४२ | ८० | १ | ० | ० | ० |

*स्रोत :जल उपयोग गुरुयोजना , वडा तथा नगपालिका स्तरीय योजना तर्जुमा गोष्ठी , २०८०*

## कार्यान्वयन चरण

यो जल उपयोग गुरुयोजनाको अन्तिम चरण हो । जल उपयोग गुरुयोजनाको यो चरणमा सम्पुर्ण योजनाहरूको कार्यान्वयन, उपलब्धिहरूको मापन एवं समीक्षा जस्ता कार्यहरू सम्पादन गरिन्छन्। यस चरणमा जल उपयोग गुरुयोजनाको प्राथमिकता क्रममा रहेका योजनाहरूको अनुसरण, कार्यान्वयन, स्रोत परिचालन, अनुगमन मूल्याङ्कन एवं सम्पर्क समन्वय का गतिविधिहरू संचालन गरि जल उपयोग गरुयोजनाको उपलब्धि हासिल गरिनुको साथै समय सापेक्ष गाउँपालिकाले जल उपयोग गुरुयोजनाको कार्यान्वयन स्थितिको समीक्षा गरि आवश्यकता अनुसार गुरुयोजना अद्यावधिक गरिन्छ।

नरहरिनाथ गाउँपालिकाको हाल निर्माणको क्रममा रहेको जल उपयोग गुरुयोजनामा योजना तर्जुमा गोष्ठीमा व्यापक छलफल गरि तोकिएका प्राथमिकताक्रम अनुसार क्षेत्रगत योजनाहरूको कार्यान्वयन गर्ने र योजनाहरू कार्यान्वयनका लागि विभिन्न सरोकारवाला निकायहरू सँग समन्वय र सहकार्य गर्ने समेत छलफल गरिएको थियो। नरहरिनाथ गाउँपालिकाले खानेपानी योजनाहरूको प्राथमिककरणका लागि योजना छनौटका लागि प्राथमिकीकरणका औजारहर (CBRT) को आधारमा गर्दा साच्चिकै खानेपानी सेवाबाट बन्चित रहेका वर्ग समुदायहरू समेटिएको धारणा सहभागीहरूको रहेको थियो।

# अध्याय-२: गाउँपालिकाको पाश्र्वचित्र

## २.१. गाउँपालिकाको संक्षिप्त परिचय

नेपालको कर्णाली प्रदेश अन्तर्गत कालिकोट जिल्लामा पर्ने नरहरिनाथ गाउँपालिका नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७३ साल फाल्गुन २७ गतेको निर्णयानुसार गठन भएको स्थानीय तहहरू मध्य को एक हो। यो गाउँपालिका साबिकका कोटवाडा, कुमालगाउँ, रुपसा,मालकोट र लालु गरि ५ वटा गाउँ विकास समिति समाबेश गरि पुनसंरचना गरिएको हो। नरहरिनाथ योगीको नामबाट नामाकरण गरिएको यस गाउँपालिकालाई ९ वटा वडामा विभाजन गरिएको छ। गाउँपालिकाको वडा नं १ साबिकको कोटवाडा गाउँ विकास समितिको १-६ वडा समावेश गरिएको छ। यस वडामा पर्ने मुख्य बस्तीहरूमा बिर्खम्बा, कोटवाडा,धारी, सुनथराली, आदि रहेका छन्। यो वडामा सुनथराली एयरपोर्ट पनि रहेको छ । गाउँपालिकाको वडा नं २ साबिकको कोटवाडागाउँ विकास समितिको ७-९ र कुमालगाउँ गाउँ विकास समितिको १-३ वडा हरूलाई समावेश गरिएको छ। यस वडामा पर्ने मुख्य बस्तीहरूमा चौथिकोट, डाडाखाल. कुमालगाउँ, आदि रहेका छन्। गाउँपालिकाको वडा नं ३ साबिकको कुमालगाउँ गाउँ विकास समितिको ४-८ वडालाई समावेश गरिएको छ यस वडामा पर्ने मुख्य बस्तीहरूमा कुमालगाउँ, डाडामाण्डु,कालाशिला, माथिल्लो गोठी, आदि रहेका छन्। गाउँपालिकाको वडा नं ४ साबिकको कुमलागाउँ गाउँ विकास समितिको वडा नम्बर ९ र रुपसा गाउँ विकास समितिको ५, ६ ७ र ९ वडालाई समावेश गरिएको छ यस वडामा पर्ने मुख्य बस्तीहरूमा रुप्सा,नयाबस्ती, शान्ति बजार, आदि रहेका छन्। गाउँपालिकाको वडा नं ५ साबिकको रुप्सा गाउँ विकास समितिको १-४ र ८ वडालाई समावेश गरिएको छ। यस वडामा पर्ने मुख्य बस्तिहरूमा नरदेवस्थान,पुरन्छानी काटिरुप्सा, माझआगन, आदि रहेका छन्। गाउँपालिकाको वडा नं ६ साबिकको मालकोट गाउँ विकास समितिको १-५ वडाहरूलाई समावेश गरिएको छ यस वडामा पर्ने मुख्य बस्तीहरूमा मालकोट,सेरावाडा रहेका छन्। गाउँपालिकाको वडा नं ७ साबिकको मालकोट गाउँ विकास समितिको ६-९वडालाई समावेश गरिएको छ यस वडामा पर्ने मुख्य बस्तीहरूमा धाचुकोट, मालकोट, आदि रहेका छन्। गाउँपालिकाको वडा नं ८ साबिकको लालु गाउँ विकास समितिको २, ४,६,७ र ९ वडालाई समावेश गरिएको छ यस वडामा पर्ने मुख्य बस्तिहरूमा लालु,ठाटीकोट,आदि रहेका छन्। गाउँपालिकाको वडा नं ९ साबिकको लालु गाउँ विकास समितिको १, ३,५,र ८ वडालाई समावेश गरिएको छ यस वडामा पर्ने मुख्य बस्तिहरूमा लालु,ठाटीकोट, चौथा, आदि रहेका छन्।

यो गाउँपालिका कालिकोट जिल्लाको सदरमुकाम मान्माबाट ५५ कि.मि. दुरीमा दक्षिण पश्चिममा अवस्थित छ। भौगोलिक अवस्थितिका हिसाबले गाउँपालिका क्षेत्र २९ डिग्री ०७ मिनेट ३३ सेकेण्डदेखि २९ डिग्री १८ मिनेट ३३ सेकेण्ड उत्तरी अक्षांश र ८१ डिग्री ८८ मिनेट ११ सेकेण्ड पूर्वदेखि ८१ डिग्री ३५ मिनेट ३१ सेकेण्ड पूर्वी देशान्तरसम्म फैलिएको छ। गाउँपालिकाको पूर्वमा सान्नी त्रिवेणी  गाउँपालिका र खाडाचक्र नगरपालिका, दक्षिणमा अछाम र दैलेख जिल्ला, पश्चिममा अछाम र बाजुरा जिल्ला र उत्तरमा बाजुरा जिल्ला र सान्नी त्रीबेणी गाउँपालिका रहेको छ।

नरहरिनाथ गाउँपालिकाको कुल घरधुरी संख्या ४६२५ र जनसंख्या २७२६९ रहेको छ। नरहरिनाथ गाउँपालिकामा मुख्य गरि क्षेत्री, ब्राह्मण, दलित लगायत अन्य समुदायको बसोबास रहेको छ ।धार्मिक

दृस्टीकोणले नरहरिनाथ गाउँपालिकाका ८५ % मानिसहरू हिन्दुधर्म मान्दछन् भने बौद्द ,इसाई, र अन्य धर्म मान्नेको सख्या न्युन रहेको देखिन्छ।

नरहरिनाथ गाउँपालिकाका मुख्य बजार क्षेत्रहरूमा लालिघाट बजार, खुलालु, डाँडामाण्डु आदि रहेका छन्।

## २.२. भौगोलिक अवस्थिति र पहुँच

नरहरिनाथ गाउँपालिका मध्य पहाडी क्षेत्रमा रहेको छ । नरहरिनाथ गाउँपालिका समुद् सतह देखि ७२० मिटर देखि ४११० मिटर सम्मको उचाईमा रहेको छ । यस गाउँपालिकाको बढी जस्तो भागहरू पहाड र जंगलमा रहेकोले केहि बेसी क्षेत्र बाहेक सबै वडाहरूमा हिउँद याममा हिउँ पर्छ । गर्मी याममा कमै गर्मि हुने भए पनि जाडोयाममा निकै चिसो हुन्छ। नरहरिनाथ गाउँपालिकाको गाउँपालिका प्रोफाइल, २०७७ अनुसार, गाउँपालिका भित्र सडक संजालको अवस्था नाजुक रहेको देखिन्छ । हालसम्मको निर्माणहुदै गरेको कुल २ (लालुघाट देखि गाउँपालिका र खुलालु देखि लालुहुदै अछामको रामारोशन) वटा सडकको कुल लम्बाई करीब ३० कि.मि. रहेको छ, दुईवटै सडक कच्ची रहेकोले बर्षामा यातायातका साधन आवतजावत गर्न कठिन छ ।[2]


नरहरिनाथ गाउँपालिकाको केन्द्र कुमालगाउँबाट दुरीको हिसाबले सवैभन्दा टाढा वडा न. ४ र ७ को सुन्दरबस्ति रहेका छ। जुन गाउँपालिका केन्द्रबाट करिब १२ कि.मि. टाढा रहेका छ।

## २.३. भौगोलिक स्वरुप तथा भू-उपयोग स्थिति


कर्णाली प्रदेश अन्तर्गत कालिकोट.जिल्लाको नरहरिनाथ गाउँपालिका भौगोलिक हिसाबमा पाहाडी क्षेत्रमा पर्दछ । यस क्षेत्रमा धरातलीय स्वरुपका हिसाबले अधिकांश भूभाग भिरालो र चट्टानी क्षेत्रले ओगटेको छ । गाउँपालिका भित्र भिरालो र कम खेतियोग्य जमिन भएका क्षेत्र रहेका छन् । सामान्य अग्ला र भिराला पहाडी श्रृखलाले बनेको नरहरिनाथ गाउँपालिकामा तुलनात्मक रुपमा घना बसोबासको क्षेत्र सहितको विविधतायुक्त धरातलिय अवस्थिति रहेको छ जस्मा कर्णाली नदी किनार देखि सुन्दर बस्ति क्षेत्र रहेको छ। नरहरिनाथ गाउँपालिका समुद् सतह देखि ७२० देखि ४११० सम्मको उचाईमा रहेको छ ।अधिकांश भिरालो क्षेत्र वन जङ्गलले ढाकेको छ भने केहि चट्टानी क्षेत्र र चरन क्षेत्र नांगा डाँडाका रुपमा रहेका छन् ।

गाउँपालिकाको भू-उपयोगको अवस्था विश्लेषण तलको तालिका र GIS नक्सामा प्रस्तुत गरिएको छ।


[2] (गाउँपालिका प्रोफाइल, २०७७)




चित्र 5: गाउँपालिकाबाट सवै वडा र बस्ती देखिने नक्शा




चित्र 6: गाउँपालिका बाट सवै वडा र बस्ती सम्मको पहुँच देखिने नक्शा




चित्र 7: गाउँपालिका भौगोलिक स्वरुप तथा भू-उपयोग स्थिति नक्शा

तालिका 4 : गाउँपालिकाको भू-उपयोग विवरण

| क्र.सं. | जमिनको प्रकार | क्षेत्रफल (वर्ग कि.मि.) | प्रतिशत |
|---|---|---|---|
| १ | खेति गरिएको जमिन | २६=७4 | 18=58 |
| २ | वन जंगल | ७७=५२ | 53=89 |
| ३ | घाँसे मैदान/चरण क्षेत्र | 21=10 | 14=27 |
| ४ | झाडी | 0 | 0 |
| ५ | बाँझो जमिन | 17=83 | 12=05 |
| ६ | बलौटे जमिन | 0 | 0 |
| ७ | ताल वा पोखरी | 0 | 0 |
| ८ | खोला र अन्य जल क्षेत्र | 0=39 | 0=27 |
| | जम्मा | 143=86 | 100% |

*स्रोत : गाउँपालिकाको वस्तुगत बिबरण २०७४*

## २.४. प्रमुख जलाधार तथा उप-जलाधार क्षेत्रहरूको विवरण


नरहरिनाथ गाउँपालिकाको मुख्य जलाधार क्षेत्र भनेको मद्य कर्णाली जलाधार क्षेत्र र उप जलाधार क्षेत्र रहगार्ड रहेको छ । त्यसैगरि गाउँपालिकामा विद्यमान रहेका स -साना खोला तथा प्रसस्त खानेपानीका मूल रहेका छन्। नरहरिनाथ क्षेत्रमा जलस्रोतहरूको मुख्य गरि खानेपानी, सिंचाइ र घट्टको लागि उपयोग गरेको देखिन्छ। गाउँपालिका भित्र रहेका पानीका स्रोतहरू हालसम राम्रो सँग प्रयोग भएको देखिदैन भने आगामी दिनमा ति पानीको स्रोतहरूको उचित व्यवस्थापन हुन सकेमा स्थानीय समुदायको खानेपानीमा व्यवस्थपनमा हुने समयको खर्च कम हुन गई त्यो समय आयआर्जनमा लगाउन सकेमा आर्थिक टेवा पु-याउन सकिन्छ। खानेपानी स्रोतहरूको संरक्षण हुन सके केहि हदसम्म रोजगारीका अवसर समेत सिर्जना हुने सम्भावना रहेको वडा तथा गाउँपालिका स्तरमा भएको छलफलबाट देखिएको छ। यसका साथै गाउँपालिकामा विद्यमान रहेको कर्णाली नदीबाट पानी लिफ्ट गरि केहि क्षेत्रहरूमा खानेपानी तथा सिंचाइको थप परिपुर्ति गर्न सकिने सम्भावना पनि हुन सक्छ ।

गाउँपालिकाको मध्य भागबाट बग्ने रहगार्ड खोलाको मुख्य उदगमस्थल रामारोशन र नरहरिनाथको सिमना हो । यस रहगार्ड खोलाका शाखा खोलाहरूमा घट्टे खोला,मुजिन खोला, भेरे खोला, मुङग्राहा खोला आदि रहेका छन् । नरहरिनाथ गाउँपालिकाको दक्षिणको सिमानामा बगेको कर्णाली नदीमा रहगार्ड खोलाको पानी समेटिन जान्छ । सिंचाइको मुख्य स्रोतको रुपमा रहेको रहगार्ड खोला लगायत शाखा/उपशाखा खोलाहरूबाट नरहरिनाथ क्षेत्रको तल्लो वेसी क्षेत्रको जमिनमा सिंचाइ सेवा उपलब्ध रहेको छ । जैविक विविधताका हिसावले उच्च पर्वतिय चिसो हावापानीमा पाइने जीव तथा वनस्पतिहरू जस्तै पाखनवेद, कटुकी, सतुवा, विषजडा, डाँफे, मुनाल, कालिज, काँडेभ्याकुर, घोरल, रेडपाण्डा आदि नरहरिनाथ जलाधार क्षेत्रको

विशेषताको रूपमा रहेका  छन् । यसका अतिरिक्त लेकको माथिल्लो भागका अधिकांस स्थानमा वन, घाँसे मैदान तथा खर्कहरू रहेका छन् ।

सवै वडा का खोलाहरू रहगार्ड हुदै सिधै कर्णाली नदीमा मिसिन जान्छन ।  नरहरिनाथ गाउँपालिकामा १ वटा मात्र उपजलाधार क्षेत्र रहेको छ । उप-जलाधार क्षेत्र सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।  उप-जलाधार क्षेत्रहरूको विवरण तालिका नं. ६ मा प्रस्तुत गरिएको छ भने विस्तृत विवरण चित्र ६ मा राखिएको छ।

चित्र ४ :प्रमुख जलाधार तथा उप-जलाधार क्षेत्रहरूको विवरण



तालिका 5 : गाउँपालिकामा उप-जलाधार क्षेत्रहरू

| क्र.सं. | उप-जलाधार क्षेत्र | उप-जलाधारमा पर्ने वडा नं. हरू |
|---|---|---|
| १ | रहगार्ड | १ |
| २ | रहगार्ड | २ |
| ३ | रहगार्ड | ३ |
| ४ | रहगार्ड | ४ |
| ५ | रहगार्ड | ५ |
| ६ | रहगार्ड | ६ |
| ७ | रहगार्ड | ७ |
| ८ | रहगार्ड | ८ |
| ९ | रहगार्ड | ९ |

*स्रोत : जल उपयोग गुरुयोजना सर्वेक्षण २०८०*

## २.५. गाउँपालिकाको सामाजिक तथा आर्थिक विवरण

### २.५.१. गाउँपालिकाको घरधुरी तथा जनसंख्या विवरण

नरहरिनाथ गाउँपालिकामा जल उपयोग गुरुयोजना निर्माण अवधिमा संकलन गरिएका तथ्याङ्कहरूको विश्लेषण गर्दा नरहरिनाथ गाउँपालिकामा जम्मा १३७ वटा मुख्य बस्तिहरू रहेका छन्। सामाजिक सर्वेक्षण बाट प्राप्त तथ्याङ्क अनुसार गाउँपालिकाको कुल घरधुरी संख्या ४६२५. रहेको छ भने कुल जनसंख्या २७२८९ रहेको छ। जसमध्य कुल जनसंख्यामा महिला जनसंख्या १४१९४ (५२%) र पुरुष जनसंख्या १३१९०(४८%) रहेको छ। वडागत रुपमा जनसंख्या र घरधुरीको विवरण निम्न तालिका-४ मा प्रस्तुत गरिएको छ भने विस्तृत विवरण अनुसूची-१ मा दिइएको छ।

तालिका 6 : बस्ती, घरधुरी र जनसंख्याको विवरण

| वडा नं. | वस्ति संख्या | जम्मा घरधुरी | जनसंख्या | | |
|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा |
| १ | १९ | ४८७ | १४७० | १३६१ | २७५१ |
| २ | १२ | ४५१ | १३८५ | १२७० | २६५५ |
| ३ | १५ | ४५२ | १७४४ | १५९२ | ३३३६ |
| ४ | १६ | ६०३ | १६३८ | १८२४ | ३४६२ |
| ५ | १५ | ४७० | १२३२ | ११२१ | २३५३ |
| ६ | १७ | ४६६ | १३९४ | १२१५ | २६०९ |
| ७ | १९ | ४८१ | १६२८ | १४९६ | ३१०९ |
| ८ | १५ | ५५५ | १८०४ | १६०३ | ३४०७ |
| ९ | ९ | ६६० | १८९९ | १७०८ | ३६०७ |
| जम्मा | १३७ | ४,६२५ | १४,१९४ | १३,१९० | २७,२८९ |

### २.५.२. जातियता

नरहरिनाथ गाउँपालिकामा सामाजिक सर्वेक्षण बाट प्राप्त तथ्याङ्क अनुसार ब्राह्मण/क्षेत्री/ठकुरी/सन्यासीहरूको जनसंख्या सवैभन्दा बढी अर्थात् ७२%, दलित जनसंख्या २७.%, र अन्य जनजातिको जनसंख्या .न्यून रहेको छ।

वडा अनुसार जातिगत घरधुरी विवरण तलको तालिका-८ मा दिइएको छ भने विस्तृत विवरण अनुसूची-१, SA-१ मा उल्लेख गरिएको छ ।

तालिका 7: वडा अनुसार जातिगत घरधुरीको विवरण

| वडा न. | जम्मा बस्ति संख्या | घरधुरी संख्या | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ब्राह्मण/क्षेत्री/ ठकुरी/ सन्यासी | दलित | नेवार | जनजाति | मुस्लिम | अन्य | जम्मा |
| १ | १९ | ३६५ | १२२ | ० | ० | ० | ० | ४८७ |
| २ | १२ | १४५ | ३०६ | ० | ० | ० | ० | ४५१ |
| ३ | १५ | ३९१ | ५९ | २ | ० | ० | ० | ४५२ |
| ४ | १६ | ५२४ | ८० | ० | ० | ० | ० | ६०३ |
| ५ | १५ | ४७० | ० | ० | ० | ० | ० | ४७० |
| ६ | १७ | १८१ | २८५ | ० | ० | ० | ० | ४६६ |
| ७ | १९ | ३३२ | १४९ | ० | ० | ० | ० | ४८१ |
| ८ | १५ | ४६१ | ८८ | ० | ६ | ० | ० | ५५५ |
| ९ | ९ | ४८१ | १७७ | २ | ० | ० | ० | ६६० |
| १० | १३७ | ३,३५० | १,२६५ | ४ | ६ | ० | ० | ४,६२५ |
| जम्मा | प्रतिशत | ७२ % | २७% | ०% | ०% | ०% | ०% | १००% |

*स्रोत :जल उपयोग गुरुयोजना , सामाजिक तथा प्राविधिक अध्ययन, २०८०*

### २.५.३. साक्षरता विवरण

.नरहरिनाथ गाउँपालिकाको गाउँ प्रोफाइल,२०७४ अनुसार नरहरिनाथ पालिकाको कुल साक्षारता दर ६०% रहेको छ, जसमध्य पुरुष साक्षरता दर ६३.९८% रहेको छ भने महिला साक्षरता दर ५०.३५% रहेको छ। वडागत रुपमा साक्षरता दर हेर्दा तालिका-९ अनुसार रहेको देखिन्छ।

तालिका 8: वडागत रुपमा साक्षरता विवरण

| वडा नं. | साक्षर जनसंख्या सम्बन्धी विवरण | | | | कैफियत |
|---|---|---|---|---|---|
| | पुरुष | | महिला | | |
| | संख्या | प्रतिशत (%) | संख्या | प्रतिशत (%) | |
| १ | ९९६ | ६७.७८% | ८०१ | ५४.४८% | |
| २ | ९१२ | ६५.८३% | ६०३ | ४३.५३% | |
| ३ | ११८९ | ६८.१९% | ९७२ | ५५.७१% | |
| ४ | ९४६ | ५७.७४% | ९५९ | ५८.५४% | |
| ५ | ७२३ | ५८.७१% | ५६५ | ४५.८७% | |
| ६ | ८०१ | ५६.७३% | ६१८ | ४४.३२% | |
| ७ | ९४० | ५७.७७% | ७२८ | ४४.६९% | |
| ८ | १२२० | ६७.६४% | ९६७ | ५३.६०% | |
| ९ | १४३३ | ७५.४५% | ९९५ | ५२.३९% | |
| **जम्मा :** | ९१५१ | ६३.९८% | ७२०७ | ५०.३५% | |

*स्रोत : नरहरिनाथ गाउँपालिकाको गाउँ प्रोफाइल , २०७७*

### २.५.४. व्यवसाय

नरहरिनाथ गाउँपालिकाका बासिन्दाहरूले जीविकोपार्जनका लागि विभिन्न पेशा व्यवसायहरूमा संलग्न हुदै आईरहेका छन् । तर पनि यहाँका बासिन्दाहरूको मुख्य पेशा कृषि रहेको छ । जस्मा कुल जनसंख्याको करिब ४३ % संलग्न रहेको देखिन्छ भने त्यसगरि साना तथा मझौला खालका ब्यापार व्यवसायहरूमा १.५%, सरकारी वा गैर सरकारी सेवामा २.६%, बैदेशिक रोजगारीमा ८.७% र अन्य पेशा व्यवसायमा 0.१% जनसंख्या संलग्न रहेको देखिन्छ। वडागत रुपमा विभिन्न पेशा व्यवसायमा संलग्न मानिसहरूको विवरण निम्न तालिका-१० मा उल्लेख गरिएको छ।

तालिका 9: वडा अनुसार विभिन्न पेशा/व्यवसायमा संलग्न जनसंख्याको विवरण

| वडा नं. | व्यवसाय सम्बन्धी विवरण | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | कृषी | नोकरी | उद्धयोग | ज्याला मजदुरी | व्यवसायिक कार्य | बैदेशिक रोजगार | बेरोजगार |
| १ | १२०५ | ४१ | १९३ | ८३ | ४१ | ५६१ | ४४८ |
| २ | ११६३ | ४० | १८६ | ८० | ४० | ५४२ | ४३३ |
| ३ | १४६१ | ५० | २३४ | १०० | ५० | ६८१ | ५४४ |
| ४ | १५१६ | ५२ | २४२ | १०४ | ५२ | ७०६ | ५६४ |
| ५ | १०३१ | ३५ | १६५ | ७१ | ३५ | ४८० | ३८४ |
| ६ | ११४३ | ३९ | १८३ | ७८ | ३९ | ५३२ | ४२५ |

| वडा नं. | व्यवसाय सम्बन्धी विवरण | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | कृषी | नोकरी | उद्धयोग | ज्याला मजदुरी | व्यवसायिक कार्य | बैदेशिक रोजगार | बेरोजगार |
| ७ | १३६२ | ४७ | २१८ | ९३ | ४७ | ६३४ | ५०७ |
| ८ | १४९२ | ५१ | २३८ | १०२ | ५१ | ६९५ | ५५५ |
| ९ | १५८० | ५४ | २५२ | १०८ | ५४ | ७३६ | ५८८ |
| जम्मा | ११९५३ | ४०९ | १९१० | ८१९ | ४०९ | ५५६७ | ४४४८ |

*स्रोत : नरहरिनाथ गाउँपालिकाको गाउँ प्रोफाइल , २०७७*

### २.५.५. कृषि र जीविकोपार्जन

नरहरिनाथ गाउँपालिकाका मुख्य कृषि खाद्यबालीहरूमा धान, गहुँ, मकै, कोदो र तेलहन बालीका रुपमा तोरी, दलहन बालीमा भटमास, मास, सीबी आदि तथा नगदेबालीमा आलु, आदि मुख्य रुपमा रहेका छन्। कृषि उत्पादनका लागि उपयुक्त हावापानी र उर्बर माटो रहेको भएपनि सिमित खेति योग्य कृषि जमिन रहेकोले कृषि पेशामा निर्भर घरपरिवारलाई पनि आफ्नै उत्पादनबाट वर्ष भरिका लागि खाद्यान्न नपुग्ने देखिएको छ। संकलित तथ्याङ्कहरूको विश्लेषण गर्दा आफ्नै कृषि उत्पादनबाट ९-१२ महिना खान पुग्ने घरधुरी ११% रहेका छन् भने ६-९ महिनासम्म खान पुग्ने घरधुरिहरू २४.% र ६ महिना भन्दा कम खान पुग्ने घरधुरीहरू ६५ % रहेको देखिन्छ। वडागत अनुसार खाद्यान्न पहुँचको अवस्था निम्न तालिका न. ११  मा प्रस्तुत गरिएको छ।

तालिका 10 : वडागत रुपमा खाधान्न पहुँचको अवस्था विवरण


| वडा न. | खाद्यान्न पहुँचको अवस्था ( आफ्नै उत्पादन बाट- घरधुरी) | | |
|---|---|---|---|
| | ६ महिना भन्दा कम पुग्ने | ६९ महिना सम्म पुग्ने- | ९१२ महिना सम्म पुग्ने- |
| १ | ३०७ | ११७ | ५४ |
| २ | २८४ | १०८ | ५० |
| ३ | २८५ | १०८ | ५० |
| ४ | ३८० | १४५ | ६६ |
| ५ | २९६ | ११३ | ५२ |
| ६ | २९४ | ११२ | ५१ |
| ७ | ३०३ | ११५ | ५३ |
| ८ | ३५० | १३३ | ६१ |
| ९ | ४१६ | १५८ | ७३ |
| जम्मा : | २९१५ | ११०९ | ५१० |
| प्रतिशत: | ६५% | २४% | ११% |

*स्रोत : जल उपयोग गुरुयोजना , सामाजिक तथा प्राविधिक अध्ययन, २०८०*

यस बाहेक गाउँपालिकाको अवस्था हेर्दा र बस्ति स्तरमा गरिएको छलफल अनुसार कृषि उत्पादन बाहेक जीविकोपार्जन अन्य स्रोतहरू जस्तै; अन्तर जिल्ला रोजागारी तथा भारत तर्फको रोजगारी मुख्य रहेको पाईन्छ ।

## २.५.६. मौसमी पात्रो तथा कार्यबोझ

भविष्यमा निर्माण गरिने योजना तथा कार्यक्रमहरू संचालन गर्दा समुदायको नियमित पेशा व्यवसाय लगायतका नियमित कार्यहरूमा असर नहोस् भन्ने उद्देश्यले समुदायको मौसमी पात्रो पत्ता लगाउनु आवश्यक हुन्छ। नरहरिनाथ गाउँपालिकामा भविष्यमा निर्माण गरिने योजना तथा कार्यक्रमहरू आगामी दिनहरूमा समुदायमा आधारित विकासका क्रियाकलापहरू संचालन गर्न समुदायका मानिसहरूको कार्य व्यस्तताको समय जान्न जल उपयोग  गुरुयोजना तयारीका क्रममा मौसमी पात्रो तयार गरिएको हो। नरहरिनाथ गाउँपालिकामा समेत  समुदायका बहुसंख्यक मानिसहरू स्थानीय कृषि तथा मजदुरी जस्ता क्रियाकलापहरू संचालन गरि जीविकोपार्जन गर्ने भएकाले समुदायको फुर्सदलाई मध्यनजर गरि विकासका क्रियाकलापहरू संचालन गर्न पर्ने हुन्छ।





ग्राफ 1 : महिना अनुसार मानिसहरूको व्यस्त हुने समय

नरहरिनाथ गाउँपालिकाको तयार पारिएका वडागत तथ्याङ्कहरूलाई विश्लेषण गर्दा गाउँपालिकाका मानिसहरू  बैशाख र जेठ महिनामा गहुँबाली तथा दलहन बाली भित्र्याउने कार्यमा व्यस्त हुने गरेको देखिन्छ भने आषाढ, श्रावण महिनामा धान रोपाइँ र कार्तिक तथा मंसिर महिनामा धान काट्ने तथा अर्कोबालिको लागि खेत जोत्ने कार्यमा व्यस्त हुन्छन् भने पुस देखि फाल्गुण महिनामा मात्रै अलि फुर्सदिलो हुने तथ्याङ्कले देखाएको छ। तथापी यस अवधिमा पनि पुरुष मानिसहरू दैनिक ज्याला मजदुरीका लागि जिल्ला भित्रै, , जिल्ला बाहिर वा छिमेकी मुलुक भारतमा समेत जाने गरे जल उपयोग  गुरुयोजनाको सर्वेक्षणका क्रममा गरिएका समुदाय भेटघाटको छलफलबाट जानकारी प्राप्त भएको छ। समुदायका महिला र पुरुषको प्रत्येक महिना व्यस्त हुने समयको विश्लेषण ग्राफ  मा गरिएको छ।

### २.५.७. गाउँपालिकामा उपलब्ध मानव संसाधनको विश्लेषण

कुनै पनि विकास निर्माणका क्रियाकलापहरूलाई गुणस्तरीय र दिगो रुपमा संचालन गर्न स्थानीय स्तरमा सिप भएका दक्ष जनशक्ति हुन अति आवश्यक छ। योजना तर्जुमा र कार्यान्वयनको खाका तयार गर्दा कुनै पनि भूगोलमा दक्ष मानव जनशक्ति के कति छ, कुन कुन दक्षता र सिपहरू छ भनि पत्ता लगाउनु जरुरी हुने गर्दछ। नरहरिनाथ गाउँपालिकामा जल उपयोग गुरुयोजना निर्माणका क्रममा गरिएको छलफल र लिईएको तथ्याङ्कका आधारमा, गाउँपालिकामा कुल ३४३ जना विभिन्न दक्षता र सीप भएका जनशक्ति उपलब्ध छन्।जसमध्य सवैभन्दा बढी ढुंगाको काम गर्ने दक्ष मिस्त्री ६८ जना र पशुसेवा प्राविधिक ५० जना रहेका छन् भने वन प्राविधिक ५१ जना र महिला स्वास्थ्य स्वयम सेविका ४४ जना रहेका देखिन्छन्।वडा अनुसार उपलब्ध मानव संसाधनको विवरण तलको ग्राफ नं. २ मा प्रस्तुत गरिएको छ।




ग्राफ 2: मानव संसाधन विवरण

### २.५.८. स्थानीय निर्माण सामग्रीहरूको उपलब्धता

नरहरिनाथ गाउँपालिका क्षेत्र भित्रै स्थानीय स्रोत तथा निर्माण सामग्रीहरूको पर्याप्तता रहेको छ। ढुङ्गा, बालुवा, काठ, गिट्टी र बाँस जस्ता स्थानीय निर्माण सामाग्रीहरू हरेक वडाहरूको आफ्नो क्षेत्र भित्र नै उपलब्ध छन्। वडामा ढुंगाको स्रोतको लागि गाउँपालिकाका सवै वडाहरूमा रहेका विभिन्न नदी/खोला/खहरेहरू, जुन पालिकाबाट बालुवा/ढुंगा उत्खननका लागि अनुमति प्राप्त छन् जस्तै: कर्णाली र भेरी नदीबाट पर्याप्त मात्रामा उपलब्ध हुने सम्भावना छ। ढुंगा र गिट्टी गाउँपालिकाका सवै वडाहरूमा पर्याप्त मात्रामा उपलब्ध

हुन्छ, भने बालुवा र काठको लागि केहि वडाहरूलाई अरु वडाहरूमा जानुपर्ने बाध्यता रहेको छ। वडा अनुसार स्थानीय सामग्री उपलब्धता सम्बन्धी थप विस्तृत विवरण तलको तालिका-१२ मा उल्लेख गरिएको छ।

तालिका 11: स्थानीय सामग्रीहरूको उपलब्धता

| वडा न. | स्थान/दुरी | ढुंगा | गिट्टी | बालुवा | काठ/अन्य |
|---|---|---|---|---|---|
| १ | पाइने स्थान | धारी | धारी | कर्णाली नदी | भेरे सामुदायिक वन |
| | दुरी (कि.मि.) | ०-१ | ०-१ | ०८-Apr | ४ |
| २ | पाइने स्थान | मुझिन खोला | अमनेपानी | कर्णाली नदी | बडापातल |
| | दुरी (कि.मि.) | ०-१ | ०-१ | १३।० | ४ |
| ३ | पाइने स्थान | घट्टेखोला | घट्टेखोला | रहगार्ड | बडापातल |
| | दुरी (कि.मि.) | १ | ०-१ | ०-२ | ४४९२९ |
| ४ | पाइने स्थान | स्थानीयस्तरमा | स्थानीयस्तरमा | रहगार्ड | सामुदायिक वन |
| | दुरी (कि.मि.) | १ | ०-१ | ०-२ | ०-२ |
| ५ | पाइने स्थान | माझआगन | जात्रा खोला | घट्टे खोला | बडापाताल |
| | दुरी (कि.मि.) | ०-१ | ०-२ | ०-२ | ०-३ |
| ६ | पाइने स्थान | धाडुमाडु | धाडुमाडु | रहगार्ड | अल्लेडि वन |
| | दुरी (कि.मि.) | ०-५ | ०-२ | ०-१ | ०-१ |
| ७ | पाइने स्थान | स्थानीयस्तरमा | स्थानीयस्तरमा | रहगार्ड | सामुदायिक वन |
| | दुरी (कि.मि.) | ०-१ | ०-१ | ०-१ | ०-२ |
| ८ | पाइने स्थान | बिने खोल | सिल्के खोला | कर्णी नदी | खुलालु |
| | दुरी (कि.मि.) | ०-१ | ०-१ | ०-६ | ०-२ |
| ९ | पाइने स्थान | डुंगेनी गडिगडजिउन | डोग्दिन | रहगार्ड | पालत वन |
| | दुरी (कि.मि.) | ०-२ | ०-२ | ०-३ | ०-४ |

*स्रोत :जल उपयोग गुरुयोजना , सामाजिक तथा प्राविधिक अध्ययन, २०८०*

## २.६. सेवाकेन्द्रहरू सम्बन्धी विवरण

नरहरिनाथ गाउँपालिकामा स्थानीय सेवा केन्द्रको रुपमा हरेक वडामा ४९ आधारभूत/तथा माध्यमिक विद्यालयहरू रहेका छन्। त्यसै गरि १५ वटा स्वास्थ्य संस्थाहरू रहेका छन् । हाल स्थानीय तहको संरचना

निर्माण भएपछि ९ वटै वडामा वडा कार्यालय तथा अन्य कार्यलयहरू स्थापित भएका छन्। उक्त संघसंस्थाहरू सम्बन्धी विस्तृत विवरण तालिका-१३ र अनुसूची नं. १ को SA-५ मा प्रस्तुत गरिएको छ।

तालिका 12: गाउँपालिकामा रहेका सेवाकेन्द्रहरूको विवरण

| क्र.स. | सेवा केन्द्रको नाम | कार्यालय स्थित वडा र स्थान | कैफियत |
|---|---|---|---|
| १ | वडाकार्यलय, स्वास्थ्यकेन्द्र, वन कार्यलय, विध्यालय | बिर्खबा, धारी १ | नरहरिनाथ गाउँपालिका |
| २ | वडाकार्यलय, स्वास्थ्यकेन्द्र, विध्यालय | डाडाखाल वडा नं २ | नरहरिनाथ गाउँपालिका |
| ३ | वडाकार्यलय, स्वास्थ्यकेन्द्र, नरहरिनाथ गाउँपालिका, विध्यालय | कुमालगाउँ, डाडमाण्डु वडा न. ३ | नरहरिनाथ गाउँपालिका |
| ४ | वडाकार्यलय, स्वास्थ्यकेन्द्र, विध्यालय | नयाबस्ति वडा नं. ४ | नरहरिनाथ गाउँपालिका |
| ५ | वडाकार्यलय, स्वास्थ्य ईकाइ, विध्यालय | नरदेवस्थान वडा नं ५ | नरहरिनाथ गाउँपालिका |
| ६ | वडाकार्यलय, स्वास्थ्यकेन्द्र/ ईकाइ, विध्यालय | मालकोट सेरावाडा वडा नं ६ | नरहरिनाथ गाउँपालिका |
| ७ | वडाकार्यलय, स्वास्थ्यकेन्द्र/ईकाइ, विध्यालय | धाचुकोट वडा नं ७ | नरहरिनाथ गाउँपालिका |
| ८ | वडाकार्यलय, स्वास्थ्यकेन्द्र, विध्यालय | ठाटीकोट वडा नं ८ | नरहरिनाथ गाउँपालिका |
| ९ | वडाकार्यलय, स्वास्थ्य सेवा केन्द्र, विध्यालय | ठाटीकोट, चौथा वडा नं ९ | नरहरिनाथ गाउँपालिका |

*स्रोत :जल उपयोग गुरुयोजना , सामाजिक तथा प्राविधिक अध्ययन, २०८०*

## २.७. विकास साझेदारहरू, गैह्र सरकारी संस्थाहरू, समुदायमा आधारित संस्थाहरू तथा सहकारी सम्बन्धी विवरण

नरहरिनाथ गाउँपालिकामा सरकारी निकायहरू बाहेक अन्य दातृ निकाय/विकास साझेदारहरूले पनि विभिन्न क्षेत्रमा कार्यक्रम संचालन गर्दै आईरहेका छन्। विशेष गरि पहिलो गुरु योजना निर्माण गरेर खानेपानीको क्षेत्रमा हेल्भटास नेपालले २०७६ बाट यो गाउँपालिकामा लागातार सहयोग गर्दै आएको छ। सहयोगि निकाय तथा दातृ निकायहरूले कृषि उत्पादन/बजारीकरण, स्वास्थ्य सरसफाइ, विपद जोखिम न्यूनीकरण लगायत सामाजिक/आर्थिक विकासका क्रियाकलापहरू आदिमा सघाउ पुरयाउदै आईरहेका छन्। पालिकामा कार्यरत मुख्य विकास साझेदार तथा गैह्र सरकारी संस्थाहरूको विवरण निम्न तालिका-१४ मा प्रस्तुत गरिएको छ भने विस्तृत विवरण अनुसूची-१ को SA-४ मा उल्लेख गरिएको छ।

तालिका 13: मुख्य विकास साझेदार तथा गैह्र सरकारी संस्थाहरूको विवरण

| क्र.स. | विकास साझेदार वा गैह्र सरकारी संस्थाको नाम | कार्यक्रमको क्षेत्र |
|---|---|---|
| | सहयोगिहात हरूको समूह | जलवायू परिवर्तन, खाध्य सुरक्षा, आयआर्जन |
| | गाउँपालिका र आइ एन एफ | पछाडिएका वर्गहरूलाई सहयोग गर्ने बचत गर्ने , समाजका विकृति , विसङ्गतिहरूलाई न्युनिकारण गर्ने |
| | किर्डाक | शिक्षा |
| | प्लान ईन्टरनेनल | सामुदायिक स्तरमा जनचेतनामूलक कार्यक्रम चलाउने र हक अधिकार सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालन गर्ने |
| | आई एन एफ नेपाल | क्षमता विकास |
| | किसान लघुबित्तीय संस्था | गरिब तथा विपन्न वर्गहरूलाई सहुलियत ऋण उपलब्ध गराउने |
| | सादा नेपाल | बाल संरक्षण सम्बन्धी , बाल बिबाह न्यूनीकरण , बाल प्रत्याभूत बालबालिका संरक्षण आदि |
| | पेस नेपाल | खानेपानी सरसफाइ स्वच्छता बिपत जोखिम न्यूनीकरण जलवायु परिवर्तन र प्रारम्भिक बाल बिबाह न्यूनीकरण |
| | मानवअधिकार र वातावरण विकास केन्द्र [हुरुन्डेक नेपाल] | मानवअधिकार वातावरण क्षेत्रमा बिपत क्षेत्रमा झोलुङ्गे पुल बाल बिबाह न्यूनीकरण र आपतकालीन सेवा |
| | विश्व खाध्य कार्यक्रमबाट | पोषण गर्भवति महिला हजार दिने सुनौलो कार्यक्रम र बालबालिकालाई ६ महिना देखी २३ महिना सम्मका बालबालिका लाई पोषणयुक्त खानेकुरा |
| | नेपाल रेडक्रस सोसाइटी | बिपत क्षेत्रमा राहत वितरण तथा उध्दार बिपत्तिमा बस स्थान |
| | सहयोगिहात हरूको समूह | जलबायू परिवर्तन, खाध्य सुरक्षा, आयआर्जन |

*स्रोत :जल उपयोग गुरुयोजना , सामाजिक तथा प्राविधिक अध्ययन, २०८०*

माथि तालिका-१४ मा उल्लेख गरिएका विकास साझेदारहरू तथा गैह्र सरकारी संस्थाहरू बाहेक गाउँपालिकास्तरमा विभिन्न सामुदायिक संस्थाहरू, सामुदायिक वन उपभोक्ता समूहहरू, कृषि समूहहरू/आमा समूहहरू पनि गठन भएका छन्। ति समुदायमा आधारित संस्थाहरूले कुनै न कुनै रुपमा समुदायको सामाजिक तथा आर्थिक क्रियाकलापहरूमा सहयोग पुरयाउदै आईरहेका छन्। यसका साथै समुदाय स्तरमा वित्तिय सेवा प्रदान गर्न ८ वटा सहकारी संस्था गठन भई समुदायस्तरमा बचत तथा ऋण लगायत लघु उद्दम प्रवर्धन मार्फत आर्थिक गतिविधिहरूलाई चलायमान बनाउन सहयोग पुरयाउदै आईरहेको छ। वडा नं. २ र ३ मा स्थापना भएको उक्त सहकारी संस्थाको विवरण तलको तालिका-१३ अनुसार रहेको छ भने विस्तृत विवरण अनुसूची-१ को SA-३ मा उल्लेख गरिएको छ।

तालिका 14: वडा अनुसार सहकारी संस्थाहरूको विवरण

| क्र.स. | सहकारी संस्थाको नाम | सहकारी संस्थाको प्रकार | संस्था रहेको स्थान | | आवद्धता | | | | शेयर पुँजी रु. |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | नाम | वडा नं. | महिला | पुरुष | अन्य | जम्मा | |
| १ | सहिद स्मृति बहुउदेश्यिय सहकारी संस्था | बचत तथा ऋण | कुमालगाउ | ३ | ६० | १४८ | ० | २०८ | ५७०००००० |
| २ | किसान लघुवित्त वित्तीय संस्था | बचत तथा ऋण | कुमालगाउ | ३ | १२७५ | २५ | ० | १३०० | १८०००००० |
| ३ | जनकल्याण स्वावलम्वन बहुउदेष्यिय सहकारी | बचत तथा ऋण | कुमालगाउ | ३ | ३०० | २०० | ० | ५०० | ५०००००० |
| ४ | महिला उत्थान बहु उदेश्यीय संस्था | बचत तथा ऋण | कुमालगाउ | ३ | २२७ | ० | ० | २२७ | ११४००० |
| ५ | सरस्वती महिला विकास बचत तथा सहकारी | बचत तथा ऋण | कुमालगाउ | ३ | ४२० | ० | ० | ४२० | ९२९००० |
| ६ | हिमचुली कृषि सहकारी | बचत तथा ऋण | कुमालगाउ | ३ | १८०० | ३०० | ० | २१०० | ७७०००००० |
| ७ | नन्दा देबि महिला बिकास समाज | बचत तथा ऋण | कुमालगाउ | २ | ३० | ० | ० | ३० | २००००० |
| ८ | जनहित बहुउद्देश्यीय सहकारी सस्था | बचत तथा ऋण | कुमालगाउ | २ | २०० | १०० | ० | ३० | २७५००० |

*स्रोत :जल उपयोग गुरुयोजना, सामाजिक तथा प्राविधिक अध्ययन, २०८०*

# अध्याय-३: विद्यमान जलस्रोतहरूको अवस्था र प्रयोग

## ३.१. गाउँपालिकामा उपलब्ध जलस्रोतहरूको विवरण


नरहरिनाथ गाउँपालिका क्षेत्र भित्र रहेका पानीका स्रोतहरूको तथ्याङ्क विश्लेषण गर्दा जम्मा ८७७ वटा पानीका स्रोतहरू अवस्थित रहेको देखिन्छन् । गाउँपालिकाको भूगोल मध्यकर्णाली जलाधार क्षेत्र भित्र रहेको, गाउँपालिकामा पानीका स्रोतहरू विशेष गरि (वन तथा खुल्ला क्षेत्रबाट रिचार्ज भएको) वन जंगलमा मा निर्भर रहेको देखिन्छ । गाउँपलिकामा सरदर १३५२.७ मिमि औसत वार्षिक बर्षा मापन भएको मान्मा केन्द्रको तथ्याङ्कले देखाउदछ।

यहाँका स-साना मुहानहरूमा पानीको परिमाणको स्थिति बर्षाको पानीको स्रोत भएकाले नरहरिनाथ गाउँपालिका भित्रका पानीका स्रोतहरूमा पानीको मात्रा घट्ने क्रममा रहेको अनुमान गर्न सकिन्छ।

## ३.२. गाउँपालिकामा उपलब्ध जलस्रोतहरूको विश्लेषण

पानीको एकिकृत तथा समुचित व्यवस्थापनका लागि विद्यमान जलस्रोतहरूको विश्लेषण महत्वपुर्ण हुने गर्दछ। जल उपयोग गुरुयोजनाको अभिन्न अंगको रुपमा रहेको नरहरिनाथ अध्यायमा गाउँपालिका भित्रका पानीका स्रोतहरूको अवस्था ,गुणस्तर ,वर्तमानमा र भविष्य मा हुन सक्ने प्रयोगकोविश्लेषण गरिएको छ। समुदायका मानिसहरूले आफ्ना पानीजन्य आवश्यकताहरू जस्तै : पिउने पानी, खाना पकाउने लगायत अन्य घरायसी प्रयोजनका साथै उत्पादन मुलक पेशा व्यवसायका लागि स्रोतहरूमा पानी यथेष्ट परिमाणमा उपलब्ध छ वा छैन, उपलब्ध पानीको गुणस्तर के कस्तो रहेको छ, जलस्रोतहरूको विद्यमान प्रयोग स्थिति र भविष्यको उपयोगको संभावना केकस्तो रहेको छ-, पानी सम्बन्धी कुनै किसिमको विवाद छ छैन भन्ने / अवस्थाको विश्लेषणजल उपयोग गुरु योजनाको अध्ययन चरणमा सामाजिक तथा प्राविधिक अध्ययनका माध्यमबाट गरिएको छ। नरहरिनाथ गाउँपालिकामा हाल प्रयोगमा रहेका तथा भविष्यमा प्रयोगको सम्भावना रहेका पानीका स्रोतहरूको प्राविधिक अध्ययन , जानिफकारहरूसँगको अन्तरक्रिया तथा स्थलगत अवलोकनगरि यसअध्यायमा पानीका स्रोत हरू सम्वन्धि तथ्याङ्कहरूको बिबेचना गरिएको छ।

नरहरिनाथ गाउँपालिकामा विभिन्न निकाय तथा साझेदार संस्थाहरूले मापन गरेका जलस्रोतहरूको उपलब्ध तथ्याङ्कका आधारमा नरहरिनाथ अध्यायमा स्रोतहरूको विश्लेषण गरिएको छ। मापन भएका स्रोतहरूको गाउँपालिकाका विभिन्न वडा र गाउँपालिका स्तरमा गरिएका तथ्याङ्क प्रमाणीकरण कार्यशाला गोष्ठीहरूमा सूची तयार गरि अनुसूचीमा राखिएको छ। नरहरिनाथ गाउँपालिकामा मापन गरिएका कुल ८७७ बटा स्रोत मध्य ८४६ वटा स्रोतहरू मूल रहेका छन्। गाउँपालिका भित्र ३१ नदी/खोला जलस्रोतहरू मापन गरिएका छन्।




चित्र 9: गाउँपालिकामा मापनगरेको जलस्रोतहरूको विवरण


वडागत रुपमा जलस्रोतहरूको विवरण तलको तालिका-१६  मा प्रस्तुत गरिएको छ भने विस्तृत विवरण अनुसूची - २ मा दिइएको छ।

तालिका 15: पालिकामा विद्यमान जलस्रोतहरूको वडागत विवरण

| स्रोत प्रकार | वडागत रुपमा जलस्रोतहरूको विवरण | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | |
| मूल | ८९ | ६८ | १०८ | ९५ | १२२ | ७५ | १०६ | ७५ | १०८ | ८४६ |
| खोला | ० | २ | ५ | ३ | ४ | ३ | ९ | ० | ५ | ३१ |
| **जम्मा** | **८९** | **७०** | **११३** | **९८** | **१२६** | **७८** | **११५** | **७५** | **११३** | **८७७** |

### ३.२.१. स्रोतहरूको अवस्थितिको आधारमा जलस्रोतहरूको विश्लेषण

नरहरिनाथ गाउँपालिकामा रहेका विद्यमान स्रोत हरूको सम्भावित प्रयोजनलाई यकिन गर्नको लागि गरिएको सामाजिक तथा प्राविधिक अध्ययनको क्रममा हरेक स्रोत  र मुख्य बस्तिहरूको अवस्थित उचाई  GPS का माध्यमबाट मापन गरिएको थियो । विद्यमान स्रोतहरूको उचाई र उपलब्ध क्षमता मापनबाट स्रोत हरूको सम्भावित प्रयोजन र समेट्न सकिने बस्तिहरूको पहिचान तथा समग्र जलाधार क्षेत्र भित्र पानीको व्यवस्थापनको आकलन गर्न सकिने भएकाले गुरुयोजना निर्माण क्रममा स्रोतहरूको अवस्थिति पत्ता लगाईएको हो।




ग्राफ 3: अवस्थितिको आधारमा स्रोतको विवरण

नरहरिनाथ गाउँपालिकामा रहेका विद्यमान स्रोतहरूको अवस्थित उचाईको माध्यमबाट विश्लेषण गर्दा सर्वेक्षण गरिएका जम्मा ८७७ वटा मापन गरिएका स्रोतहरू मध्य १३४ वटा स्रोत हरू समुद्रसतह देखि १५०० मिटर सम्मका रहेका छन् भने ४५४ स्रोत हरू १५०० देखी २००० मिटर सम्मको उचाईमा अवस्थित छन् भने २८९ स्रोतहरू २००० मिटर भन्दा बढि उचाईमा अवस्थित छन्। उक्त  विद्यमान स्रोतहरूको अवस्थिति विश्लेषण ग्राफ नं. ३  मा उल्लेख गरिएको छ भने प्रत्येक स्रोतहरूको थप विस्तृत अनुसूची नं. २ मा उल्लेख गरिएको छ।

### ३.२.२. स्रोतहरूको क्षमताको आधारमा जलस्रोतहरूको विश्लेषण

नरहरिनाथ गाउँपालिकामा मापन गरिएका ८७७ वटा  स्रोतहरूमा उपलब्ध पानीको परिमाणको हिसाबले प्राविधिक विश्लेषण  गर्दा मापन गरिएका पानीका स्रोतहरू मध्य ५१२ स्रोतहरूमा पानीको बहाव ०.१ लिटर





ग्राफ 4: क्षमताको आधारमा स्रोतको विवरण

प्रति सेकेन्ड वा सो भन्दा कम रहेको छ। २५६ स्रोतहरूमा ०.१ लि. देखी ०.५ लिटर प्रति सेकेन्ड, ४९ स्रोतहरूमा ०.५ देखी १ लिटर प्रति सेकेन्ड सम्म रहेको छ भने बाँकी ६० स्रोतहरूमा मात्र पानीको बहाव १ लिटर प्रति सेकेन्ड वा सो भन्दा बढी पाईएको छ। ग्राफ-४ मा विद्यमान पानीका स्रोतहरूको क्षमता विश्लेषण गरिएको छ भने उक्त मूलहरूको थप विस्तृत प्राविधिक तथा सामाजिक विवरण अनुसूची नं. २ मा उल्लेख गरिएको छ ।

### ३.२.३. स्रोतहरूको गुणस्तरको आधारमा विश्लेषण

नरहरिनाथ गाउँपालिकामा मापन गरिएका १००८ वटा मुहानहरू ९७३ वटै मूल/मुहान रहेका छन्। जल उपयोग गुरुयोजनाको सर्वेक्षणका क्रममा गरिएका घरभेट, जानिफकार र लक्षीत समूहसँग गरिएका अन्तरक्रिया तथा छलफल, पानीका आधारित रोगहरूको स्थिति तथा गाउँपालिकामा गरिएका बैठकहरूका आधारमा गाउँपालिकामा ५५० स्रोतहरू गुणस्तरका दृष्टीकोणले सुरक्षित पाईएका छन् भने २४८ स्रोतहरू सामान्य उपचार सहित प्रयोगमा ल्याउन सकिने र २१० स्रोतहरूमा भने Treatment Plant लगायतका बिधी प्रयोग पश्चात मात्र प्रयोगमा ल्याउन सकिने विश्लेषण गरिएको छ।





ग्राफ 5: गुणस्तरका आधारमा स्रोतको विवरण

पानीको परिक्षण भइनसकेको हुदा सामान्यतया सवै मुहान/मूलको पानी भौतिक रुपमा हेर्दा धमिलोपना नभएको, गन्ध तथा स्वाद राम्रै भएकोले स्वीकार्य छ भन्न सकिन्छ तर रासायनिक तथा जैविक रुपमा पानी परीक्षणको नतिजाबाट मात्रै पानीको गुणस्तर थाहा हुने हुन्छ।

भविष्यमा खानेपानी प्रयोजनका लागि मुहानहरूको प्रयोग गर्दा मुहान तथा पानीको गुणस्तरलाई ध्यान दिई पानी परिक्षण गरेर मात्र योजनाहरूको निर्माण गर्न पर्ने तथा उपभोक्ताहरूलाई पनि सचेतिकरण गर्न पर्ने देखिन्छ । सुरक्षित गुणस्तर भएका मुहानहरूलाई पिउनको लागि प्रयोगमा ल्याउनु पर्ने र नराम्रो गुणस्तर भएका मुहानहरूलाइ शुद्धीकरण र सुधार पश्चात मात्र खानेपानी प्रयोजनका लागि प्रयोग गर्ने र अन्य स्रोतहरूलाई सिंचाइ तथा जलउर्जा प्रयोजनको लागि प्रयोग गर्न सकिने देखिन्छ।

### ३.२.४. स्रोतहरूको विद्यमान परिप्रयोग र उप-जलाधार क्षेत्रहरूमा सम्भावित उपयोगको आधारमा विश्लेषण

नरहरिनाथ गाउँपालिकामा गुरुयोजनाको तथ्याङ्क संकलन गर्दाको समय गरिएका छलफल, मापन गरिएको स्रोतहरुको क्षमता, गुणस्तर तथा अवस्थितिका आधारमा स्रोतहरुको वर्तमान तथा भविष्यमा हुन सक्ने उपयोगलाई तलको ग्राफमा प्रस्तुत गरिएको छ।




ग्राफ 6: उपयोगको आधारमा स्रोतको विवरण

## ३.३. विद्यमान खानेपानी योजनाहरूको अवस्था विश्लेषण

नरहरिनाथ गाउँपालिकामा विद्यमान जम्मा ९० वटा ग्राभिटि पाइप प्रणाली मार्फत खानेपानी उपभोक्ता तथा सरसफाइ समितिहरूले खानेपानी योजनाहरू व्यवस्थापन गरिरहेका छन्। जल उपयोग गुरुयोजनाको सर्वेक्षणका क्रममा गरिएका अन्तरक्रिया र वस्तुस्थिति विश्लेषणका साथै NWASH को तथ्याङ्कबाट अधिकांश योजनाहरूको संचालन तथा मर्मतको अवस्था सन्तोषजनक रहेको पाईन्छ। विद्यमान ९० वटै खानेपानी योजनाहरूबाट ३२७४ (७०.७८%) घरधुरीहरू लाभान्वित रहेका छन् भने नरहरिनाथ गाउँपालिकामा हाल निर्माणाधीन अवस्थामा रहेका १३ वटा योजनाहरू बाट ७५६ (१६.%) घरधुरीहरू लाभान्वित हुने देखिन्छ।

जल उपयोग गुरुयोजना निर्माणको अवधिमा संकलन गरिएको तथ्याङ्क को विश्लेषण गर्दा संरचना निर्माणको आधारमा हेर्दा सवै योजनाहरूमा संरचना निर्माण भई खानेपानी वितरण गरिएको भएतापनि हालको अवस्था हेर्दा योजनामा निर्मित संरचनाहरू कुनै आंशिक र कुनै पर्ण रुपमा बिग्रेको भएकाले सवै खानेपानी योजनाहरूलाई व्यवस्थित योजनामा राखिएको छैन। विद्यमान योजनाहरूमा उपभोक्ता समिति गठन भएको भएता पनि कमजोर संस्थागत व्यवस्थापन, मर्मत सम्भार कोष व्यवस्थापन र पानी सुरक्षाका उपायहरू

नअपनाएका कारण योजनाबाट उपभोक्ताले व्यवस्थित खानेपानीको सेवा प्राप्त गरेका छैनन्। विद्यमान खानेपानी योजनाहरूको अवस्था सम्बन्धी विस्तृत विवरण तालिका -१७ र अनुसूची-३ को TA-२ मा उल्लेख गरिएको छ।

तालिका 16: विद्यमान खानेपानी योजनाहरूको अवस्था विश्लेषण

| वडा नं. | सेवा क्षेत्रका लाभान्वित घरधुरी | प्रयोग गरिएका स्रोत | | | संचालन अवस्था | | | निर्माणाधीन योजना | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | व्यवस्थित योजना | अव्यवस्थित | असुरक्षित स्रोत | व्यवस्थित | सन्तोषजनक | अव्यवस्थित | संख्या | सेवा क्षेत्रका घरधुरी संख्या | |
| १ | ४८७ | ० | ५ | ९ | ० | ३ | ११ | २ | ७० | |
| २ | ४५१ | ० | ३ | १० | ० | ३ | १० | ० | ० | |
| ३ | ४५२ | ० | ३ | १० | ० | ३ | १० | २ | ११५ | |
| ४ | ६०३ | ० | ५ | १० | ० | ५ | १० | १ | १५ | |
| ५ | ४७० | ० | ४ | ४ | ० | ४ | ४ | ३ | ६२ | |
| ६ | ४६६ | ० | २ | ५ | ० | ३ | ४ | २ | १२७ | |
| ७ | ४८१ | ० | २ | ५ | ० | २ | ५ | २ | १०० | |
| ८ | ५५५ | ० | ५ | ४ | ० | ३ | ६ | ० | १२२ | |
| ९ | ६६० | ० | ३ | १ | २ | १ | १ | १ | १४५ | |
| जम्मा | **४६२५** | **०** | **३२** | **५८** | **२** | **२७** | **६१** | **१३** | ७५६ | |

*स्रोत :जल उपयोग गुरुयोजना , सामाजिक तथा प्राविधिक अध्ययन, २०८०*

## ३.३.१. विद्यमान योजनाहरू र सेवा क्षेत्र

नरहरिनाथ गाउँपालिकाका जल उपयोग  गुरुयोजनाको सर्वेक्षणका समय गरिएका बस्ति भेट र तथ्याङ्क प्रमाणीकरण कार्याशालाहरूमा आएको जानकारी र तथ्याङ्कहरूको विश्लेषण गर्दा गाउँपालिकाका कुल ४६२५ घरधुरीहरू मध्य करिब ३२७४(७०%) खानेपानी योजना हरूबाट लाभान्वित भएको पाइन्छ। जस मध्य वडा न १ .का भूगाडि, लोधकाउलिसेन,नरकुच्वा, लामपाडा, तललो डि के, नैनालमाणु ,धारी जुकेपानि लामपाटा आदिमा १४ बटा खानेपानीहरूले सेवा प्रवाह गरि ३६३ घरधुरीले खानेपानी सेवा प्राप्त गरेका छन्न। वडा नं. २ मा पनि १३ बटा खानेपानी आयोजना बाट खालि, महतरा टोल, अमनेपानी, घारी,भैसिखल, ढोगन्ना, लामापाटा, चौथिकोट, वनसुडा आदि बस्ति पर्छन्। वडाका सवै घर धुरीमा खानेपानीको सेवा पुगेपनि व्यबस्थित हुन सकेको छैन।  वडा नं. ३ मा मादगाउँ, भर्ता,माथिल्लो गोठी, जडेमुला, खोलोखेत, मादगाउ,कुमालगाउँ,कालाशिला आदि बस्तिहरू पर्छन्।. वडा नं. ४ का खातिरुप्सा,माथिघर हप्पघर,

भाटगाउँ, घोलेपानी अदेला, पाल्तगाउँ, माझगोठी, डोग।डा, माईकोरली, दोवाटा आदि बस्तिहरू पर्छन्।. वडा नं. ५ मा लुम, बडाबाझ कोटेना, खालपाटा, पैनेरा, पैनिवन, आदि बस्ति पर्छन्।. वडा नं. ६ मा चौथाटोल, लाउनतोला, धाचु,गैरेमूला आदि बस्तिहरू छन्। वडा नं. ७ मा सिरुगासा, बाहुनगाउ, देउपातल पिपलवन, आदि बस्तिहरू पर्छन्। वडा नं. ८ मा बलदेखुलालु, बसन्तपुर क, बसन्तपुर ख, खिरचाउका, धराली आदि बस्तिहरू पर्छन्। त्यस्तै वडा नं. ९ मा सितला, भिरकोट, चिनारि वनघर, सुनदरपानी, ढुंगेनी, भकुन्डे आदि बस्तिहरू पर्छन्।

विद्यमान खानेपानी योजनाहरूबाट लाभान्वित घरधुरी तथा जनसंख्याको विस्तृत विवरण अनुसूची ३ को- TA २ मा उल्लेख गरिएको छ ।

### ३.३.२. विद्यमान योजनाहरूको संचालनको अवस्था

नरहरिनाथ गाउँपालिकामा रहेका विद्यमान खानेपानी योजनाहरूमा प्राय जसो योजनाहरू योजनाबद्ध तरिकाले तथा निर्धारित प्राविधिक मापदण्ड अनुसार निर्माण नगरिएको, मर्मत सम्भारको आवश्यक व्यवस्था नभएको र योजनाहरूमा पानी सुरक्षा योजना लागु नगरिएको अवस्था रहेको छ। जल उपयोग गुरुयोजनाको सर्वेक्षणका समय गरिएका बस्ति भेट र स्रोत तथा संरचनाहरूको स्थलगत अवलोकन गर्दा गुणस्तरका आधारमा योजनाबाट वितरित खानेपानी पनि पूर्णरुपमा सुरक्षित रहेको देखिँदैन। संचालनमा रहेका योजनाहरूले योजना क्षेत्रका सवै घरधुरीहरूलाई नियमित सेवा दिन नसकेको अवस्था विद्यमान छ । विद्यमान योजनाहरूमा संरचनाहरू निर्माण गरिएको भएता पनि पानी शुद्धीकरण सम्वन्धित यथेष्ट संरचना नभएको, स्रोत/मूहानहरूमा बर्षा याममा भल काट्ने कुलेसो नबनाएको, विभिन्न कारणले दूषित हुने सम्भावना रहेको, केहि उपभोक्ता घरधुरीहरूले सिधै खोला खोल्सीको पानी उपभोग गरिरहेको सर्वेक्षणले देखाएको छ।

विद्यमान खानेपानी योजनाहरूमा अन्य व्यवस्थापकीय पक्षहरू हेर्दा ९० वटै खानेपानी योजनाहरूमा उपभोक्ता समितिको बैठक नियमित बस्ने नगरेको, उपभोक्ता समितिहरूमा महिलाको प्रतिनिध ३३% भन्दा कम रहेको र यसैगरि अनुपातिक हिसाबले जनजाति दलित तथा अन्य वर्गहरूको प्रतिनिधित्व नरहेको देखिन्छ। ९० वटै खानेपानी उपभोक्ता समितिले वार्षिक साधारण सभा गरि समितिका पदाधिकारीहरू छनौट तथा पुन: अनुमोदनको अभ्यास गरेको पाईंदैन । यसका ९०% खानेपानी आयोजनामा खानेपानीका उपभोक्ताहरूले पानी शुल्क संकलनको सुरुवात नै नभएको तथा अधिकांश योजनाहरूमा उपभोक्ता समितिका सदस्यहरू निस्कृय रहेका अवस्थाले खानेपानी योजनाहरूको व्यवस्थापकीय पक्ष कमजोर रहेको देखिन्छ। योजनाहरूको नियमित संचालन तथा व्यवस्थापनका लागि उपभोक्ता समिति दर्ता गराई कार्य संचालन गर्ने, संरचनाहरू प्राविधिक मापदण्ड अनुसार निर्माण गर्ने, नियमित रुपमा पानीको शुल्क संकलन, उ.स. को बैठक तथा वार्षिक साधारण सभा लगायत जनसुनवाई जस्ता कार्यक्रमहरू गर्न पर्ने देखिन्छ । आगामी दिनहरूमा गाउँपालिका भित्र सेवा नपुगेको क्षेत्रमा नयाँ योजनाहरूको निर्माण र सेवा पुगेको क्षेत्रमा विद्यमान योजनाहरूको अवस्था विश्लेषण गरि मर्मत सम्भार, पानी सुरक्षा/ शुद्धीकरण तथा दिगोपनाका क्रियाकलापहरू संचालन गर्न पर्ने आवश्यकता रहेको सरोकारवालाहरूको बुझाई रहेको छ। विद्यमान खानेपानी योजनाहरूको संचालन अवस्था तथ्याङ्क संकलनगर्ने क्रममा केहि योजनाहरूमा ईन्टेक लगायत

संरचनाहरू मर्मत गर्न  पर्ने देखिन्छ। विद्यमान खानेपानी योजनाहरू बाट लाभान्वित घरधुरी तथा जनसंख्या, बस्तिको विस्तृत विवरण अनुसूची-३ TA-२ मा उल्लेख गरिएको छ, भने वडागत शारांस विवरण तालिका-१६ मा उल्लेख गरिएको छ । योजनाहरूको विस्तृत विवरण N-WASH MIS Dashboard मा समेत उपलब्ध रहेको छ।

### ३.३.३. विद्यमान खानेपानी योजनाहरूको सुबिधास्तरको अवस्था विश्लेषण

नरहरिनाथ गाउँपालिकाका कुल ४६२५ घरधुरीहरूको विद्यमान खानेपानी योजनाहरूको सुविधास्तरको विश्लेषण गर्दा करिब ७०.७८ % घरधुरीहरूमा मात्रै खानेपानी प्रणालीको सुबिधा पुगेको देखिन्छ भने बाँकी २९.२२% घरधुरीहरूमा खानेपानी प्रणालीबाट सुबिधा पुगेको छैन । खानेपानी सुबिधाको पहुँच पुगेका घरधुरीहरू मध्य पनि २९ % घरधुरीहरूमा पानीको गुणस्तरको कारणले अब्यवस्थित स्रोतको पानी प्रयोग गरेको देखिन्छ त्यसै गरि ४८ % घरधुरीमा सिमित सुविधाको पानीको गुणस्तर रहेकोछ भने बाँकी २३ % घरधुरीमा अधारभूत स्तरको राष्टिय खानेपानी मापदण्ड सवै पुरानगरे पनि केहि हदमसम्म पुरागरि सुरक्षित खानेपानी सुबिधा पुगेको देखिन्छ । पालिकामा खानेपानीको सुबिधास्तरको सारांश विश्लेषण चित्र- ४ मा प्रस्तुत गरिएको छ भने वडागत सुबिधास्तर (घरधुरी) विवरण तालिका-१८ मा दिइएको छ ।

तालिका १८  : :वडागत रुपमा खानेपानीको सुबिधास्तर विवरण

| वडा नं. | जम्मा घरधुरी संख्या | सुबिधा स्तर बर्गिकरण (घरधुरी संख्या ) | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | सुबिधा नभएका | सिमित सुबिधा भएका | आधारभूत सुबिधा भएका | सुरक्षित व्यवस्थापन सुबिधा भएका | |
| १ | ४८७ | १२४ | २५२ | १११ | | |
| २ | ४५१ | ० | ३०३ | १४८ | | |
| ३ | ४५२ | १२५ | २६६ | ६१ | | |
| ४ | ६०३ | ६३ | ४६० | १५२ | | |
| ५ | ४७० | १६० | २५० | ८० | | |
| ६ | ४६६ | २१० | २०२ | १५ | | |
| ७ | ४८१ | ३२४ | १४७ | १० | | |
| ८ | ५५५ | १६८ | ३०४ | ८३ | | |
| ९ | ६६० | १७७ | ३४ | ३९६ | | |
| जम्मा | ४६२५ | १३५१ (२९) | २२१८ (४८) | १०५६ (२३) | | |

*स्रोत :जल उपयोग गुरुयोजना , सामाजिक तथा प्राविधिक अध्ययन, २०८०*

### ३.३.४. निर्माणाधीन योजनाहरू र लक्षित सेवाक्षेत्र विवरण

NWASH प्लान तथा जल उपयोग गुरुयोजना निर्माणको क्रममा संकलनगरिएका तथ्याङ्कहरू हेर्दा नरहरिनाथ गाउँपालिकामा १३ वटा निर्माणाधीन खानेपानी योजनाहरू रहेका छन् । निर्माणाधीन योजनाबाट करिब ७५६ (१६%) घरधुरीहरूमा व्यवस्थित खानेपानी सेवा सुचारु हुने देखिन्छन्। निर्माणाधीन खानेपानी योजनाका लाभान्वित घरधुरीहरूमा निजी धारा समेत जडान हुने हुदा खानेपानी व्यवस्थित तरिकाले वितरण हुने अपेक्षा गर्न सकिन्छ।

नरहरिनाथ गाउँपालिकामा निर्माणाधीन खानेपानी योजनाहरूको सेवाक्षेत्रको विश्लेषण गर्दा वडा नं १ का २ वटा आयोजनाहरूबाट ७० वटा घरधुरी लाभान्वित हुन्छन। वडा नं २ का निर्माणाधिन आयोजना छैन। ३ का २ वटा आयोजनाहरू बाट ११५ वटा घरधुरी लाभान्वित हुन्छन  भने वडा नं ४ का १ वटा आयोजनाबाट १५ वटा घरधुरी लाभान्वित हुन्छन। ५ का ३ वटा आयोजनाहरू बाट ६२ वटा घरधुरी लाभान्वित हुन्छन भने ६ का २ वटा आयोजनाहरू बाट १२७ वटा घरधुरी लाभान्वित हुन्छन। वडा नम्बर ७ का २ वटा आयोजनाहरू बाट २३१ वटा घरधुरी लाभान्वित हुन्छन  ८ मा कुनैपनि आयोजना छैन्। ९ का १ वटा आयोजनाहरू बाट १४५ वटा घरधुरी लाभान्वित हुन्छन् ।

वडागत रुपमा निर्माणाधीन खानेपानी योजनाहरूको संख्या, लाभान्वित हुने घरधुरी र जनसंख्या विवरण अनुसूची- ६ को OT-१ मा दिइएको छ।

## ३.४. विद्यमान सरसफाइ अभ्यासको अवस्था विश्लेषण

### ३.४.१. बस्तीहरूको खुला दिसामुक्त क्षेत्र तथा पूर्ण सरसफाइ स्थिति

नरहरिनाथ गाउँपालिका अन्तरगतका साबिकका गा.वि.स हरू खुल्ला दिसामुक्त भइसकेको भएतापनि  हाल ७% घरधुरीहरूमा शौचालय रहेको छैन। NWASH सर्बेक्षणको क्रममा १०% (४३९ ) घरधुरीहरूमा गरिएको सर्वेक्षण अनुसार ४३९ घरधुरीहरू मध्य ७% घरधुरीहरूमा शौचालय नभएको भेटिएको छ।शौचालय भएका घरधुरीहरू मध्य पनि ९० % घरधुरीहरूमा मात्रै सुधारिएको शौचालय भएको र बाँकी १०% घरधुरीहरूमा खाल्डे शौचालय वा अस्थाई प्रकारका शौचालयहरू रहेका छन्।  मुख्यतः शौचालय नहुनुको कारण अलग्गिएका धरघुरीहरू तथा शौचालय बिग्रे भत्केका घरधुरीहरू रहेका छन् । निर्माण भएका शौचालयहरू मध्य पनि उपयुक्त मर्मत सम्भार अभावका कारण प्रयोग बिहिन अवस्था भएको देखिन्छन् । गाउँपालिका भित्र सर्वेक्षण गरिएका केहि घरधुरीहरूमा सामाजिक कुरीतिहरू, अशिक्षा आदि कारणले महिनावारि भएको बेला महिलाहरूलाई शौचालय प्रयोग गर्न नदिने गरेको भन्ने पनि बस्ती स्तरको आमभेला र छलफलबाट देखिएको छ। गाउँपालिकाका बढि घरधुरीहरूले पशुपालन गरे पनि करिब १७% प्रतिशत भन्दा बढी घरधुरीहरूले पशुपालन गरि राखेको र गोठेमल व्यवस्थापनको अवस्था व्यवस्थित रहेको पाईन्छ । नरहरिनाथ गाउँपालिकाको मानिसहरू बस्ने आवासिय भवन भन्दा अलि टाढा सानो वा अस्थाई संरचना निर्माण गरि गोठको रुपमा प्रयोग हुने र पशुपंक्षी पालन गरिने साथै हिउदको समयमा पनि घरआगन भन्दा टाढा  पशु चौपाया  बाँधेर  पालन गर्ने भएकाले गोठेमल सँग सम्वन्धित सरसफाइ व्यवस्थापन गरेको देखिन्छ।

सरसफाइका अन्य महत्वपुर्ण भागहरू अन्तरगत भाडासुकाउने चांग र फोहरूफाल्ने खाडलहरू व्यवस्थापन पनि केहि केहि घरधुरीहरूमा देखिन्छ। आगामी दिनहरूमा नरहरिनाथ गाउँपालिकामा घरायसी तथा ब्यक्तिगत सरसफाइका क्रियाकलापहरू निर्माण र सचेतना लगायतका सामाजिक परिचालन गतिबिधिहरूमा गाउँपालिका लगायत अन्य सरकोकारवालहरूले प्राथमिकता दिनुपर्ने देखिन्छ। बुँदागत रुपमा घरायसी सरसफाइको अवस्था तालिका-१९ मा प्रस्तुत गरिएको छ।

तालिका १९: वडागत घरायसी सरसफाइको अवस्था विवरण

| वडा नं. | नमुना तथ्याङ्क संकलन घरधुरी संख्या | शौचालय भएका घरधुरी संख्या | सुधारिएको शौचालय भएका घरधुरी संख्या | घरधुरी स्तरको अन्य सरसफाइको अवस्था विश्लेषण | | | | | पूर्ण सरसफाइ | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | साबुन सहित हातधुने घरधुरी संख्या | च्यांग जुथ्यान भएका संख्या | व्यवस्थित ठोस फोहोर फाल्ने व्यवस्था भएका | दिसाजन्य लेदो व्यवस्थापन भएका | ब्यबस्थित पशुपालन र गोठे मल व्यवस्थापन भएका | घोषणा भएको (छ/छैन) | योजना छ (लक्षीत समय) |
| १ | 56 | ५४ | ४९ | ४३ | ४५ | ४१ | ० | १० | छैन | छ |
| २ | 43 | ३९ | ३९ | ३५ | ३४ | ३१ | ० | ७ | छैन | छ |
| ३ | 39 | ३९ | ३७ | ३७ | ३१ | २८ | ० | ७ | छैन | छ |
| ४ | 71 | ६४ | ६३ | १२ | ५७ | ५२ | ० | १२ | छैन | छ |
| ५ | 25 | २५ | २४ | ५ | २० | १८ | ० | ४ | छैन | छ |
| ६ | 36 | ३५ | ३४ | १४ | २९ | २६ | ० | ६ | छैन | छ |
| ७ | 61 | ५४ | ५१ | ३३ | ४९ | ४५ | ० | १० | छैन | छ |
| ८ | 53 | ४८ | ४८ | २४ | ४२ | ३९ | ० | ९ | छैन | छ |
| ९ | 55 | ५२ | ५० | १३ | ४४ | ४० | ० | ९ | छैन | छ |
| जम्मा | ४३९ | ४१० | ३९५ | २१६ | ३५१ | ३२० | ० | ७४ | | |
| प्रतिशत | | ९३% | ९०% | ४९% | ८०% | ७३% | 0% | १७% | | |

*स्रोत :NWASH सर्वेक्षण , २०८०*

## ३.४.२. विद्यालय तथा सार्वजनिक स्थलहरूको सरसफाइ अवस्था

सरसफाइ तथा स्वच्छता व्यवहार प्रवर्द्धनका लागि विद्यालय तथा संस्थागत सरसफाइ र स्वच्छता कायम हुन अति आवश्यक छ । बालबालिकाहरूले सरसफाइ तथा स्वच्छता कायम गर्न र व्यवहार परिवर्तनका कुराहरू विद्यालयबाट सिक्ने हुदा विद्यालयहरू परिवर्तनका लागि बाहक हुन । नरहरिनाथ गाउँपालिकामा जम्मा ४९ वटा विद्यालयहरू रहेका छन् जस मध्य सुरक्षित खानेपानी ३८ वटा (७७%), शौचालय ४५ (९१%) वटैमा, साबुनपानीले हात धुने व्यवस्था २९ (५९.%) र ठोस फोहोर संकलन र व्यवस्थापन २८ (५७%) विद्यालयहरूमा रहेको देखिन्छ। गाउँपालिकाका धैरै जसो विद्यालयमा खानेपानीको व्यवस्था भएको देखिएता पनि नेपाल सरकारको मापदण्ड अनुरुप विद्यार्थीको अनुपातमा आवश्यक पर्याप्त चर्पी र पानीको परिमाण कुनै पनि विद्यालय भएको देखिदैन ।

वडा तथा गाउँपालिका कार्यालयहरूमा रहेको खानेपानी तथा सरसफाइ अवस्थाको तथ्याङ्क अनुसार ९ वटा वडा कार्यालय र गाउँपालिकाको कार्यालय गरि १० वटा कार्यालय मध्य सवैमा खानेपानी, शौचालय र साबुनपानीले हात धुने व्यवस्था उपलब्ध रहेको, खानेपानी शुद्धीकरणका लागि वडाहरूमा फिल्टरको व्यवस्था गरेको देखिन्छ भने ठोस फोहर व्यवस्थापन भने एकदमै कमजोर रहेको देखिएको छ। विद्यालय र संस्थागत खानेपानी तथा सरसफाइ सम्बन्धी बिवारण तालिका-२० मा उल्लेख गरिएको छ।

तालिका २०: विद्यालय तथा संस्थागत खानेपानी र सरसफाइको अवस्था

| संस्थाको किसिम | वडा | संस्था को जम्मा संख्या | खानेपानी को व्यवस्था भएका संख्या | शौचालय को ब्यवस्था भएका | साबुन पानीले हात धुने व्यव स्था भएका | व्यवस्थित ठोस फोहोर व्यवस्थाप न भएका | दिसाजन्य लेदो व्यवस्थाप न भएका |
|---|---|---|---|---|---|---|---|
| विद्यालय | १ | ६ | 4 | 5 | 2 | 3 | 6 |
| विद्यालय | २ | ४ | 4 | 4 | 4 | 3 | 4 |
| विद्यालय | ३ | ४ | 3 | 4 | 3 | 3 | 4 |
| विद्यालय | ४ | ७ | 3 | 4 | 1 | 4 | 7 |
| विद्यालय | ५ | ६ | 3 | 5 | 2 | 3 | 6 |
| विद्यालय | ६ | ४ | 3 | 4 | 3 | 2 | 4 |
| विद्यालय | ७ | ४ | 4 | 4 | 4 | 4 | 4 |
| विद्यालय | ८ | ७ | 7 | 7 | 5 | 3 | 7 |
| विद्यालय | ९ | ८ | 7 | 8 | 5 | 3 | 8 |
| जम्मा | | ४९ | 38 | 45 | 29 | 28 | 52 |
| प्रतिशत | | | | | | | |
| वडा तथा गाउँपालिका कार्यालयको सरसफाइ अवस्था | | | | | | | |
| वडा कार्यालय | ९ | २ | ९ | ० | ९ | ९ | ९ |
| गाउँ पालिका | १ | १ | १ | 0 | १ | १ | १ |
| जम्मा : | | | | | | | |

*स्रोत :NWASH सर्वेक्षण , २०८०*

नरहरिनाथ गाउँपालिकामा जम्मा १५. वटा स्वास्थ्य संस्थाहरू रहेको देखिन्छ । जसमध्य सुरक्षित खानेपानी १० वटा संस्थाहरूमा, शौचालयको व्यवस्था १५ वटा स्वास्थ्य संस्थाहरूमा रहेको देखिन्छ तर स्वास्थ्य केन्द्र

बाहेक अरु कुनै पनि स्वास्थ्य ईकाईमा/संस्थाहरूमा साबुन पानीले हात धुने व्यबस्था, ठोस (कुहिने तथा नकुहिने छुट्याएर) तथा तरल फोहोर व्यवस्थापन राम्रो सँग व्यवस्थापन गरेको पाइदैन । नरहरिनाथको संख्यात्मक विवरण तालिका-२१ मा दिइएको छ।

तालिका २१: स्वास्थ्य संस्थाहरूमा खानेपानी तथा सरसफाइको अवस्था

| संस्थाको किसिम | वडा | संस्थाको जम्मा संख्या | खानेपानीको व्यवस्था भएका संख्या | शौचालयको ब्यवस्था भएका | साबुन पानीले हात धुने व्यवस्था भएका | व्यवस्थित ठोस फोहोर व्यवस्थापन भएका | दिसाजन्य लेदो व्यवस्थापन भएका |
|---|---|---|---|---|---|---|---|
| स्वास्थ्य संस्था (सरकारी) | ९ | १५ | १० | १५ | १० | १० | १० |
| **जम्मा :** | **९** | **१५** | **१०** | **१५** | **१०** | **१०** | **१०** |

*स्रोत :NWASH सर्वेक्षण , २०८०*

### ३.४.३. वातावरणीय सरसफाइको अवस्था

जल उपयोग गुरुयोजनाको सर्वेक्षणका क्रमका गरिएको छलफल अन्तरक्रियाका आधारमा नरहरिनाथ गाउँपालिकाको वातावरणीय सरसफाइको अवस्था हेर्दा गाउँपालिकामा बढ्दै गईरहेको जनसंख्याको चाप र स्थायी रुपमा कुमालगाउँमा मानिसहरूको आवागमन बढ्दा बाटोघाटो र सार्वजनिक स्थलहरूमा ठोस तथा तरल फोहोर पदार्थहरू थुप्रिने क्रम बढ्दै गईरहेको छ। यी समस्याहरूको समाधानका लागि सार्वजनिक स्थानहरूमा शौचालयहरूको निर्माण र निर्माण भएको ठाउँहरूमा उचित व्यवस्थापन र नयाँ निर्माणका लागि आवश्यक पहल गर्न पर्ने देखिन्छ। हाल गाउँपालिकामा सार्वजनिक शौचालयहरू नरहेको पाईन्छ। कर्णाली राजमार्गबाट गाउँपालिका प्रस्थान बिन्दुमा रहेको खुलालु बजारमा एक सार्वजनिक शौचालय आबस्यकता रहेको छ।

त्यसै गरि ठोस फोहरको व्यवस्थापनका लागि गाउँपालिकामा हालसम्म ल्याण्डफिल साइटको शुरुवात गरेको पाइएको छैन। त्यसको लागि गाउँपालिकाले बढ्दै गई रहेका बजार क्षेत्रहरूमा ठोस फोहर संकलन,गरि घर स्तरमै कुहिने फोहोर र नकुहिने फोहोर छुट्याउन सिकाए पनी नकुहिने फोहोरको व्यवस्थापन गर्न पर्ने देखिन्छ।

### ३.४.४. दिसाजन्य लेदो, ठोस फोहर तथा फोहरपानी व्यवस्थापनको विद्यमान अवस्था

ठोस फोहर व्यवस्थापनका साथै दिसाजन्य लेदो व्यवस्थापनको गाउँपालिका भित्र समस्याको रुपमा हाललाई नदेखिएको भएतापनि बजारका घरधुरीहरूमा शौचालयका खाडलहरू भरिदा त्यसलाई सफा गर्ने र

दिसाजन्य लेदो व्यवस्थापन गर्ने कार्य समस्याको रुपमा देखिन सक्छ। NWASH सर्वेक्षणको क्रममा संकलित तथ्याङ्कहरूको विश्लेषण गर्दा घरायसीस्तरका करिब ६०% घरायसी चर्पिको खाडल २ वर्ष भित्रै भरिन्छ भन्ने देखिन्छ भने बाँकी ३०% घरधुरीको चर्पीको खाडल ३-४ वर्षपछि भरिन्छ भन्ने देखिन्छ। ति भरिएका खाडलहरूको दिसाजन्य लेदोको ब्यवस्थापनको राम्रो सग नभएको कारणले गर्दा करिब ६० % घरधुरीहरूले चर्पी प्रदुषित/दुरगन्धित हुने गरेको देखिएको छ। निस्किने दिसाजन्य लेदो पनि असुरक्षित तरिकाले खेतबारी वा खोलानालामा फाल्ने भन्दा पनि अर्को खाल्टो खनेर नयाँ खाल्टोमा दिसा व्यबस्थपन गरि पुरानो खालटोको दिसालाई केहिसमय खाल्टोमा छोडेको खण्मा त्यो दिशा माटोमा परिणत भई मल बनाई व्यवस्थापन गर्दा राम्रो देखिन्छ। त्यसैले दिसाजन्य लेदोलाई विस्थापन गर्दा त्यसले वातावरणीय स्वच्छतामा हानी न पुऱ्याउनुका साथै मानव स्वास्थ्यमा समेत एकदमै प्रतिकुल असर नपार्ने तथा विभिन्न महामारीहरूको प्रकोप नढ्ने सम्भावना रहेको हुदा व्यवस्थापनका लागि पहल गर्ने बारेमा वडा तथा गाउँपालिका स्तरीय योजना तर्जुमा गोष्ठीमा भएको छलफलबाट समेत देखिएको छ ।

### सरसफाइ तथा स्वच्छता प्रवर्धनका लागि आनीबानी तथा व्यवहार परिवर्तन

गुरुयोजना निर्माणका क्रममा संकलित तथ्याङ्कसमुदाय भेटघाट र अन्तरक्रिया ,हरू कोआधारमा घर परिवार समुदाय तथा ,टोल ,गाउँपालिका स्तरमा निश्चित व्यवहारहरूको परिवर्तन जरुरी देखिएको छ। गाउँपालिकाले तपसिलका मुख्य क्षेत्रमा खानेपानीसरसफाइ तथा स्वच्छता र पानीको बहु उपयोगका , व्यवहार प्रवर्धनकालागि थप क्रियाकलापहरू संचालन गर्न पर्ने आवश्यकता देखिन्छ ।

१) पानीको उत्पादनशिल प्रयोग
२) स्रोत संरक्षणजलवायु परि ,जल भण्डारण-भू ,वर्तन अनुकुलन तथा विपद जोखिम व्यवस्थापन
३) खानेपानीको शुद्धता तथा सरसफाइ र स्वच्छता
४) वातावरणीय स्वच्छता
५) पानीको पहुँच र बहुउपयोगमा लैङ्गिक तथा सामाजिक समावेशीकरण
६) खानेपानी योजनाको उचित व्यवस्थापन , मर्मत सम्भार र उपभोक्ता समितिको सक्रियता
७) मर्मत सम्भार कोष संकलन तथा परिचालन

तालिका २२ : सरसफाइ तथा स्वच्छता प्रवर्धनका लागि गतिविधि तथा सुझावहरू

| क्र.स. | व्यवहार परिवर्तन केन्द्रित क्षेत्र | लक्षित वर्ग | जिम्मेवारी | सरोकारवाला निकाय | सञ्चार माध्यम |
|---|---|---|---|---|---|
| १ | खानेपानी शुद्धीकरण | घरपरिवार, विद्यालय तथा सार्वजनिक निकाय | गाउँपालिका, खानेपानी तथा सरसफाइ उपभोक्ता समिति तथा सार्वजनीक निकाय, समुदाय | बाल तथा युवा क्लव, आमा समूह, स्वास्थ्य स्वयंसेविका, स्वयंसेवक तथा सामाजिक परिचालन गर्ने संघसंस्था | रेडियो, टेलिभिजन, सामाजिक सञ्जाल, सामुदायिक परिचालन, प्रदर्शनी, सडक नाटक तथा विभिन्न सूचनामुलक सामग्री |

| क्र.स. | व्यवहार परिवर्तन केन्द्रित क्षेत्र | लक्षित वर्ग | जिम्मेवारी | सरोकारवाला निकाय | सञ्चार माध्यम |
|---|---|---|---|---|---|
| २ | वास (खानेपानी सरसफाइ र स्वच्छता) | घरपरिवार, विद्यालय तथा सार्वजनिक निकाय | गाउँपालिका, खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, स्वास्थ्य संस्था तथा सार्वजनीक निकाय | बाल तथा युवा क्लव, आमा समूह, स्वास्थ्य स्वयंसेविका, स्वयंसेवक तथा सामाजिक परिचालन गर्ने संघसंस्था | रेडियो, टेलिभिजन, सामाजिक सञ्जाल, सामुदायिक परिचालन, प्रदर्शनी (हाट बजार, मेला, भेला, विभिन्न अवसरहरू तथा बैठकहरूमा), सडक नाटक तथा विभिन्न सूचना तथा सन्देशमुलक सामग्री, विद्यालय तथा समुदाय स्तरीय प्रतियोगिताहरू |
| ३ | पानीका स्रोत संरक्षण | घरपरिवार, विद्यालय र खानेपानी तथा सरसफाइ उपभोक्ता समिति | खानेपानी तथा सरसफाइ उपभाक्ता समिति, समुदाय तथा गाउँपालिका | बाल तथा युवा क्लव, आमा समूह, कृषि समूह (साना किसान) तथा सामाजिक परिचालन गर्ने संघसंस्था | रेडियो, टेलिभिजन, सामाजिक सञ्जाल, सामुदायिक परिचालन, प्रदर्शनी (हाट बजार, मेला, भेला, विभिन्न अवसरहरू तथा बैठकहरूमा), सडक नाटक तथा विभिन्न सूचना तथा सन्देशमुलक सामग्री, विद्यालय तथा समुदाय स्तरीय प्रतियोगिताहरू |
| ४ | पानीको उत्पादनशिल तथा बहु प्रयोग | घरपरिवार, समुदाय, साना किसान | खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, गाउँपालिका, कृषक समूह तथा विकास साझेदारहरू | बाल तथा युवा क्लव, आमा समूह, कृषि समूह (साना किसान) तथा सामाजिक परिचालन गर्ने संघसंस्था | रेडियो, टेलिभिजन, सामाजिक सञ्जाल, सामुदायिक परिचालन, प्रदर्शनी (हाट बजार, मेला, भेला, विभिन्न अवसरहरू तथा बैठकहरूमा), सडक नाटक तथा विभिन्न सूचना तथा सन्देशमुलक सामग्री, विद्यालय तथा समुदाय स्तरीय प्रतियोगिताहरू |

| क्र.स. | व्यवहार परिवर्तन केन्द्रित क्षेत्र | लक्षित वर्ग | जिम्मेवारी | सरोकारवाला निकाय | सञ्चार माध्यम |
|---|---|---|---|---|---|
| ५ | वातावरणीय स्वच्छता | घरपरिवार तथा समुदाय | विद्यालय, समुदाय, गाउँपालिका तथा सार्वजनिक निकाय | बाल तथा युवा क्लव, आमा समूह, गाउँप्रहरी कृषि समूह (साना किसान तथा सामाजिक परिचालन गर्ने संघसंस्था, सुरक्षा निकाय | रेडियो, टेलिभिजन, सामाजिक सञ्जाल, सामुदायिक परिचालन, प्रदर्शनी (हाट बजार, मेला, भेला, विभिन्न अवसरहरू तथा बैठकहरूमा), सडक नाटक तथा विभिन्न सूचना तथा सन्देशमुलक सामग्री, विद्यालय तथा समुदाय स्तरीय प्रतियोगिताहरू |
| ६ | जलवायू अनुकुलन तथा विपद जोखिम न्यूनीकरण | घरपरिवार, साना किसान, समुदाय | गाउँपालिका, विद्यालय, कृषि समूह, खानेपानी तथा सरसफाइ उपभाक्ता समिति, | बाल तथा युवा क्लव, आमा समूह, गाउँप्रहरी कृषि समूह (साना किसान तथा सामाजिक परिचालन गर्ने संघसंस्था, सुरक्षा निकाय | रेडियो, टेलिभिजन, सामाजिक सञ्जाल, सामुदायिक परिचालन, प्रदर्शनी (हाट बजार, मेला, भेला, विभिन्न अवसरहरू तथा बैठकहरूमा), सडक नाटक तथा विभिन्न सूचना तथा सन्देशमुलक सामग्री, विद्यालय तथा समुदाय स्तरीय प्रतियोगिताहरू, जोखम पूर्व सूचना प्रणाली |

## ३.५. विद्यमान सिंचाइ योजनाहरूको अवस्था विश्लेषण

### ३.५.१. विद्यमान सिंचाइ योजनाहरू र सेवाक्षेत्र

नरहरिनाथ गाउँपालिकाको कुल भू-भाग १४३.८७ वर्ग कि.मि. अर्थात २८३१३६.१६रोपनी रहेको छ। उक्त भू-भाग मध्य खेतियोग्य जमिनको भू-भाग करिब २६.७३ वर्ग कि.मि. अर्थात ५३४५६ रोपनी (१८.५८%) रहेको छ। नरहरिनाथ गाउँपालिकामा विद्यमान ५५ वटा कुलो सिंचाइ योजनाहरू रहेको छन् भने २८ वटा लधु सिंचाइ योजना रहेका छन्। ति विद्यमान सिंचाइका योजनाहरू बाट ४३६८ घरधुरीहरूको करिब १३६२२ रोपनी अर्थात् कुल खेतियोग्य भू-भाग मध्य करिब २५% जमिन बर्षातको समयमा सिचित भइरहेको छ।

नरहरिनथ गाउँपालिकामा निर्माण भएका विद्यमान सिंचाइका योजनाहरू नेपाल सरकारको सिंचाइ बिभाग तथा विभिन्न संघ संस्थाहरूको आर्थिक सहयोगमा निर्माण भएका हुन्। नरहरिनाथ गाउँपालिकामा निर्माणाधीन ४ (चारवटा) सिंचाइका योजनाहरू मध्य घट्टेखोला देखि पहडेनी सीचाईकुलो, र मुंग्राहा देखि राउतेवाडा सम्म सिंचाइकुलो वडा नम्बर १ मा पर्छन भने बेडुल्ला सिंचाइ वडा नम्बर ३ मा पर्छ भने झारपातल देखि ओडिखोला सिंचाइ वडानम्बर ७ मा पर्छ।निर्माण पश्चात ९८० रोपनी जग्गा सिंचित गर्ने यि आयोजनाको लक्ष्य रहेको छ । सिंचाइ योजनाहरूको शारांश विवरण तलको तालिका-२३ मा दिएकोछ भने विस्तृत विवरण अनुसूची-५, SA-८  मा प्रस्तुत गरिएको छ ।


तालिका २३ :  वडागत रुपमा सिंचाइ योजना र सिंचित क्षेत्रफल (रोपनीमा)

| वडा नं. | विद्यमान सिंचाइ योजनाहरूको विवरण | | | | निर्माणाधीन सिंचाइ योजना | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | कुलो सिंचाइ | | लघु/अन्य सिंचाइ | | कुलो सिंचाइ | | लघु/अन्य सिंचाइ | | |
| | संख्या | सेवा क्षेत्र (रोपनी) | योजना संख्या | सेवा क्षेत्र (रोपनी) | योजना संख्या | सेवा क्षेत्र (रोपनी) | योजना संख्या | सेवा क्षेत्र (रोपनी) | |
| १ | २ | ५४६ | १२ | १०८५ | २ | ५०० | | | |
| २ | ७ | २२८५ | १ | ३६६ | | | | | |
| ३ | ११ | ३०८० | | | १ | ३०० | | | |
| ४ | १२ | ८३९ | ११ | ५०४ | | | | | |
| ५ | ११ | २११६ | | | | | | | |
| ६ | ४ | ५५३ | | | | | | | |
| ७ | १ | १२० | | | १ | १५० | | | |
| ८ | ३ | ७६० | ४ | २९९ | | | | | |
| ९ | ४ | ११४० | | | | | | | |
| **जम्मा** | **५५** | **११४३९** | **२७** | **२१८३** | **४** | **९८०** | | | |

*स्रोत :जल उपयोग गुरुयोजना , सामाजिक तथा प्राविधिक अध्ययन, २०८०*

### ३.५.२. विद्यमान सिंचाइ योजनाहरूको संचालनको अवस्था

नरहरिनाथ. गाउँपालिकामा रहेका ८३ वटा विद्यमान कुलो सिंचाइ योजनाहरूको संचालन तथा मर्मत सम्भारको अवस्थाको विश्लेषण गर्दा सवै योजनाहरूबाट हाल मौसमी सिंचाइ सुविधा उपलब्ध भएता पनि सवै योजनाहरूमा कुलोमा चुहावट भइरहेको हुदा सानो देखि ठूलो मर्मत समेत गर्न पर्ने देखिएको छ। विद्यमान योजनाहरूको सामाजिक तथा प्राविधिक सर्वेक्षण अनुसार  ५५ वटा विद्यमान सिंचाइ कुलो योजनाहरू मध्य ६ वटा योजनाहरू सन्तोषजनक रुपमा संचालित रहेको, ४३ वटा  सिंचाइ योजनाहरू आंशिक  संचालनमा रहेका र ६ वटा  सिंचाइ योजनाहरू पूर्णरुपमा बन्द रहेको भएका छन्। लघु सिंचाइका २८ वटा योजनाहरू मध्य १७ वटा राम्रो सँग संचालनमा रहेको८ वटा आंशिक रुपमा संचालन भइरहेको र २




ग्राफ 7 : सिंचाइ योजनाहरूको संचालन अवस्था

वटा योजनाहरू बन्द भएका छन्।यसका साथै संचालनमा रहेका योजनाहरूमा मर्मत सम्भार तथा पानी बाडफाड व्यवस्थापनका लागि सिंचाइ उपभोक्ता समिति समेत गठन गरिएको र योजनाको नियमानुसार सन्तोषजनक ढंगबाट संचालन रहेका छन्।

विद्यमान सिंचाइ योजनाहरूको अवस्था सारांश चित्र-८ मा प्रस्तुत गरिएको छ भने योजनाहरूको संचालन तथा मर्मत सम्भारको अवस्था अनुसूची-५, TA-३ मा उल्लेख गरिएको छ।

### ३.५.३. निर्माणाधीन सिंचाइ योजनाहरू र लक्षित सेवाक्षेत्र

नरहरिनाथ गाउँपालिकामा सिंचाइ तर्फ .वडा नम्बर १ मा २ वटा सिंचाइ आयोजना ,घट्टेखोला देखि पहाडेनि सिंचाइ र मुग्राहा देखि राउतेवाड सम्म सिंचाइ छन् भने वडा नम्बर ३ मा बेडुल्ला सिंचाइ आयोजना र वडा नम्बर ७ मा झारपातल सिंचाइ आयोजना रहेको छ। यस्ले निर्माण सम्पन्न भए पस्चात ६८० घर धुरिको १२६७ रोपनी क्षेत्र सिंचाइ गर्ने छ।

## ३.६. विद्यमान जलवायु परिवर्तन अनुकुलन/ विपद जोखिम व्यवस्थापन तथा स्रोत संरक्षण योजनाहरूको अवस्था विश्लेषण


नरहरिनाथ गाउँपालिकामा जलवायु परिवर्तन अनुकुलन/विपद जोखिम व्यवस्थापन तथा स्रोत संरक्षण सम्बन्धी ३८ वटा योजनाहरू विद्यमान योजनाको रुपमा रहेका छन्। ति ३८ वटा विद्यमान योजनाहरूबाट नरहरिनाथ. गाउँपालिकाका करिब ८४६ घरधुरीहरू लाभान्वित भइरहेका छन्। जलवायु परिवर्तन अनुकुलन/विपद जोखिम व्यवस्थापन तथा स्रोत संरक्षणका योजनाहरू मध्य वडा नं १ मा ८ वटा, वडा नं २ मा ४ वटा, वडा नं ३ मा ८ वटा , ४ मा ३ वटा, वडा नं ५ मा ७ वटा , ६ मा २ वटा, वडा नं ७ मा २ वटा वडा नं ८ मा २ वटा र वडा नं ९ मा २ वटा योजनाहरू रहेका छन्।

जल उपयोग गुरुयोजना तयारीका लागि गरिएको तथ्याङ्क संकलनतथा अवस्था विश्लेषण अनुसार नरहरिनाथ गाउँपालिकामा हालसम्म वातावरण तथा पर्यावरण सम्बन्धी योजना तथा क्रियाकलापहरू पर्याप्त मात्रामा संचालन तथा व्यवस्थापन हुन नसकेको देखिन्छ । स्थानीय स्तरमा जनचेतना तथा इच्छा शक्तिको अभाव, साधन स्रोतको कमी प्रदेश र स्थानीय सरकारको अधिकारका क्षेत्र तथा ,संघ , सम्बन्धीत विकास सम्बन्धीतकार्यालयहरू कोग्रामिण क्षेत्रमा गरिने विकास निर्माण कार्यहरूमा समन्वय अभाव जस्ता कारणले खासै उपलब्धि हासिल हुन नसकेको सरोकारवालाहरूको बुझाई रहेको छ। यसकारण आगामी दिनहरूमा

क्षेत्रगत योजना निर्माण गर्दा वातावरण, पर्यावरण तथा जलवायु अनुकुलन सम्बन्धी कृयाकलापहरू अन्य आयोजनाहरूको अन्तरनिहित कृयाकलापको रुपमा समेत संचालन गर्न पर्ने देखिन्छ ।

नरहरिनाथ बाहेक विश्वभरि भइरहेको प्राकृतिक स्रोतहरू माथिको अति दोहन, बढ्दो प्रदुषण र जलवायुमा परिरहेको त्यसको प्रत्यक्ष असरले गर्दा अतिवृष्टि , अनावृष्टि र यसबाट सिर्जित प्राकृतिक प्रकोपहरू को संख्या पनि बढ्दो छ।

राष्ट्रिय जलवायु परिवर्तन नीति , २०६७ अनुसार.नेपालको अधिकतम तापक्रम प्रतिवर्ष सरदर ०.०६ डिग्री सेल्सियसका दरले वृद्धि भएको देखिन्छ। नेपालले विश्वको कुल हरित ग्याँसको करिब ०.०२५% मात्र उत्सर्जन गरेता पनि वायुमण्डलीय तापक्रम वृद्धिका कारण नेपाल अधिक रुपमा प्रभावितहुदै गइरहेको छ। यहाँ वार्षिक वर्षा तथा तिब्र वर्षा हुने गरेको छ। लामो समय सम्म खडेरी पर्ने ,चक्रमा हेरफेर, पानी पर्ने समय र अवधिमा पनि परिवर्तन हुदै गइरहेको छ।




ग्राफ 8: जलवायु परिवर्तन अनुकुलन/ विपद जोखिम व्यवस्थापन तथा स्रोत संरक्षण

कालिकोट जिल्ला अन्तर्गत रहेको नरहरिनाथ गाउँपालिकामा पनि पछिल्ला वर्षहरूमा बर्षातको समयमा ठूलो पानी पर्ने र त्यसले गर्दा गाउँपालिका भित्र रहेका खोलाखोल्सीहरूमा पानीको बहाव बढ्दा बाढी आउने , नदी खोलाको कटान हुने र जसको प्रत्यक्ष असर खानेपानी सरसफाइ तथा स्वच्छता ,निर्माण हुदै गरेको सडक तथा बालीनालीहरूमा परिरहेको छ। वर्षातको समयमा पर्ने अतिवृष्टिले गाउँपालिकाका धेरैजसो बस्तिहरूमा पहिरो बाढीको कारणले ठूलो ,धनजनको क्षति हुने गरेको छ।

## ३.६.१. विद्यमान योजनाहरू र सेवाक्षेत्र

.नरहरिनाथ. गाउँपालिकामा विद्यमान जलवायु अनुकुलन/विपद जोखिम न्यूनीकरण तथा वातावरण पर्यावरण संरक्षण सम्बन्धी २० वटा योजनाहरू रहेका छन्। ति योजनाहरूलाई ३ वटा उप-क्षेत्रहरूमा बिभाजन गरेर हेर्दा स्रोत संरक्षण तथा व्यवस्थापन अन्तर्गत १ वटा, प्रकोप जोखिम व्यवस्थापन अन्तर्गत २० वटा योजना र जलवायु परिवर्तन अनुकुलन सम्बन्धी १ वटा योजनाहरू रहेका देखिन्छन। वडा नम्बर १ मा १ पहिरो नियन्त्रण , वडा नम्बर २ मा १ पहिरो नियन्त्रण ,वड नम्बर ३ मा ५ वटा पहिरो नियन्त्रण र १ जलवायु परिवर्तन, वडा

नम्बर ४ मा १० वटै पहिरो नियन्त्रण र वडा नम्बर ५ मा ३ वटा पहिरो नियन्त्रण र १ संरक्षण तथा व्यवस्थापनआयोजना रहेका छन्।

### ३.६.२. विद्यमान योजनाहरूको संचालनको अवस्था

वातावरण तथा पर्यावरण संबन्धि योजनाहरू मध्य तटबन्ध तथा नदी/खोला नियन्त्रणका योजनाहरू त्यति दिगो भैरहेको देखिदैन। जलवायु परिवर्तनका असरले गर्दा बर्षातको समयमा अत्यधिक ठुलो पानी पर्ने र खोला तथा नदीहरूमा पानीको मात्रा अत्यधिक बढ्ने हुदा तटबन्धहरू बगाउने गरेको, जसले गर्दा संचालन तथा मर्मत सम्भारमा समस्या हुने गरेको छ। साथै विकासको नाम्मा जतातत्तै सडक निर्माण गर्ने प्रवृतिले पनि बाढि पहिरोलाई बढावा दिएको देखीन्छ ।

## ३.७. विद्यमान जल उर्जा योजनाहरूको अवस्था विश्लेषण

नरहरिनाथ गाउँपलिकामा जलउर्जाको क्षेत्रमा ४७ वटा सुधारीएको र ५६ वटा परम्परागत घट्टका गरि जम्मा १०३ वटा घट्टका योजनाहरू विद्यमान योजनाको रुपमा रहेका छन्। प्राप्त तथ्याङ्कलाइ विश्लेषण गर्दा उक्त योजनाहरूबाट गाउँपालिकाका ४८५० घरधुरीहरूले सेवा लिईराखेका छन्। उक्त योजनाहरूको थप योजनागत विवरण अनुसूचि नं. १० मा उल्लेख गरिएको छ।

गाउँपालिकामा १ वटा साना जलबिद्युत योजना संचालनमा नरहेका छ उक्त योजनाहरूबाट 240 किलोबाट विधुत उत्पादन भएको थियो। हाल केन्दिय प्रसारणलाईन बाट वडा नम्बर १, २ र ३ का केहि घर धुरीहरूले बत्ति बालनु भएको छ भने अन्य घर धुरीहरूले पानि बत्ति बाल्ने क्रम्मा हुनु हुन्छ।

### ३.७.१. विद्यमान योजनाहरू र सेवाक्षेत्र

विद्यमान जल उर्जाका १ वटा योजनाहरू रहेको छ जुन अहिले बन्द अवस्थामा रहेको छ। वडा नं ७ मा अवस्थित यो जलबिद्युत आयोजनाबाट २४९ बाट विधुत निकालिएको थियो। यसबाट वार्ड नम्बर ७,६,५,४,३,८ र ९ वडाका जन्ताले सेवा प्राप्त गर्न भएको थियो।

जल उर्जाका वडागत रुपमा योजनाहरू र लाभान्वित घरधुरीहरूको शारांश विवरण तालिका-२४ मा प्रस्तुत गरिएको छ भने विस्तृत विवरण अनुसूची-५, TA-८ मा उल्लेख गरिएको छ।

तालिका २४ : वडागत जलउर्जाका योजना संख्या र लाभान्वित घरधुरीहरूको विवरण

| वडा न | विद्यमान जलउर्जाका योजनाहरूको विवरण | | | | | |
|---|---|---|---|---|---|---|
| | विद्युतिकरण* | | | | पानी घट्ट | |
| | पिको (१० KW सम्म ) | माइक्रो (१०- १०० KW सम्म | मिनी ( १०१ KW- २ MW ) | हाइड्रो ( २ MW भन्दा बढी) | परम्परागत | सुधारिएको |
| १ | | | | | ४ | २ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | | | | | ० | ० |
| ३ | | | | | ६ | ५ |
| ४ | | | | | ८ | ३ |
| ५ | | | | | ३ | १२ |
| ६ | | | | | ९ | ० |
| ७ | | | १ ( २४० कि वा ) | | १० | ९ |
| ८ | | | | | ७ | ० |
| ९ | | | | | १० | १६ |
| **जम्मा :** | | | | | **५६** | **४७** |

*स्रोत :जल उपयोग गुरुयोजना , सामाजिक तथा प्राविधिक अध्ययन, २०८०*

## ३.८. जलस्रोतहरूको दिगो उपयोगका लागि संस्थागत/उपयोग सम्बन्धी संयन्त्र

नरहरिनाथ गाउँपालिका भित्ररहेका खोला , नदी  र बर्षातको समयमा अस्थायी मुहानको रुपमा बाहिर निस्किने पानी नै अधिकांश पानीका स्रोतहरू हुन। स्रोतहरूको पानी  कुनै न कुनै रुपमा जमिन भित्र छिर्ने र त्यहि पानी मुलको रुपमा निस्केर बाहिरने हुदा मुहान नदी लगायत पानीको पनि संरक्षण र व्यवस्थापन  गर्न पर्ने देखिन्छ। हाल गाउँपालिकामा जलस्रोतहरूको दिगो उपयोगका लागि विशेष कुनै ऐन, नीति तथा कार्ययोजना निर्माण गरेको नरहेता पनि त्यसको लागि संस्थागत रुपमा गाउँपालिकाले वातावरण संरक्षण तथा व्यवस्थापन कार्यविधि २०७५ निर्माण गरि कार्यनवयनमा ल्याएको छ। उपभोक्ता समितिहरूको संस्थागत विकासका लागि स्थानीय  तहका उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७५ तयार गरि  कार्यान्वयनमा रहेको छ। योजना तर्जुमा गोष्ठीमा भएको छलफल अनुसार जलस्रोतहरूको दिगो उपयोगका लागि खानेपानी उपभोक्ता तथा सरसफाइ समिति लगायत सम्पूर्ण उपभोक्ताहरूको अहम भूमिका रहने हुदा उपभोक्ता समितिहरूको क्षमता विकास गर्ने, खानेपानी ऐन २०४९ र खानेपानी नियमावली २०५२ अनुसार खानेपानी उपभोक्ता समितिहरूलाई गाउँपालिकामा दर्ता तथा नबिकरण गर्न आवश्यक नीति निर्माण गरि त्यसको कार्यान्वयन गर्न पर्ने देखिन्छ । त्यसैगरि उपभोक्ता समिति गठन , परिचालन तथा व्यवस्थापन सम्बन्धी  कार्यविधि लगायत वातावरण तथा पर्यावरणको संरक्षण र व्यवस्थापनका लागि संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधिका निर्माण गरि जलस्रोतको एकिकृत व्यवस्थापनका लागि पहल गर्न पर्ने देखिन्छ ।

त्यसै गरि खानेपानी सरसफाइ तथा स्वच्छता व्यवस्थापनका लागि ,गाउँपालिका तथा वडास्तरका संयन्त्रहरू जस्तै ,खानेपानी  सरसफाइ तथा स्वच्छता समन्वय समितिहरू लाई सक्रिय बनाउने , वातावरण तथा पर्यावरण संरक्षणका लागि स्थानीय समुदायलाइ नै सक्रिय वनाउने, र उनीहरूसीप र  को परम्परागत ज्ञान दक्षताको प्रयोग  गरि पर्यावरणको संरक्षणका साथै समुदायको जल , जंगल र जमिनसँग सम्वन्धीतक्रियाकलापहरूको माध्यमबाट जीविकोपार्जनमा सुधार ल्याउने कार्यहरू अति आवश्यक देखिन्छन् ।

यसका साथै जलाधार क्षेत्रहरूको संरक्षण र वन तथा वातावरणको अति दोहन रोक्न सामुदायिक वन उपभोक्ता समूहहरूको क्षमता विकासमा सहयोग पुरयाउदै आइरहेको छ। गाउँपालिकाको हाता भित्रको वातावरण तथा पर्यावरणको संरक्षणका लागि भौतिक पुर्बाधारका कुनैपनि ठुला योजनाहरू निर्माण गर्न भन्दा पहिले प्रारम्भिक वातावरणीय सर्वेक्षण र परीक्षण गर्न पर्ने व्यवस्था लागू गर्न पर्ने आवश्यकता रहेको छ।

## ३.९. जलस्रोतमा विवाद

जलस्रोतको उपभोग र स्वामित्वका सन्दर्भमा समुदायमा सामाजिक, राजनीतिक र आर्थिक लगायत विभिन्न सरोकार र चाहनाले पानी प्रयोग र बाँडफाँड सम्बन्धी विवादहरू हुने गरेका पाईन्छन्। गाउँपालिकाको जल उपयोग गुरुयोजनाको तथ्याङ्क संकलनगर्दा भएका छलफल, अवलोकन, बस्ति तथा वडा/गाउँपालिका स्तरमा भएको अन्तरक्रियाको आधारमा प्राय: धेरै जसो पानी सँग सम्वन्धित कार्यहरूका लागि मुहान, कुवा, नाउला, र नदी/खोलाको पानीको प्रयोग भैरहेको हुदा घरायसी, सामुदायिक वा अन्तरपालिका स्तरमा विवादहरू रहेको पाईन्छ। जल उपयोग गुरुयोजना तयारिका समय गरिएका समुदाय केन्द्रित छलफलहरूमा प्राप्त जानकारी अनुसार उपभोक्ता समिति मार्फत संचालित खानेपानीबाट वितरण हुने खानेपानीको गुणस्तर, परिमाण सम्बन्धी सामान्य विवादहरू आउने गरेका छन्। तुलनात्मक रुपमा छरिएको बस्ति रहेको हुदा पानीको बाँडफांड गर्दा र धाराहरू राख्दा दुरीको कारणले गर्दा कुनै समुदायमा घरायसी स्तरमा विवादहरू आउने गरेको पाईन्छ। यसका अतिरिक्त सामुदायिक वनहरूको प्रयोग संरक्षित क्षेत्र (मन्दिर सार्वजनिक) जग्गा आदि वरिपरिको जग्गा जमिनमा हुने अतिक्रमणको कारणले पनि व्यक्ति-व्यक्ति, समुदाय वा अन्तर वडा र अन्तरपालिका तहमा विवादहरू हुने गरेको र सो को स्थानीय स्तरमै समाधान भई रहेको सरोकारवालाहरूले जानकारी दिएका छन्। जल उपयोग गुरुयोजना सर्वेक्षणका क्रममा गरिएका समुदाय भेटघाट र अन्तक्रियाबाट प्राप्त जानकारी अनुसार केहि समुदायमा फरक जातजातिहरूको बसोबास रहेको अवस्थामा खानेपानीको स्रोत र धारा प्रयोगको बेला दलित र गैह्र दलित घरधुरी समुदायको समुदायको बीचमा विवाद हुने गरेको पाईएको छ ।

# अध्याय-४ : गुरुयोजना कार्यन्वयन रणनीति र परिकल्पना

## ४.१. गाउँपालिकाको रणनीतिक प्राथमिकता

नरहरिनाथ. गाउँपालिकाको जल उपयोग गुरुयोजनाको समीक्षा तथा समायोजन कार्य स्थानीय जनप्रतिनिधिहरू लगायत विद्यमान सरोकारवालाहरूको व्यापक सहभागिता, सकृयता तथा चरणबद्ध कार्यतालिका अनुसार गाउँपालिकाका बस्तीहरूको वास्तविक अवस्था, विद्यमान स्रोत साधनहरूको सम्भावना तथा वर्तमानको वास्तविक आवश्यकतामा आधारित भई निर्माण गरिएको छ । गाउँपालिकाले हाललाई पञ्चबर्षीय (२०८० देखि २०८५ सम्मकालागि) योजना क्षेत्रगत रुपमा आवधिक परिकल्पनाहरू निर्माणगरि गुरुयोजनाले निर्धारण गरेका योजना तथा कार्यक्रमहरूलाई कार्यान्वयन गर्ने लक्ष्य कायम गरिएको छ । नरहरिनाथ गाउँपालिकाले तपसिल बमोजिमका क्षेत्रगत परिकल्पनाहरू तथा योजना प्राथमिकीकरणका आधारहरू योजना तर्जुमा गोष्ठी मार्फत तय गरेको छ। नरहरिनाथ गाउँपालिकाले खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापनका लागि दिगो विकास लक्ष्य (सन् २०३०)अनुसार नेपाल सरकारको लक्ष्य पुरा गर्न निम्न अनुसारका परिकल्पनाहरू र रणनीतिहरू अवलम्वन गर्नेछ ।

### क्षेत्रगत परिकल्पना :

**खानेपानी तथा सरसफाइ क्षेत्र :**

**परिकल्पना:**

"घरघरमा धारा नरहरिनाथको नारा,
स्वच्छता र दिगोपनमा लागि परौ सारा"

**सिंचाइ तथा निकास क्षेत्र**

**परिकल्पना:**

"तरकारी खेति र फलफुल खेति गरि उत्पादन बढाऔ,
सिंचाइ तथा आयआर्जन गरि समृद्ध नरहरिनाथको पहिचान बनाऔ"

**वातावरण तथा पर्यावरण क्षेत्र**

**परिकल्पना:**

"वातावरण र जलधार क्षेत्र जोगाउने हाम्रो चाहाना,
हरियाली वनजंगल नैहो नरहरिनथको गहना"

## ४.२. जलाधार क्षेत्र व्यस्थापनका लागि एकिकृत जलस्रोत व्यवस्थापन

नरहरिनाथ गाउँपालिकामा मुख्यजलाधार क्षेत्रको रुपमा रहेको कर्णाली नदी र उप जलाधारको रुपमा रहेका- रहागार्डको पानी कर्णाली नदीमा मिसिन्छ।नरहरिनाथ गाउँपालिकामा प्राय सवै जसो नदी घाटी तथा जलाधार क्षेत्रहरूको नजिकै वरिपरी मानिसको वस्ती रहेको पाईन्छ। गाउँपालिकामा समुदायका मानिसहरूले जीविकोर्पाजनको लागि आवश्यक पर्ने सिंचाइ, माछापालन आदिका लागि जलाधार तथा उपजलाधार - क्षेत्रहरू मा निर्भर हुदै आएकाछन्।जलाधार तथा उपजलाधार क्षेत्रमा रहेका समुदाय-हरूको जीविकोपार्जन र प्राकृतिक स्रोतहरू को बीचमा गहिरो सम्बन्ध रहेको हुन्छ।

नरहरिनाथ गाउँपालिकाले जलाधार क्षेत्रमा एकिकृत जलस्रोत व्यवस्थापनका सिद्धान्तमा आधारित जल उपयोग गुरुयोजना लागु गरि समग्र पर्यावरणको दिगोपनमा संझौता नगरिकन समन्यायिक तवरले आर्थिक सामाजिक लगायत जल, जमिन तथा सम्बद्ध स्रोत साधनहरूको समन्वयात्मक विकास तथा व्यवस्थापन गर्ने नीति लिएको छ।

खानेपानी तथा सरसफाइमा पहुँचलाई संयुक्त राष्ट्रसंघले आधारभूत मानव अधिकारको रूपमा घोषणा गरेको र नेपालको संविधानले समेत आधारभूत मानव अधिकारको रूपमा आत्मसात गरेकोले नरहरिनाथ गाउँपालिकाले खानेपानी तथा सरसफाइलाई आधारभूत अधिकारको रूपमा सेवा विकास गर्ने नीति लिएको छ।

एकिकृत जलस्रोत व्यस्थापन लागु गर्नको लागि गाउँपालिकाले जल उपयोग गुरुयोजनालाई एक औजारको रुपमा अवलम्वन गरेको छ। एकिकृत जलस्रोत व्यवस्थापनका डब्लिन सिद्धान्तहरू तथा जलस्रोतको उपयोग एवं जलस्रोतहरूको संरक्षणका लागि बनेका जलस्रोत सम्बन्धी नेपाल सरकारका ऐन, कानून, नीति एवं योजनाहरूको परिपालना गर्दै नरहरिनाथ गाउँपालिकाको जल उपयोग गुरुयोजनाले यसका लक्ष्य तथा उद्देश्यहरू हासिल गर्न तपसिल अनुसारका नीति नियमको तर्जुमा तर्फ ध्यान दिनु पर्ने आवश्यकता रहेको छ।

- एकिकृत जलस्रोत व्यवस्थापन मार्फत योजना तर्जुमा
- योजना तर्जुमा नीति निर्माण र कार्यान्वयनमा ,सवै कोसहभागिता
- पानीको बहुउपयोगीताविवेकपूर्ण उपयोग तथा उत्पादनशिल प्रयोग ,
- जलवायु परिवर्तन अनुकुलन र जोखिम व्यवस्थापनका लागि नीति तर्जुमा ,सरोकारवालाहरूको क्षमता विकास र ठोस कार्यान्वयन
- पानीको पुनर्भरण, पुनर्धारण र पुनर्प्रयोग लगायत समुदायका मौलिक सिपहरूको उपयोग मार्फत पानीका स्रोतहरूको संरक्षण

समग्रमा एकिकृत जलस्रोत व्यवस्थापनका माध्यमले समग्र जलाधार क्षेत्रको समुचित र विवेकपुर्ण विकास गर्न , जलाधार क्षेत्र भित्रको सम्पूर्ण प्राकृतिक स्रोतहरूलाई एकिकृत एवं दिगोरुपमा विकास गरि गरिबी न्यूनिकरण गर्न गाउँपालिकाको वार्षिक योजना तर्जुमामा सरोकारवाला साझेदारहरू समुदाय र ,जनप्रतिनिधिहरूले ठोस योजना निर्माणगरि कार्यान्वयन गर्न पर्ने आवश्यकता रहेको र सो का लागि सवैको सहकार्य ,साझेदारी र प्रतिवद्धता रहेको जल उपयोग गुरुयोजना निर्माणका क्रममा आयोजना गरिएका योजना तर्जुमा गोष्ठीहरूमा

सरोकारवालाहरूको धारणा रहेको छ। एकिकृत जलस्रोत व्यवस्थापनका लागि विभिन्न क्रियाकलापहरू योजना तर्जुमा गोष्ठी मार्फत सहभागीहरूले गाउँकार्यपालिकामा सिफारिस गरि गुरुयोजनामा प्राथमिकीकरण सहित समावेश गरेका छन्।

## ४.३. एक जल नीति तथा अवधारणा

जलाधार क्षेत्र व्यवस्थापन अन्तरगत स्रोतहरूको संरक्षण र व्यवस्थापन, जलाधार र समुदायमा पानीको विद्यमान अवस्था विचार गर्दै दिगो उपयोग नीति र पानीको उत्पादनसिल उपयोगमा एक जल अवधारणाले जोड दिन्छ। एक जल अवधारणाको अवलम्वनले समग्र प्रणालीगत दृष्टीकोणले उपयोग गरि पानीको आपुर्ति र सरसफाइको गुणस्तरीय सेवा, परिणाम र समतामुलक जलस्रोत व्यवस्थापन गरि पानीको दिगोपना हासिल गर्न मद्दत गर्दछ । एक जल प्रणाली अन्तर्गत निम्न कार्यहरू प्राथमिकताका साथ गरिन्छ ।

- सुरक्षित रुपमा खानेपानीको व्यवस्थापन, बहु उपयोगी जल प्रणाली र खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरू मार्फत प्रभावकारि रुपमा योजना तर्जुमा, कार्यान्वयन र व्यवस्थापन,
- दिसाजन्य लेदोको सुरक्षित ढंगले व्यवस्थित तथा दिगो व्यवस्थापन सेवा, त्यसको उपचारका लागि आवश्यक प्लान्ट र त्यसको पुनउपयोगबाट आर्थिकोपार्जनको अवसरहरू प्रदान गर्ने,
- स्थानीय सरकार र समुदायका साझेदार सरोकारवालाहरूको क्षमता विकास र जलस्रोतको न्यायोचित व्यवस्थापन गर्ने,
- पानीको दिगो सेवाका लागि राम्रोसँग संरक्षित र व्यवस्थित पानी प्रभावित क्षेत्रहरूमा पारिस्थितिकीय जल प्रभाव सुनिश्चित गर्ने।

नरहरिनाथ गाउँपालिकाले गाउँपालिका स्तरको योजना तर्जुमा गोष्ठी मार्फत एक जल अवधारणाको सिद्धान्तलाई अवलम्वन गर्ने गरि एकिकृत जलस्रोत व्यवस्थापन कार्यान्वयन गर्ने नीति लिने प्रतिवद्धता गरेको छ । नरहरिनाथ गाउँपालिकाले एक जल अवधारणामा तपशिलका कार्यगत सिद्धान्तहरूको कार्यान्वयन गरि एकिकृत एवम् समावेशी जलस्रोत व्यवस्थापन तथा पानीको दिगो बहुउपयोगको विकास गर्ने नीतिमा सरोकारवालाहरूले छलफल गरेका थिए।।

- "सवै पानीको मूल्य हुन्छ" भन्ने सिद्धान्तलाई नरहरिनाथ गाउँपालिकाले अवलम्वन गर्नेछ ।
- जलस्रोतको उत्पादनशील तथा बहुउपयोग गरि आर्थिक सम्पन्नता हासिल गर्ने सिद्धान्तलाई नरहरिनाथ गाउँपालिकाले अवलम्वन गर्नेछ ।
- जलस्रोत संरक्षण तथा पानीको बहुउपयोग गर्नका लागि कार्यविधि बनाई व्यवस्थित प्रणाली कार्यान्वयन गर्नेछ ।
- जलाधार र उपजलाधार क्षेत्रस्तरमा नरहरिनाथ गाउँपालिकाले जलस्रोत व्यवस्थापन र सहकार्य गर्नेछ । गाउँपालिकाले आफ्नो भौगोलिक क्षेत्र भित्रका उपजलाधार क्षेत्रहरूमा जलस्रोत व्यवस्थापन गर्नेछ । साथै गाउँपालिका भन्दा ठुलो भौगोलिक क्षेत्रमा फैलिएको जलाधार क्षेत्र व्यवस्थापनमा सहकार्य गर्नेछ ।

- जलस्रोतको संरक्षण, उपयोग, र व्यवस्थापनका लागि गाउँपालिकाले सरकारी निकाय, समुदाय, संस्था, र निजी क्षेत्रसँग साझेदारि तथा सहकार्य गर्नेछ ।
- जलस्रोतको संरक्षण, उपयोग, र व्यवस्थापनमा सवैको सहभागिता हुनेछ र व्यवस्थापन संरचनाहरू समावेशी हुनेछ ।
- जलस्रोतको उपयोग तथा व्यवस्थापन क्षेत्रमा कार्यरत सरोकारवालाहरूको साझा समस्या तथा चुनौतिहरूलाई नरहरिनाथ गाउँपालिकाले एक जल अवधारणा तथा नरहरिनाथको कार्यान्वयन मार्फत दिगो समाधान गर्नेछ ।

एक जल अवधारणाको कार्यान्वयन मार्फत नरहरिनाथ गाउँपालिकाका प्रत्येक व्यक्ति, समुदाय, प्रत्येक सरोकारवाला तथा प्रत्येक समूहको जलाधार वा उपजलाधार क्षेत्रमा दिगो पानीको भविष्य सुरक्षित गर्नमा भूमिका हुनेछ ।

## ४.४. लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण अवधारणा र एकिकृत जलस्रोत व्यवस्थापन

समुदायको अवस्था विश्लेषण गर्दा पानी सँग सम्बन्धीत क्रियाकलापहरूमा घरायसीस्तरमा महिलाहरू तथा जीविकोपार्जन वा उत्पादनशिल प्रयोगको हिसाबले समुदायका केहि निश्चित वर्ग, समुदायको पानी सँग बढी सरोकार हुने हुदाजल उपयोग  गुरुयोजनाको तयारी चरण देखि कार्यन्वयन तहसम्म महिला र त्यस्ता वर्गहरूको सहभागिता र नेतृत्व सुनिश्चित गरिन्छ । गुरुयोजनाले पानी र जलस्रोतको विनियोजन, सुशासन र वित्तका पक्षहरूमा पहुँचमा सवैभन्दा ठूलो असमानताहरू अनुभव गर्ने जनसंख्याको विशेष आवश्यकताहरूलाई सम्वोधन गर्दै उमेर, लिंग, धर्म, जाति, अपाङ्गता, भूगोलका आधारमा आउने अवरोधहरू र त्यसबाट आधारभूत सेवाहरूको पहुँचमा पर्ने असरलाई कम गर्ने  र प्राथमिकता दिन सहयोग पुरयाउदछ । नरहरिनाथ जल उपयोग  गुरुयोजनाको कार्यान्वयन प्रकृयामा पारदर्शीता, सहभागिता र जवाफदेहिताको अभ्यास मार्फत सुशासनको प्रवर्द्धन र लैङ्गिक समानता तथा सामाजिक समाबेशिकरण को सुनिश्चितता गराउन तपसिलका नीति लिईने छ।

- प्रत्येक वर्ष नरहरिनाथ गाउँपालिका लगायत अन्य कार्यरत संघ संस्थाहरूको जलस्रोत, सरसफाइ र स्वच्छता को क्षेत्रमा उपलब्ध बजेट समीक्षा गरि सो बारे सवै उपभोक्तालाई अग्रिम जानकारी गराइनेछ।
- उपलब्ध बजेट तथा जलस्रोत, सरसफाइ र स्वच्छतासित सम्बन्धीतअन्य सुचना तथा जानकारीमा सवै उपभोक्ताहरूको पहुँचका लागि आम संचार माध्यमको प्रयोग गरिनेछ।
- यो जल उपयोग  गुरुयोजना नरहरिनाथ गाउँपालिका भित्र जलस्रोत , सरसफाइ र स्वच्छताका क्षेत्रमा गरिने सम्पुर्ण लगानीहरूको प्रमुख आधारको रुपमा रहनेछ । उपलब्ध बजेट तथा स्रोत साधनले सम्भव भए सम्म परियोजनाहरू कार्यान्वयन गर्दा जल उपयोग  गुरुयोजनामा उल्लेखित प्राथमिकता अनुरुपनै गरिनेछ ।

- जल उपयोग  गुरुयोजना तर्जुमाको चरणमा झै नरहरिनाथको कार्यान्वयनमा समेत महिलाहरूको समान सहभागिता तथा दलित, जनजाति तथा पछाडी पारिएको वर्गको समानुपातिक प्रतिनिधित्व हुने गरि सम्बन्धीतउपभोक्ताहरूको सक्रिय सहभागिता रहनेछ। परियोजनाहरूको निर्माण, संचालन तथा मर्मत सम्भार सम्बन्धीतउपभोक्तहरूले गठन गरेको उपभोक्ता समितिको प्रत्यक्ष संलग्नतामा हुनेछ।
- सवै उपभोक्ता समितिहरूमा सम्बन्धीतक्षेत्रमा बसोवास गर्ने महिलाहरूको समान तथा विभिन्न जात जातिहरूको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गरिनेछ । समितिका प्रमुख पदहरूमा समेत महिलाहरूको कम्तिमा ५०%,  सामाजिक बिभेदमा परेका जात जातिहरूको समानुपातिक प्रतिनिधित्व अनिवार्य गर्राईनेछ।
- गुरुयोजना कार्यान्वयनमा उपभोक्ता समिति गठन तथा पुनर्गठन गर्दा लैङ्गिक  समानता तथा सामाजिक समाबेशिकरण लाई ध्यान दिदै महिलाहरूको समान सहभागिता तथा दलित, जनजाति तथा पछाडी पारिएको वर्गको समानुपातिक प्रतिनिधित्व हुने गरि पदाधिकारी तथा सदस्यहरू समावेश गरिनेछ ।
- यो जल उपयोग  गुरुयोजना कार्यान्वयनको क्रममा महिला र सामाजिक बिभेदमा परेका जात जातिहरूको  क्षमता अभिबृद्धीका लागि विशेष पहल गरिनेछ । उनीहरूलाई नै लक्षित गरेर विभिन्न क्षमता विकास क्रियाकलापहरू संचालन गरिनेछन् । क्षमता विकासका कृयाकलापहरूको लागि सहभागी छनौट गर्दा समेत लैङ्गिक समानाता तथा सामाजिक समाबेशिकरण लाई ध्यान दिनुपर्नेछ ।
- स्रोत र साधनले भ्याए सम्म नरहरिनाथ अन्तरगत निर्माण गरिने सवै भौतिक संरचनाहरूलाई महिला, बालबालिका, अपाङ्ग र बृद्ध मैत्री बनाइनेछन्। मुख्यतया खानेपानी र सरसफाइ परियोजनाका सवै संरचनाहरू महीलाहरूको महिनावारीको बेलाको स्वच्छता व्यवस्थापन, छुट्टै शौचालयको व्यवस्था र उनीहरूको घरायसी कार्य बोझ न्यूनिकरण हुनेगरि निर्माण गरिनेछन् ।
- खानेपानी सरसफाइ र स्वच्छताको कभरेज कम भएका क्षेत्रलाई प्राथमिकता दिने र बजेट वृद्धि गर्ने तदनुसार विनियोज बजेटले अति-गरिब र पछाडि पारिएका  वर्गहरूको उच्च जनसंख्या भएको क्षेत्रलाई प्राथमिकतामा राखिनेछ।
- खानेपानीको धारा, शौचालय निर्माण गर्दा आवश्यक पर्ने लागतमा गरिब तथा सीमान्तकृत परिवारलाई सहुलियत दिइनेछ ।
- कठिन परिस्थिति र विशेष अवस्थाका कारण पानीको महसुल तिर्न नसक्ने गरिब तथा सीमान्तकृत समुदायलाई पानीको महसुलमा अनुदान वा छुट दिइनेछ ।
- खानेपानी सम्बन्धी सचेतना अभियान र सरसफाइ अनिवार्य हुनुपर्छ । सचेतनामा लै स सा स को बिषय समावेश हुनुपर्दछ सवै प्रशिक्षणमा अनिवार्य; महिला, सीमान्तकृत र पछाडि पारिएका वर्गलाई GESI सम्बन्धी तालिम दिइनेछ ।
- ग्रामीण मर्मत सम्भार कार्यकर्ता र शौचालय निर्माणकर्ता छनोटको मापदण्ड महिला, गरिब र बहिष्कृत वर्ग मैत्री हुनेछ।
- महिला, गरिब र बहिष्कृतका मुद्दाहरूलाई सम्वोधन  गर्न खानेपानी उपभोक्ता तथा सरसफाइ समितिका लागि सम्झौतामा शर्तहरू हुनेछन् ।

- महिला, गरिब र बहिष्कृतको आवश्यकतालाई सम्वोधन गर्ने क्रियाकलापका लागि पर्याप्त बजेट विनियोजन गर्ने, यी समूहको क्षमता अभिवृद्धि गरि दक्ष कार्य गर्ने ।
- निर्माण सामग्री खरिद गर्दा महिला सहकारी तथा अन्य महिला, गरिब र बहिष्कृत समूहलाई सामग्रीको स्थानीय आपूर्तिकर्ताको रूपमा प्रवर्धन गरिनेछ ।
- अनुगमन समूहमा महिला, बालबालिका, गरिब तथा बहिष्करणमा परेकाको सहभागिता सुनिश्चित गर्ने ।
- सार्वजनिक लेखापरीक्षण गर्दा जीईएसआई मुद्दाहरू र सार्वजनिक अडिट दिशानिर्देशहरू अनुसार सम्वोधन गरिनेछ ।
- अति-गरिब र गरिब वर्गको उच्च जनसंख्या भएका क्षेत्रहरू प्राथमिकता र तदअनुसार बजेट विनियोजन ।
- नरहरिनाथ गुरुयोजना अर्न्तगत निर्माण गरिने सवै योजनाहरूमा सुशासन नीति अगाल्दै अनिवार्य रुपमा सार्वजनिक सुनवाई, सार्वजनिक समीक्षा र सार्वजनिक परिक्षण गरिनेछन् । यी सवैमा कार्यहरूमा आम उपभोक्ता र सेवा प्रदायक बीचको अन्तरकृया र संवादलाई विशेष जोड दिइनेछ । परियोजनाहरूका भौतिक संरचनाहरू र तिनले प्रदान गर्ने सेवाको गुणस्तर र दिगोपनाको लागि उक्त योजना कार्यान्वयन गर्ने संस्था पुर्णरुपमा जवाफदेहि हुनेछ ।

## ४.५. पानीको उत्पादनशिल प्रयोग

पानीलाई खानेपानी प्रयोजनका लागि मात्रै प्रयोग गर्ने तर संस्थागत र दिगो विकासका लागि ध्यान नदिदा समुदायमा योजनाहरू डिजाइन अवधिसम्म संचालनमा राखिराख्न समस्या रहेको स्थिति विद्यमान छ। योजनाहरूमा पानी उपयोग बापतको शुल्क उठाउने र उठेको रकमबाट योजनामा हुन आउने विभिन्न स-सकिए योजनाहरूको संचालनलाई साना मर्मत कार्यहरूमा उपयोग गर्न - सहज र दिगो बनाउन सकिन्छ। गाउँपालिकामा गरिएका प्राविधिक र सामाजिक सर्वेक्षणमा गरिएका छलफलमा पानी शुल्क उठाउने र योजनाहरूको उपभोक्ता स्तरबाटै स्व-स्फुर्त समयानुकुल मर्मत सम्भार गर्ने गरेको निकै नै कम अभ्यास छन् । पानीको उपभोगमा पुस्तान्तरण गर्न र दिगो योजनाका लागि संस्थापन व्यवस्थापन, मर्मत सम्भार कोष, पानी शुल्क लगायत पारदर्शी संयन्त्नर स्थापना र समावेशीताका सिद्धान्त अवलम्वन गर्न आवश्यक देखिन्छ। पानीको उत्पादनशिल प्रयोग मार्फत समुदायको आयआर्जन वृद्धि गर्न सकिए कोष उठाउन र योजनाहरूको मर्मत सम्भार समयमा गरि पानीको उपभोग दिगो र निरन्तर गर्न सकिन्छ।

समुदायमा पानीको बहु-उपयोग मार्फत उत्पादनशील क्षेत्रहरूमा प्रयोग गर्ने, धाराबाट खेरजाने पानी करेशाबारी तथा तरकारी खेतिमा प्रयोग गर्ने, स्रोतहरू उपलब्ध हुने समुदाय तथा बस्तिहरूमा पानीको बहु-उपयोग गर्ने नीति अपनाई खानेपानी सँगै आधुनिक सिंचाइका योजनाहरूको पनि कार्यान्वयन गर्ने तर्फ गाउँपालिकाले नीति तर्जुमा गरि कार्यान्वयनमा जानु दिगो योजना कार्यान्वयनका लागि आवश्यक छ । खेरजाने पानीले समुदायको वातावरणलाई फोहोर तुल्याउनका साथै विभिन्न रोगहरू/महामारीहरू समेत निम्त्याउन सक्ने, लामखुट्टे, झिंगा जस्ता किराहरूको प्रकोप बढ्ने हुदा त्यसको उचित व्यवस्थापन गरिने नीति अवलम्वन

सहित पानीको प्रयोग मार्फत आयआर्जनका अवसरहरू श्रृजना गर्ने र समुदायले पानीको उपयोग बापतको शुल्क संकलन गरि पानीका योजना तथा स्रोतहरू संरक्षणमा लगानी गर्ने, ससाना आर्थिक स्रोतहरूका लागि बाह्य स्रोत र परनिर्भरता हटाउन पानीलाई उत्पादनशिल प्रयोग गर्न आवश्यक देखिन्छ। जल उपयोग निर्माणका क्रममा नरहरिनाथ गाउँपालिका भित्र पानीको उत्पादनशिल प्रयोग गर्न सक्ने अवस्था पर्याप्त रहेका र पानीको बहुउपयोगीता तथा दिगो संस्थागत व्यवस्थापकिय पक्षमा जोड दिनु पर्ने सरोकारवालाहरूको बुझाई रहेको छ।

## ४.६. जलस्रोतको उपयोगका लागि विकल्प तथा प्रविधिहरू

जलवायु परिवर्तन लगायत प्रकृतिमा हुदै गईरहेको असन्तुलनले गर्दा पानीका स्रोतहरूमा पानीको बहाव कम हुदै गईरहेको तथा बर्षातको समयमा अतिवृष्टि हुदा पहिरो जाने, बस्तिहरू बाढीमा पर्ने समस्याहरू दिनानुदिन बढ्दै गईरहेका छन् । त्यसकारण जलस्रोतको समुचित उपयोगका लागि विभिन्न बिकल्प तथा प्रविधिहरू आवश्यक पर्ने हुदा यस नरहरिनाथ गाउँपालिकाका लागि आवश्यक विकल्पहरू निम्न अनुसार रहेका छन् ।

- नरहरिनाथ गाउँपालिकामा खानेपानीको मुख्य स्रोत मूल, खोला, कुवा आदि रहेको र पानीमा विभिन्न रासायनिक तथा जैविक प्रदुषण हुने भएकोले सवै खानेपानी योजनाहरूमा पानी सुरक्षा योजना निर्माण गरि लागु गर्न आवश्यक देखिन्छ ।
- व्यवस्थित खानेपानी योजनाबाट खानेपानी आपूर्ति गर्न पानी सुरक्षा योजना तयार गरि कार्यान्वयन गर्न सकिन्छ ।
- विद्यमान, निर्माणाधिन र नया निर्माण हुने सिंचाइ योजनाहरूबाट पनि सिंचित हुन नसक्ने खेतियोग्य भू-भागहरूमा नजिकको खोला/नदीबाट पानी तान्ने प्रविधिहरू अंगाल्न सकिने देखिन्छ ।
- बाढी पहिरोको बेला बस्ति/घरहरू बाढी पहिरोमा परेको खण्डमा सामुहिक आवासका लागि सेफ हावस अथवा सुरक्षित आश्रयस्थल हरू निर्माण गर्न सकिने देखिन्छ ।

## ४.७. मापदण्डमा आधारित प्राथमिकीकरण औजारहरू (CBRT)

खानेपानीका योजनाहरूको वडा र गाउँपालिकास्तरमा प्राथमिकीकरणका लागि युएसएआइडी कर्णाली जल परियोजनाले मापदण्डमा आधारित प्राथमिकिकरणका औजारहरू (CBRT tools) को प्रयोग गरिन्छ। जल उपयोग  गुरुयोजनाका खानेपानी क्षेत्रका योजना प्राथमिकीकरणमा प्रयोग भएको यो औजारको प्रयोग गर्न निकै सहज योजना तर्जुमा र प्राथमिकीकरणमा हुने ,बिवाद न्यूनिकरणमा सहयोगी रहेको ,गरिब, विपन्न र पछाडी पारिएका वर्ग/ क्षेत्र /समुदायहरूलाई प्राथमिकता दिने, खानेपानीको पँहुच नपुगेका  सेवा बिहीन भौगौलिक कठिनाई भएका सेवाकेन्द्र लगायत ,बस्ति घनत्व भएको स्थान विशेष का योजनाको मागसम्वोधन गर्नका साथै समतामुलक ढंगबाट माग सम्वोधन  गर्न अत्यन्तै महत्वपूर्ण रहेको योजना तर्जुमा गोष्ठीका सहभागीहरूको प्रतिक्रिया रहेको थियो।

मापदण्डमा आधारित प्राथमिकीकरण औजारहरू र सूचकहरूको विवरण तलको तालिका२-४ र २५ मा प्रस्तुत गरिएको छ।

**<u>नयाँ निर्माण प्रस्ताव गरिएका योजनाको प्राथमिकताका लागि सिबिआरटी सूचक तथा अंकभार</u>:**

नयाँ निर्माण आयोजनाका लागि देहाय अनुसारका सिबिआरटी सूचक तथा अंकभार बमोजिम विश्लेषण गरी प्राथमिकता निर्धारण गरिएको छ । यस विश्लेषणमा आयोजनाहरुले ३ देखि ३६ प्राप्त गर्ने छन् र धेरै अंक प्राप्त गर्ने आयोजनालाई उच्च प्राथमिकता दिइएको छ ।

तालिका 17 : (नयाँ निर्माण) समुदाय तथा योजना छनौट मापदण्ड

| क्र.सं. | मुख्य सूचक | | अंकभार | कैफियत |
|---|---|---|---|---|
| १ | समाजमा पछाडि परेका समुदायहरुको घरधुरी प्रतिशत | | १३ | धेरै घरधुरी प्रतिशतलाई धेरै अंक |
| २ | समुदायमा विद्यमान खानेपानी सेवास्तर अवस्था | | १८ | न्यून सेवास्तरका धेरै घरधुरीलाई धेरै अंक |
| ३ | समुदायमा लगानीमैत्री वातावरणको अवस्था | | ५ | राम्रो वातावरणमैत्रीलाई धेरै अंक |
| जम्मा अंकभार | | | ३६ | बढी अंकलाई प्राथमिकता |

*स्रोत: जलउपयोग गुरुयोजना तर्जुमा निर्देशिका, कर्णाली जल परियोजना*

**<u>मर्मत संम्भार योजनाको सेवास्तर वृद्धि प्राथमिकताका लागि सिबिआरटी सूचक तथा अंकभार</u>:**

विद्यमान आयोजनाको मर्मत, विस्तार तथा पुनर्निर्माण प्राथमिकताका लागि आयोजनाको वर्तमान व्यवस्थापन तथा कार्यगत अवस्थाका आधारमा देहाय अनुसारका सिबिआरटी सूचक तथा अंकभार बमोजिम विश्लेषण गरी प्राथमिकता निर्धारण गरिएको छ । यस विश्लेषणमा आयोजनाहरुले ९ देखि २८ सिबिआरटी अंक प्राप्त गर्ने छन् र धेरै अंक प्राप्त गर्ने आयोजनालाई उच्च प्राथमिकता दिइएको छ ।

तालिका २६ : समुदाय तथा योजना छनौट मापदण्ड  (मर्मत तथा पुनरनिर्माण)

| क्र.सं. | मुख्य सूचक | अंकभार | कैफियत |
|---|---|---|---|
| १ | विद्यमान खानेपानी योजनाको भौतिक अवस्था | २१ | भौतिक अवस्था नराम्रो भएकोलाई धेरै अंक |
| २ | खानेपानी योजना सञ्चालन व्यवस्थापनमा उपभोक्ता समितिको अवस्था | ७ | राम्रो सञ्चालन व्यवस्थापन गरेकालाई धेरै अंक |
| जम्मा अंकभार | | २८ | बढी अंकलाई प्राथमिकता |

*स्रोत: जलउपयोग गुरुयोजना तर्जुमा निर्देशिका, कर्णाली जल परियोजना*

तालिका २७: सिबिआरटी सूचक र अंकभार (सिंचाई योजनाहरुका लागि)

| क्र.सं. | मुख्य सूचक | अंकभार | कैफियत |
|---|---|---|---|
| १ | प्रति घरधुरी लागत | ३ | धेरै घरधुरी प्रतिशतलाई धेरै अंक |
| २ | समुदायमा आयआर्जन/उत्पादनमुखी क्रियाकलापहरु सञ्चालनको अवस्था | ३ | उत्पादनमुखी खेती गरिरहेको र बजार केन्द्र सम्म सहज पहुँच रहेको समुदायलाई धेरै अंक |

| | | | |
|---|---|---|---|
| ३ | योजनाबाट सिंचित हुने क्षेत्रफल | ३ | धेरै क्षेत्रफललाई धेरै अंक |
| ४ | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | ३ | धेरै लैससास समटने योजनालाई धेरै अंक |
| ५ | स्थानीय तहको आफ्नो प्राथमिकतामा आधारित सूचक | ३ | विशेष प्राथमिकताका भूगोल / लगानी जुट्न सक्ने/गरीब पछाडि परेको समुदायलाई धेरै अंक |
| जम्मा अंकभार | | १५ | कूल बढी अंकलाई प्राथमिकता |

तालिका २८: सिबिआरटी सूचक र अंकभार (बहुउपयोगी, वातावरण पर्यावरण तथा स्रोत संरक्षण तथा घट्ट योजनाहरुका लागी)

बहुउपयोगी योजना

| क्र.सं. | मुख्य सूचक | अंकभार | कैफियत |
|---|---|---|---|
| १ | खानेपानी सहितको बहु उपयोगी योजनालाई प्राथमिकता | २ | खानेपानी सहितको बहु उपयोगी योजना: २, अन्य:१ |
| २ | प्रति घरधुरी लागत | ३ | धेरै घरधुरी प्रतिशतलाई धेरै अंक |
| ३ | समुदायमा आयआर्जन/उत्पादनमुखी क्रियाकलापहरु सञ्चालनको अवस्था | ३ | उत्पादनमुखी खेती गरिरहेको र बजार केन्द्र सम्म सहज पहुँच रहेको समुदायलाई धेरै अंक |
| ४ | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | ३ | धेरै लैससास समटने योजनालाई धेरै अंक |
| ५ | स्थानीय तहको आफ्नो प्राथमिकतामा आधारित सूचक | ३ | विशेष प्राथमिकताका भूगोल / लगानी जुट्न सक्ने/गरीब पछाडि परेको समुदायलाई धेरै अंक |
| जम्मा अंकभार | | १४ | कूल बढी अंकलाई प्राथमिकता |

वातावरण, पर्यावरण तथा स्रोत संरक्षण योजना

| **क्र.सं.** | **मुख्य सूचक** | **अंक भार** | **कैफियत** |
|---|---|---|---|
| १ | वृक्षारोपण, भूक्षय व्यवस्थापनका लागि बायोईन्जिनियरिङ लगायतका कार्यहरुलाई प्राथमिकता | ३ | वृक्षारोपण, बायोईन्जिनियरिङ्ग, मुल संरक्षण: ३ तटबन्धन, पहिरो नियन्त्रण, कटान नियन्त्रण:२ अन्य:१ |
| २ | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | ३ | धेरै लैससास समटने योजनालाई धेरै अंक |

| | | | |
|---|---|---|---|
| ३ | बसोबास गर्ने घरधुरीहरुलाई बिस्थापनबाट बचाउन सहयोग गर्ने योजना | २ | प्रत्यक्ष सहयोग गर्ने : २, सहयोग गर्ने : १ |
| ४ | स्थानीय तहको आफ्नो प्राथमिकतामा आधारित सूचक | ३ | विशेष प्राथमिकताका भूगोल / लगानी जुट्न सक्ने/गरीब पछाडि परेको समुदायलाई धेरै अंक |
| जम्मा अंकभार | | ११ | कूल बढी अंकलाई प्राथमिकता |

घट्ट योजनाहरु

| क्र.सं. | मुख्य सूचक | अंक भार | कैफियत |
|---|---|---|---|
| १ | घट्टको आधारभुत पूर्वाधार रहेको र पेनस्टक पाईप, रोटर आदी मात्र परिवर्तन गरी सुधार गर्नु पर्ने योजना | ३ | घट्टघर लगायतका संरचना रहेको: ३<br>घट्टघर आदी मर्मत गरी सञ्चालन गर्नु पर्ने: २<br>नयाँ बनाउनु पर्ने: १ |
| २ | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | ३ | महिला तथा लक्षित समुदायको समय बचत गराउने खालको योजना: ३, आंशिक: २, ठिकै: १ |
| ३ | स्थानीय तहको आफ्नो प्राथमिकतामा आधारित सूचक | ३ | विशेष प्राथमिकताका भूगोल / लगानी जुट्न सक्ने/गरीब पछाडि परेको समुदायलाई धेरै अंक |
| जम्मा अंकभार | | ९ | कूल बढी अंकलाई प्राथमिकता |

*स्रोत: जलउपयोग गुरुयोजना तर्जुमा निर्देशिका, कर्णाली जल परियोजना*

## ४.८. स्रोत संरक्षण

एकातिर खानेपानीका स्रोतहरू जलवायु परिवर्तन तथा मानवद्वारा निर्माण भईरहेका विभिन्न पूर्वाधारजन्य गतिविधिहरूले गर्दा पानीका स्रोतहरू सुक्दै र हराउदै गईरहेका छन् भने अर्कोतर्फ बढ्दो जनसंख्या, शहर केन्द्रित जनघनत्व, नयाँ प्रविधि र जिवनशैली, उद्योग धन्दा आदि कारणहरूले समुदायमा पानीको माग बढ्दै गईरहेको छ। समुदायको बढ्दो पानीको माग, बीचको सन्तुलन मिलाउन हाल प्रयोग भइरहेका पानीका स्रोतहरूका साथै प्रयोग नभएका स्रोतहरूको पनि उचित संरक्षण र व्यवस्थापन हुन अति आवश्यक छ। यसका लागि स्रोतहरूको वरिपरि खुला चरिचरण नगर्ने/ नगराउने, पानीका स्रोतहरूको वरिपरी घेरबार गर्ने तथा फोहर हुन बाट बचाउने जस्ता क्रियाकलापहरू पर्दछन्। त्यसैगरि पानीका सुक्दै गइरहेका स्रोतहरूको संरक्षणका लागि बर्षातको पानीलाई जमिन भित्र पठाउने खाडल (Recharge pits), स्रोतहरूको माथि

पुनर्भरण पोखरीका साथै समथर भूभागमा त्यहाँ रहेका प्राकृतिक तालतलैयाको संरक्षणका साथै पानीको स्रोतहरू वरिपरी पानी नसुकाउने जातका बोटबिरुवाहरूको वृक्षारोपण आदि गर्न सकिन्छ।

गाउँपालिका स्तरीय योजना तर्जुमा गोष्ठीमा भएको छलफलमा खुला चरिचरन, आगलागि, जंगल फडानी आदिलाई निरुत्साहित पार्न , योजनाबद्ध विकास निर्माण योजनाहरू थाल्ने साथै स्रोत संरक्षणमा समुदायको अगुवाई सुनिश्चित गरि जलाधारहरू बीच बिवाद समाधान सहित क्षमता अभिबृद्धी र विवेकपुर्ण उपयोगको सम्बर्द्धनमा टेवा पुरयाउने, वातावरण निर्माण, सामुदायिक वनक्षेत्रहरूलाई विस्तार र संरक्षण । नदी कटान क्षयीकरण, ढुंगा गिट्टी बालुवा आदिको नियमन उत्खनन र प्रयोग, पूर्वाधार निर्माण गर्दा स्रोतलाई असर नपर्ने र वातावरणमैत्री संरचना निर्माण साथै पानीका स्रोत नजिक संरचना निर्माण गर्दा वायो-ईन्जिनियरिङका बिकल्प सहित संरचना निर्माण गर्ने, प्राकृतिक अवस्थालाई कायम, संरक्षण र प्रवर्धन गर्ने, गाउँपालिका स्तरमा संरक्षणका ठोस नीति नियम तर्जुमा गरि कार्यान्वयनमा ल्याउनु पर्ने आवश्यकता देखिन्छ। यसै गरि निर्माण नियमन जस्ता बिषयहरूमा बिज्ञहरूको सल्लाह परामर्स सहित नीति तर्जुमा, समुदायको क्षमता अभिबृद्धी गर्न सूचना/शिक्षा/संचार सामग्रीहरूको प्रकाशन र वितरण आदि सम्बन्धी आवश्यक कानून बनाई गाउँपालिकाको वार्षिक योजना मार्फत कार्यक्रमहरू संचालन गर्ने बारेमा छलफल भएको थियो । त्यसैगरि प्राकृतिक रुपमा विद्यमान रहेका ताल तलैयाहरूको संरक्षण जल पर्यटन प्रवर्द्धनका साथै पानीको स्रोतहरू वरिपरी पानी नसुकाउने जातका बोटबिरुवाहरूको वृक्षारोपण ,जलाधार क्षेत्र भित्र समुदायहरूमा स्रोत संरक्षण र विवेकपूर्ण उपयोगका लागि सहभागीतात्मक योजना तर्जुमा गर्ने बिषयमा समेत नरहरिनाथ गाउँपालिकाका सरोकारवाला प्रतिवद्ध रहेका छन्।

# अध्याय-५ : जल उपयोग  गुरुयोजना

## ५.१. अन्तर विश्लेषण

टोलस्तरीय भेला तथा बैठकहरूबाट संकलित तथ्याङ्कहरू, वडा स्तरीय बैठक, अनुशिक्षण तथा योजना तर्जुमा गोष्ठी र गाउँपालिकास्तरीय बैठक, छलफल तथा योजना तर्जुमा गोष्ठीको अवधिमा संकलनगरिएका तथ्याङ्कहरूको विश्लेषण गर्दा नरहरिनाथ गाउँपालिकामा हालसम्म ९० वटा खानेपानी योजनाहरू विद्यमान योजनाको रुपमा रहेका छन् । जसबाट ३२७४ घरधुरीहरू लाभान्वित भएको देखिन्छ । गाउँपालिकामा गुरुयोजना तथ्याङ्क संकलनका समय सम्म १३ वटा खानेपानी योजनाहरू निर्माणाधीन अवस्थामा रहेका छन् । निर्माणाधीन योजनाहरूबाट ७५६ घरधुरीहरू लाभान्वित हुने देखिन्छ। नरहरिनाथम समग्रमा विद्यमान योजनाहरू र निर्माणाधीन योजनाहरूबाट गाउँपालिकाको कुल घरधुरीको करिब ८६ % घरधुरीहरूमा निर्माणाधीन योजनाहरू सम्पन्न हुदा व्यवस्थित योजनाबाट खानेपानी सेवा आपूर्ति हुदैजाने देखिन्छ । २६ बटा आयोजना सेवा प्राप्त नगरेका बस्तिहरूका लागि नयाँ प्रस्ताब गरेको छ जस्ले ४८० घरधुरिलाई सेवा प्रवाह गर्ने छ। हाल सम्म निर्माण सम्पन्न भएका धेरै आयोजनाहरू उपभोक्ता समितिबाट संचालन र व्यवस्थापन राम्रो नभएका कारण सेवा ग्राहिहरू खानेपानीको सेवाबाट  बन्चित भएका छन्। नरहरिनाथ गाउँपालिकाले अबिलम्ब रुपमा खानेपानी समितिको क्षमता विकास तालिम, मर्मर संभार कार्यकर्ताकोलागि तालिम र पानी सुरक्षा योजना संचालन गरि समितिको क्षमता विकसा गर्ने, समिति सँगको सहकार्यमा मर्मत संभार कार्यकर्ताको व्यबस्था गर्न  पर्ने टड्कारोरुपमा देखिन्छ ।

सिंचाइ तथा निकास तर्फ जम्मा ५५ वटा विद्यमान कुलो सिंचाइका योजनाहरू रहेका छन् भने २८ वटा लघु सिंचाइ योजनाहरू रहेका छ। ती विद्यमान सिंचाइका योजनाहरू बाट ४३६८ घरधुरीहरूको करिब ११४३९ रोपनी अर्थात् कुल खेतियोग्य भू-भाग मध्य करिब २२ % जमिन सिचित भइरहेको छ। हालसम्मका विद्यमान सिंचाइ योजनाहरू मध्य प्राय सवै योजनाहरू प्रदेश, स्थनिय सरकार र सहयोगि निकाय मार्फत बजेट विनियोजन भई निर्माण भएका देखिन्छन र त्यसको समुदायस्तरमा पानी बाँडफाँड र सो को व्यवस्थापनका लागि स्थानीय समुदायकै सहभागितामा विभिन्न सिंचाइ जल उपभोक्ता समितिहरू गठन भएका छन् ।

नरहरिनाथ गाउँपालिकामा बर्षातको समयमा नदी कटान तथा बाढीबाट बिगतका वर्षहरूमा ठूलो धनजनको क्षति हुदै आइरहेको छ, सुन्दर बस्ती त्यसैको परिणाम हो। बर्षातको समयमा हुने क्षति र जोखिमहरूलाई मध्यनजर गर्दै नरहरिनाथ गाउँपालिकाले २० वटा बाढिपहिरो नियन्त्रण, १ स्रोत संरक्षण र एक जलवायु परिवर्तन योजना निर्माण गरेको छ ।तथापी योजनाहरूको दिगो व्यवस्थापनको लागि ति प्रयासहरू मात्र प्रयाप्त भने छैन्। गाउँपालिकामा विपद प्रतिकार्यका लागि नरहरिनाथ गाउँपालिकामा पनि विभिन्न समिति, वडा समितिहरू गठन भइ परिचालन समेत भईरहेका छन् । सडक निर्माणको क्रममा जताततै पहिरो गई बस्तीमा नै जोखीम आउन सक्ने भएकोले सडक निर्माण गर्दा प्राविधिक दृष्टिकोणले उपयूक्त, वातावरणिय मैत्रि तथा सामाजिक दृष्टिकोणले स्विकार्य हुने सडक निर्माण गर्न सकेको खण्डमा राम्रो हुनेछ।अझै गाउँपालिकाले सहयोगि संस्था तथा आफ्नै अगुवाईमा सडकको दायाँ बायाँ "एक घर एक सय अमलिसो र पचास निगालोको बिरुवा हुर्काउ" अभियान चलाउनु पर्ने हुन्छ।

गाउँपालिकावडा र समुदाय , तथा उपभोक्ता समितिहरूसँग गुरुयोजना तयारिका क्रममा गरिएका छलफल र संकलनगरिएका तथ्याङ्कहरूको विश्लेषणका आधारमा गाउँपालिकामा एकिकृत जलस्रोत व्यवस्थापन लगायत खानेपानीसरसफाइ तथा स्वच्छता क्षेत्रमा देखिएका अन्तर ,हरू) Gaps र तिनको परिपूर्तिका लागि संलग्न तालिका अनुसारका उपायहरूको अवलम्वन गर्न आवश्यक देखिन्छ।

तालिका २९ : हाल देखिएका अन्तरहरू र परिपूर्तिका उपायहरू

| **हाल देखिएका अन्तरहरू (Gaps)** | **समाधानका उपायहरू** |
|---|---|
| – विद्यमान खानेपानी योजनाहरूले वितरण गर्दै आई रहेको खानेपानीहरूमा पानी सुरक्षा योजना निर्माण नभएको देखिएको । | – सवै विद्यमान खानेपानी योजनाहरू र निर्माणाधीन खानेपानी योजनाहरूमा सुरक्षित पानीका उपायहरू अवलम्वन गर्न पर्ने र निर्माणको अन्त संगै पानी सुरक्षा योजना निर्माण गर्न पर्ने । |
| – अधिकांश खानेपानी उपभोक्ता समितिहरूको व्यवस्थापकीय क्षमता कमजोर देखिएको<br>– सवै खानेपानी योजनाहरूमा आवश्यक प्राविधिक मानवस्रोतको कमि । | – पालिकामा हाल विद्यमान खानेपानी योजनाका उपभोक्ता समितिहरूको व्यवस्थापकीय क्षमता विश्लेषण गर्दा करिब ३०% उपभोक्ता समितिहरू मात्रै व्यवस्थित ढंगबाट संचालन भएको देखिएको हुदा गाउँपालिकाले खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था व्यवस्थापन कार्यविधि तयार गरि सोहीअनुसार अनुसार परिचालन गर्न पर्ने र उपभोक्ता समितिहरूको क्षमता विकासमा जोडदिनु पर्ने देखिएको छ । |
| – दिसाजन्य लेदो व्यवस्थापन र ठोस फोहोर व्यवस्थापनको अभाव | – पालिकामा बढ्दो घना बस्तिको चाप लाई अहिले देखि नै मध्यनजर गरि दिसाजन्य लेदोको उचित व्यवस्थापनका लागि आवश्यक पहल गर्ने र बजेट विनियोजन गर्ने । |

जल उपयोग गुरुयोजना तयारी प्रकृयामा गरेको तथ्याङ्क संकलनबाट नरहरिनाथ गाउँपालिकामा अझै पनि खानेपानी, सरसफाइ, सिंचाइ, उर्जा, वातावरण तथा पर्यावरण संरक्षणको अवस्था न्युन देखिन्छ । नरहरिनाथ गाउँपालिकाले नेपाल सरकारको दिगो विकास लक्ष्य हासिल गर्नको लागि जलस्रोत विकास क्षेत्रमा ठुलो लगानीको लागि पहल गर्न पर्ने देखिन्छ ।

## खानेपानी:

नरहरिनाथ गाउँपालिकाका सिमित विद्यमान खानेपानी योजनाहरू संचालन अवस्था सन्तोष जनक छ भने धेरै खानेपानी आयोजनाहरूको अबस्था रुग्ण रहेको पाइन्छ । घरधुरीहरूको खानेपानी सुविधास्तर विश्लेषण गर्दा

गाउँपालिकाका २३% घरधुरीलाई मात्र आधारभूत स्तरको खानेपानी सुविधा पुगेको छ भने ४८% घरधुरीरहरूले सिमित खानेपानी सेवा पाप्त गरेका छन्। २९% घर धुरिहरूले अव्यवस्थित खानेपानी आयोजनाबाट खानेपानी खाइरहेका छन्।

दिगो विकास लक्ष्यले सन् २०३० सम्ममा ९९% जनसंख्यालाई आधारभूत खानेपानी सेवामा पहुँच पुऱ्याउने साथै सुरक्षित खानेपानी प्रयोग गर्ने जनसंख्या ९०% पुऱ्याउने लक्ष्य लिएको छ । नरहरिनाथ गाउँपालिकाले सो लक्ष्य हासिल गर्नको लागि सरकारी निकाय र विकास साझेदारहरूसँग समन्वय तथा साझेदारी गर्न पर्ने देखिन्छ ।

तालिका ३० : दिगो विकास लक्ष्य ६.१: खानेपानी सेवा परिणात्मक लक्ष्य र सूचकहरू

| परिमाणात्मक लक्ष्य ६.१: सन् २०३० सम्ममा सवैको निम्ति सुरक्षित र किफायति वा बेहोर्न सकिने खानेपानीको सर्बब्यापी र समतामुलक पहुँच हासिल गर्ने । | | | | | | |
|---|---|---|---|---|---|---|
| ६.१.१ | सुरक्षित रुपमा व्यवस्था गरिएको खानेपानी सेवाहरू प्रयोग गर्ने जनसंख्याको अनुपात | सन् २०२३ | सन् २०२४- | सन् २०२५- | सन् २०२६ | सन् २०२७ |
| १ | सुरक्षित खानेपानी प्रयोग गर्ने जनसंख्या (प्रतिशत) | ० | ३० | ५० | १०० | १०० |
| २ | पाईपबाट वितरण गरिएको पानीमा पहुँच भएका परिवार (प्रतिशत) | ७० | १०० | १०० | १०० | १०० |
| ३ | आधारभूत खानेपानी सेवामा पहुँच (प्रतिशत) | २३ | ६० | १०० | १०० | १०० |
| ४ | घरपरिवारले प्रयोग गर्ने पानीमा ई-कोली जोखिम स्तर प्रति १०० मिलिलिटरमा १ सी.एफ.यू. भन्दा बढी वा बराबर भएका परिवार {≥1 cfu/100ml} (प्रतिशत) | ० | २० | ६० | ८० | १०० |
| ५ | मुहान/स्रोतको पानीमा ई-कोली जोखिम स्तर प्रति १०० मिलिलिटरमा १ सी.एफ.यू. भन्दा बढी वा बराबर भएका परिवार (प्रतिशत) | ० | ३० | ५० | १०० | १०० |

*स्रोत: नेपाल दिगो विकास लक्ष्यहरू वर्तमान अवस्था र भाबी मार्ग चित्र २०१६-२०३०, नेपाल सरकार, राष्ट्रिय योजना आयोग*

**सरसफाइ:**

नमुना घरधुरी सर्भेक्षणको तथ्याङ्क अनुसार नरहरिनाथ गाउँपालिकाको ९०% घरधुरीहरूमा चर्पी निर्माण भएको देखिएको ले अहिले पनि १०% घरधुरिहरू असुरक्षितरुपमा दिशा गरेको पाईएको छ । गाउँपालिकामा चर।पि भएका मधये पनि ९०% चर्पिमात्र पूर्ण सरसफाइको दृष्टिकोणले उपयूक्त देखिन्छ । जल उपयोग गुरुयोजनाको घरधुरी तथ्याङ्क अनुसार सावुन सहितको हात धुने स्थान रहेका घरधुरी ४९% मात्र रहेको देखिन्छ । चाङ्ग, जुठ्यान भएका ८०% र व्यवस्थित ठोस फोहोर व्यवस्थापन भएका घरधुरी ७३% मात्र रहेका छन् । नरहरिनाथ गाउँपालिकामा व्यवस्थित पशुपालन र गोठेमल व्यवस्थापन भएका घरधुरी १७% रहेका छन् । सन् २०३० सम्ममा उन्नत सुधारिएका सरसफाइ सम्बन्धी सुविधाहरू प्रयोग गर्ने घरपरिवारहरू ९५% पुऱ्याउने

दिगो विकासको लक्ष्य हासिल गर्न नरहरिनाथ गाउँपालिकामा पूर्ण सरसफाइका सुविधा निर्माण तथा अभियान व्यापक रुपमा गर्न पर्ने देखिन्छ ।

तालिका ३१ :  दिगो विकास लक्ष्य ६.२: सरसफाइ सेवा परिणात्मक लक्ष्य र सूचकहरू

| परिमाणात्मक लक्ष्य ६.२: सन्  २०३० सम्ममा सरसफाइ र स्वस्थ/आरोग्यपुर्ण अवस्था कायम गर्ने कुरामा सवैको निम्ति पर्याप्त र न्यायोचित पहुँच सुनिश्चित गर्ने साथै महिला एवम् किशोरीहरू र कमजोर/संकटग्रस्त  स्थितिहरूमा रहेका व्यक्तिहरूको आवश्यकतालाई विशेष ध्यान दिई खुला रुपमा दिसा-पिसाब गर्ने चलन वा बानीको अन्त्य गर्ने । | | | | | | |
|---|---|---|---|---|---|---|
| ६.२.१ | साबुनपानी सहितको हात धुने सुविधा लगायतका सुरक्षित तबरले व्यवस्थित गरिएका सरसफाइ सेवाहरू प्रयोग गर्ने जनसंख्याको अनुपात (प्रतिशत) | सन् २०२३ | सन् २०२४- | सन् २०२५- | सन् २०२६ | सन् २०२७ |
| १ | उन्नत/सुधारिएका सरसफाइ सम्बन्धी सुविधाहरू प्रयोग गर्ने परिवार जसले यस्ता सुविधाहरू अरुसँग साझेदारी गर्न पर्दैन (प्रतिशत) | ० | ३० | १०० | १०० | १०० |
| २ | शौचालय प्रयोग गर्ने जनसंख्याको अनुपात (प्रतिशत) | ९० | १०० | १०० | १०० | १०० |
| ३ | सरसफाइ सुविधाबाट लाभान्वित जनसंख्या (प्रतिशत) | १० | ५० | १०० | १०० | १०० |
| ४ | ढल प्रणालीहरू/उपयुक्त एफ.एस.एम. (Faecal Sludge Management) मा चर्पी जोडिएका सहरी क्षेत्रका परिवार (प्रतिशत) | ० | ० | ० | ० | ० |

स्रोत: नेपाल दिगो विकास लक्ष्यहरू वर्तमान अवस्था र भावी मार्ग चित्र २०१६-२०३०, नेपाल सरकार, राष्ट्रिय योजना आयोग

**सिंचाइ:**

नरहरिनाथ गाउँपालिकामा व्यवस्थित सिंचाइको सुविधा नभएको कारणले ६४% घरधुरीहरूलाई आफ्नो उत्पादनले ६ महिना भन्दा कम खान पुगेको गाउँपालिकाको प्रोफाइलबाट देखिन्छ । दिगो विकास लक्ष्यको खाद्यान्न सुरक्षा, उन्नत पोषण, र दिगो कृषि प्रबर्द्धनको लक्ष्य हासिल गर्नको लागि नरहरिनाथ गाउँपालिकामा परम्परागत कुलो सिंचाइका साथै लघुसिंचाइ आयोजनाहरू निर्माण गर्न  पर्ने देखिन्छ । हाल जम्मा उत्पादन योग्य जमिनको २२% मात्र सिंचाइ सुविधा पुगेको पाईन्छ ।

**उर्जा:**

नरहरिनाथ गाउँपालिकामा स्थानीय स्तरमा जलविद्ध्युत उत्पादन गर्नको लागि १ वटा लघु जलविद्ध्युत आयोजना स्थापना गरिएको थियो तथापि हाल यो आयोजना बन्द अवस्थामा रहेका छन् । जलउर्जाको उपयोग गरि परम्परागत र सुधारिएको घट्ट संचालनबाट पिसानी र कुटानी सेवा गरेको देखिन्छ । दिगो विकास लक्ष्यको नविकरणीय उर्जा खपतको हिस्सा बढाउने तथा धान्न सकिने, दिगो उर्जामा सवैको पहुँच सुनिश्चित गर्ने लक्ष्य हासिल गर्न नरहरिनाथ गाउँपालिकाले विद्यमान लघु जलविद्ध्युतलाई मर्मत व्यवस्थापन सुधार गरि सुचारु गर्न पर्ने देखिन्छ । साथै नयाँ विद्युत उत्पादन गरि भरपर्दो विद्ध्युत उर्जा सेवा दिने र बढी भएको राष्ट्रिय लाइनमा दिने समेत सम्भावना रहेको छ । साथै टोलबस्तिहरूमा सुधारिएको घट्टहरू स्थापना गरि कुटानी, पिसानी, पेलानीको सेवा स्तर बढाउनको लागि आयोजना तर्जुमा गर्न पर्ने देखिन्छ ।

**स्रोत संरक्षण तथा पर्यावरण संरक्षण:**

नरहरिनाथ गाउँपालिकामा स्रोत संरक्षण तथा पर्यावरण संरक्षण सम्बन्धी १ वटा आयोजना शुरु भएको छ । मध्यकर्णाली जलाधार क्षेत्रमा स्रोतहरूको क्षमता कम रहेको छ । तथ्याङ्क अनुसार ३०% स्रोतहरूको क्षमता ०.१ लिटर प्रति सेकेन्ड भन्दा कम रहेको छ र ५७ वटा स्रोतहरूको क्षमता ०.१ देखि ०.५ लिटर प्रति सेकेन्ड रहेको छ । त्यसैले खानेपानीको लागि स्रोतहरू नै सुरक्षित गुणस्तरको हुने भएकोले यिनको क्षमता बढाउनको लागि स्रोत संरक्षण तथा पर्यावरण संरक्षणका योजनाहरू तर्जुमा गर्न पर्ने देखिन्छ । साथै दिगो विकास लक्ष्य ६.६: पर्वतिय क्षेत्र, वन, सिमसार, नदी, लगायत पानीसँग सम्बन्धीत पारिस्थितिकीय प्रणालीहरूको संरक्षण र पुनर्भरण गर्ने लक्ष्य हासिल गर्नको लागि नरहरिनाथ गाउँपालिकामा स्रोत संरक्षण तथा पर्यावरण संरक्षण क्रियाकलापहरू जस्तै स्रोत क्षेत्र संरक्षण, पहिरो संरक्षण, नदी कटान नियन्त्रण आदि आयोजनाहरू तर्जुमा गरि कार्यान्वयन गर्न  पर्ने देखिन्छ । त्यसको लागि जल उपयोग  गुरुयोजनमा ५ विभिन्न स्थानमा  पुनर्र भरण पोखरी का आयोजना संचालन गरि  स्रोत संरक्षण गर्ने अग्रसरता लिएको देखिन्छ ।


## ५.२. आवधिक योजनाको सारांश

नरहरिनाथ गाउँपालिकामा विद्यमान जलस्रोतहरू, सामाजिक तथा सांस्कृतिक अवस्था, आर्थिक तथा प्राविधिक पक्षहरूको अध्ययन र छलफल तथा जन आवश्यकतामा आधारित भई जल उपयोग  गुरुयोजनाको अभिन्न अंग आवधिक योजना तयार गरिएको छ। आवधिक योजना अर्न्तगत गाउँपालिकाका ९ वटै वडाहरूमा योजना तर्जुमा मार्फत जम्मा सवै क्षेत्रका क्षेत्रगत योजनाहरू पहिचान गरि प्राथमिकता क्रम सहित गुरुयोजनामा संलग्न गरिएका छन्।

प्रस्तावित योजनाहरूलाई योजनाको प्रकृति, कार्यान्वयनका लागि आवश्यक पर्न सक्ने बाह्य सहयोग, प्रविधि विकल्प, लागत अनुमान आदिलाई आधार मानी विभिन्न क्षेत्रका क्षेत्रगत योजनाहरूको कार्यान्वयनका लागि गाउँपालिका र वडा स्तर गरि दुई भागमा बिभाजन गरि प्राथमिकता क्रम सूची तयार गरिएको छ । योजना तर्जुमाको समयमा वडा र पालिकाबाट कार्यान्वयन गर्नका लागि पहिचान भएका जम्मा क्षेत्रगत योजनाहरू मध्य  26 वटा खानेपानी योजना नयाँ, ८५ वटा खानेपानी योजनाहरू मर्मत तर्फ, ५५ वटा कुलो सिंचाइ योजना, २८ वटा लघु सिचाइ योजना, ४५ वटा सुधारिएको पानी घट्ट, १ वटा सार्वजनिक शौचालय र ३८ वटा वातावरण,

पर्यावरण संरक्षण र जलवायु परिवर्तन अनुकुलन तथा प्रकोप जोखिम न्यूनिकरण क्षेत्रका योजनाहरू गरि जम्मा २७८ वटा विभिन्न क्षेत्रगत योजनाहरू बृहत छलफल गरि प्राथमिकताक्रम तोकि आवधिक योजनाको रुपमा प्रस्ताव गरिएका छन्। उक्त योजनाहरूको कार्यान्वयनका लागि आवश्यक पर्ने अनुमानित लागत सहित निर्धारण गरि ग्राफ-९ मा प्रस्तुत गरिएको छ।

पञ्चबर्षीय योजनाहरूको अनुमानित लागत तयार गर्दा गाउँपालिका भित्र रहेका विद्यमाननिर्माणाधीन / योजनाहरू को प्रतिव्यक्ति लागत रगाउँपालिकाबाट निर्धारण भएको स्थानीय दररेटहरूको आधारमा प्रस्तावित योजनाको हालको कुल जनसंख्यालाई प्रतिव्यक्ति लागतले गुणन गरि तयार गरिएको छ।




ग्राफ 9: पंच वर्षीय योजनाको विवरण

पञ्चबर्षीय योजनाहरूको अनुमानित लागत तथा प्रस्तावित योजना संख्याको विश्लेषण तलको ग्राफ-९ मा गरिएको छ भने थप क्षेत्रगत पञ्चबर्षीय योजनाहरूको योजनागत विस्तृत विवरण अनुसूची ७ देखि १२-सम्ममा उल्लेख गरिएको छ ।

### ५.२.१. खानेपानी योजनाहरू

नरहरिनाथ नेहरिनाथ गाउँपालिकाका समुदाय स्तरमा भएका छलफल, अन्तरक्रिया, योजना तर्जुमा कार्यशाला गोष्ठीहरू र विद्यमान खानेपानीको सुबिधा स्तर विश्लेषण गरि गाउँपालिकामा जम्मा ५ वटा नयाँ खानेपानीका योजनाहरू र ५. वटा मर्मतका योजनाहरू प्रस्ताव गरि पञ्चबर्षीय योजनामा समावेश गरिएका छन्।बाँकी प्रस्ताबित नयाँ खानेपानी योजनाहरूको निर्माण र मर्मत संभार २ वर्षको अवधिमा सक्ने लक्ष्य लिएको छ। उक्त योजनाहरूको व्यवस्थापन पश्चात गाउँपालिकाको १ देखी ९ वटै वडाका सवै  घरधुरीहरूलाई सफा सुरक्षित खानेपानी आपूर्ति गर्ने लक्ष्य लिईएको छ।

गाउँपालिकामा प्रस्तावित गरिएका खानेपानी क्षेत्रका योजनाहरू निर्माणबाट करिब ४८० घरधुरीहरूमा सेवा विस्तार हुने लक्ष्य लिईएको छ। योजनाहरू निर्माणका लागि अनुमानित लागत ४१२ लाख रहेको छ। तर्जुमा

गरिएका योजनाहरूको वडागत विवरण तालिका-३२ मा र कार्यान्वयनका लागि वडा/गाउँपालिकामा सिफारिस गरिएका योजनाहरूको प्राथमिकता क्रम अनुसारको विवरण अनुसूची- ७ मा उल्लेख गरिएको छ।

तालिका ३२ : प्रस्तावित खानेपानी योजनाहरूको विवरण

| वडा नं. | प्रस्तावित खानेपानी योजना विवरण | | | | | |
|---|---|---|---|---|---|---|
| | नया | | | मर्मत सम्भार/पुनर्निर्माण/सेवा विस्तार | | |
| | योजना संख्या | लाभान्वित घरधुरी संख्या | अनुमानित लागत (ने.रु.'००० ) | योजना संख्या | लाभान्वित घरधुरी संख्या | अनुमानित लागत (ने.रु.'००० ) |
| 1 | 4 | 80 | 7476 | 13 | 337 | 8812 |
| 2 | ० | | | 12 | 331 | 8655 |
| 3 | ० | | | 14 | 337 | 8812 |
| 4 | 2 | 90 | 8100 | 14 | 498 | 13022 |
| 5 | 3 | 57 | 4500 | 8 | 351 | 9178 |
| 6 | 7 | 73 | 5300 | 7 | 266 | 6955 |
| 7 | 5 | 39 | 3600 | 8 | 211 | 5517 |
| 8 | 4 | 109 | 8550 | 6 | 446 | 1162 |
| 9 | 1 | 32 | 2700 | 4 | 483 | 12630 |
| जम्मा | 26 | 480 | 4,12,000 | 85 | 3260 | 74749 |

*स्रोत :जल उपयोग गुरुयोजना , वडा तथा गाउँपालिका स्तरीय योजना तर्जुमा गोष्ठी, २०८०*

### ५.२.२. सरसफाइ योजनाहरू

नरहरिनाथ गाउँपालिकाका ९० % घरधुरिहरूमा घरायसी स्तरमा शौचालय निर्माण भई प्रयोगमा रहेका छन् र शौचालय बिग्रेका/भत्केका बाँकि घरधुरीहरूमा पनि शौचालय निर्माण गरि प्रयोगका लागि गाउँपालिकाले जनचेतनामुलक क्रियाकलापहरू र आवश्यक सहयोग गर्ने नीति लिएको छ। यसका साथै बस्तिको चाप र यात्रुहरूको ओहरदोहरले गर्दा खुलालु लालु तथा लालिघाट कुमाल गाउँ सडक मार्गको बजार क्षेत्रहरूमा अत्यधिक मात्रामा ठोस फोहर , खुला दिसापिसाब बढ्दै गएको हुदा बढ्दै गईरहेका बजार क्षेत्रहरूमा सार्वजनिक शौचालयहरूको निर्माण र व्यवस्थापन गर्न पर्ने आवश्यकता देखिएको छ। गाउँपालिकाले बढ्दो बजार क्षेत्रहरूमा सार्वजनिक शौचालय निर्माण र ठोस फोहर व्यवस्थापनका लागि अहिलेबाटैसोच बनाउनु पर्ने छ । त्यसका लागि गाउँपालिका भरिमा १ वटा नयाँ शौचालय निर्माण, पूर्ण सरसफाइ अभियान / जन चेतना र केहि ठोस फोहोर व्यवस्थापन साइट निर्माणका लागि प्रस्ताव गरेको छ। शौचालय निर्माण बाट करिब ५० स्थाई र २०० अस्थाई घरधुरीहरू लाभान्वित हुने छन् र त्यसको लागि अनुमानित लागत २५ लाख ५० हजार रहेको छ। सरसफाइका प्रस्तावित योजनाहरूको सारांश विवरण तालिका-३३ र विस्तृत विवरण अनुसूची-७ (TA-१०) मा उल्लेख गरिएको छ।

तालिका ३३ : प्रस्तावित सरसफाइका योजनाहरूको विवरण

| वडा नं. | प्रस्तावित योजनाहरूको विवरण | | | |
|---|---|---|---|---|
| | प्रस्तावित संख्या | लाभान्वित घरधुरी संख्या | योजनाको किसिम/प्रकृति | अनुमानित लागत (ने.रु.'००० ) |
| १ | १ | ५०, सवै घरधुरी | सार्बजिक शौचालय, पूर्ण सरसफाइ अभियान / जनचेतना | २५५० |
| २ | १ | सवै घरधुरी | ठोस फोहोर व्यवस्थापन, पूर्ण सरसफाइ अभियान / जनचेतना | |
| ३ | १ | सवै घरधुरी | ठोस फोहोर व्यवस्थापन, पूर्ण सरसफाइ अभियान / जनचेतना | |
| ४ | १ | सवै घरधुरी | ठोस फोहोर व्यवस्थापन, पूर्ण सरसफाइ अभियान / जनचेतना | |
| ५ | १ | सवै घरधुरी | ठोस फोहोर व्यवस्थापन, पूर्ण सरसफाइ अभियान / जनचेतना | |
| ६ | १ | सवै घरधुरी | ठोस फोहोर व्यवस्थापन, पूर्ण सरसफाइ अभियान / जनचेतना | |
| ७ | १ | सवै घरधुरी | ठोस फोहोर व्यवस्थापन, पूर्ण सरसफाइ अभियान / जनचेतना | |
| ८ | १ | सवै घरधुरी | ठोस फोहोर व्यवस्थापन, पूर्ण सरसफाइ अभियान / जनचेतना | |
| ९ | १ | सवै घरधुरी | ठोस फोहोर व्यवस्थापन, पूर्ण सरसफाइ अभियान / जनचेतना | |
| जम्मा : | **१** | | | २५५० |

*स्रोत :जल उपयोग गुरुयोजना , वडा तथा गाउँपालिका स्तरीय योजना तर्जुमा गोष्ठी, २०८०*

### ५.२.३. सिंचाइ योजनाहरू

वडा तथा गाउँपालिका स्तरमा संचालित योजना तर्जुमा गोष्ठी बाट नरहरिनाथ गाउँपालिकामा जम्मा ५५ वटा सिंचाइ कुलोका योजनाहरू र २८ वटा लघु सिंचाइ योजनाहरू प्रस्ताव गरेका छन्। सिंचाइ सुबिधाको विद्यमान अवस्था र ति सिंचाइ योजनाहरूको संचालनको अवस्थालाई मध्यनजर गरि ३५३६ घरधुरीको १३५२३ रोपनी खेतियोग्य जमिन सिंचित हुने गरि योजनाहरू तर्जुमा गरिएका छन् । योजनाहरू निर्माणका लागि अनुमानित लागत ४२९ लाख रहेको छ। उक्त कुलो सिंचाइ योजनाहरूको वडागत विवरण तालिका-३४ र प्राथमिकताक्रम अनुसारको सूची अनुसूची-८ मा उल्लेख गरिएको छ।

तालिका ३४ : वडागत रुपमा सिंचाइ योजनाहरूको (परम्परागत र लघु) विवरण

| वडा नं. | परम्परागत (कुलो/नहर/पाईप) सिंचाइ योजना | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | नयाँ योजना | | | | मर्मत सम्भार/पुनर्निर्माण/सेवा विस्तार | | | |
| | योजना संख्या | लाभान्वित घरधुरी संख्या | सिंचित क्षेत्र (रोपनी) | अनुमानित लागत (ने.रु.) | योजना संख्या | लाभान्वित घरधुरी संख्या | सिंचित क्षेत्र (रोपनी) | अनुमानित लागत (ने.रु.०००) |
| १ | ० | | | | १४ | २०० | ५४६ | ७००० |
| २ | ० | | | | ८ | ६७० | २२८५ | ४००० |
| ३ | ० | | | | ११ | ५७८ | ३०८० | ५५०० |
| ४ | ० | | | | २३ | ८२६ | १३४३ | १२००० |
| ५ | ० | | | | ११ | ४३७ | २११६ | ५००० |
| ६ | ० | | | | ४ | २५८ | ५५३ | २२०० |
| ७ | ० | | | | १ | १२० | १४१ | ७०० |
| ८ | ० | | | | ७ | ४७४ | ९८९ | ४००० |
| ९ | ० | | | | ४ | ५४८ | ११४० | २५०० |
| जम्मा | | | | | ८३ | ४१११ | १२१९३ | ४२९०० |

*स्रोत :जल उपयोग गुरुयोजना , वडा तथा गाउँपालिका स्तरीय योजना तर्जुमा गोष्ठी, २०८०*

### ५.२.४. स्रोत संरक्षण तथा वातावरण संरक्षण योजनाहरू

नरहरिनाथ गाउँपालिकामा कर्णाली र रहगार्ड तथा अन्य खोलाहरूको कटान, पहिरो, बषार्तको भल तथा बाढी र जलवायु परिवर्तनको प्रत्यक्ष असरहरूले गर्दा पर्यावरण र वातावरण व्यवस्थापनका क्रियाकलापहरू नरहरिनाथ गाउँपालिकाको लागि धैरै आवश्यक रहेका छन्। हाल भइरहेको जलवायु परिवर्तनका असरहरू अझ आक्रामक हुने सम्भावना रहेको देखिन्छ। स्थानीय तहहरूको नयाँ संरचना संगै विकासमा बढ्दो जनआकांक्षा तथा नयाँ सडक ट्र्याक खोल्ने कार्यहरू, सडक विस्तार योजना लगायतले जोखिम झनै थपिने हुदा भौगौलिक रुपमा नरहरिनाथ गाउँपालिकाको पश्चिम र दक्षिण क्षेत्रका वडा तथा बस्तीहरूमा बर्षातको समयमा अझै बढी  बाढी पहिरोको खतरा हुने गर्दछ।

गाउँपालिकामा वातावरण संरक्षण र जलाधार क्षेत्र व्यवस्थापन लगायत जलवायु परिवर्तन अनुकुलन सम्बन्धी विभिन्न क्रियाकलापहरू तय गरिएका छन्। जस अन्र्तगत पानीका स्रोतहरू संरक्षण, नदी कटान नियन्त्रण, बहुउद्देश्यिय नर्सरी स्थापना तथा वृक्षारोपण, खानेपानीका स्रोतमा पुनर्भरण पोखरी निर्माण आदि जस्ता विभिन्न खाले .३८ वटा योजनाहरूको सम्भावना अध्ययन गरि प्राथमिकीकरण गरेकोछ। आगामी दिनहरूमा नरहरिनाथ गाउँपालिकामा विकास निर्माणका गतिविधिहरू संचालन सँगसंगै यी क्रियाकलापहरूलाई बढी प्राथमिकता दिई जलवायु परिवर्तनका असर न्यूनिकरण र जोखिम व्यवस्थापनमा ध्यान दिनुका साथै जनचेतना बढाउने तथा जोखिम नक्सांकन गरि विकास गतिविधिहरूमा जोखिम न्यूनिकरणका उपाय अवलम्वन गर्न जरुरी देखिन्छ । नरहरिनाथ योजना तर्जुमाको समयमा योजनहरूको लगानी र प्रकृति हेरी गाउँपालिका र बाँकि योजनाहरू वडामा नै सिफारिस गरिएका छन्।

गाउँपालिकामा प्रस्तावित गरिएका वातावरण तथा पर्यावरण क्षेत्रका योजनाहरू निर्माणबाट करिब ३३११ घरधुरीहरूले लाभ पाउने छन् भने योजनाहरू निर्माणका लागि अनुमानित लागत ४७२०० हजार रहेको छ। उक्त वातावरण तथा पर्यावरण क्षेत्रका तर्जुमा गरिएका क्रियाकलाप तथा योजनाहरूको वडागत विवरण तलको तालिका ३५ मा र थप प्राथमिकता क्रम अनुसारको सूची अनुसूची१-० मा उल्लेख गरिएको छ ।

तालिका ३५ : वातावरण तथा पर्यावरण सम्बन्धी तर्जुमा गरिएका योजनाहरू

| वडा नं. | प्रस्तावित योजनाहरूको विवरण | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | योजना संख्या | लाभान्वित घरधुरी विवरण | योजनाको किसिम | | | योजनाको प्रकृति | अनुमानित लागत (ने.रु. ०००) |
| | | | जलवायु अनुकुलन | जोखिम व्यवस्थापन | स्रोत संरक्षण | | |
| १ | ८ | ३५० | | ४ | ४ | नयाँ/मर्मत | १६०० |
| २ | ४ | २८० | | ३ | १ | नयाँ/मर्मत | ८०० |
| ३ | ८ | ३०० | १ | ४ | ३ | नयाँ/मर्मत | १६०० |
| ४ | ३ | ३१० | | ३ | | नयाँ/मर्मत | ६०० |
| ५ | ७ | ३४० | | ७ | | नयाँ/मर्मत | १४०० |
| ६ | २ | ३४० | | २ | | नयाँ/मर्मत | ४०० |
| ७ | २ | ४२२ | | २ | | नयाँ/मर्मत | ४०० |
| ८ | २ | २४९ | | १ | १ | नयाँ/मर्मत | ४०० |
| ९ | २ | ५२० | | १ | १ | नयाँ/मर्मत | ४०० |
| जम्मा | | ३११३ | १ | २७ | १० | | ४,७२,०० |

*स्रोत :जल उपयोग गुरुयोजना , वडा तथा गाउँपालिका स्तरीय योजना तर्जुमा गोष्ठी, २०८०*

### ५.२.५. जलउर्जा सम्बन्धी योजनाहरू

नरहरिनाथ गाउँपालिकामा योजना तर्जुमा क्रममा तत्कालिक अवस्थामा कुनै पनि लघु जलबिद्युत सम्बन्धीत योजनाहरू जल उपयोग गुरुयोजनामा प्रस्ताव गरिएको छैन। केन्द्रिय प्रसारण विस्तार हुदै गरेकोले हाल बन्द रहेका १ वटा साना जलबिद्युत योजनाको मर्मतको लागि प्रस्ताब गरिएको छैन। गाउँपालिका भित्र पिसानी कुटानीलाई अझै सहज बनाउन जलउर्जा क्षेत्रमा थप ४५ वटा सुधारिएको पानी घट्टका योजनाहरू तर्जुमा गरिएका छन् ।उक्त सवै योजनाहरू निर्माण गर्न सकिएमा पालिका क्षेत्रका थप १५०० घरधुरीहरूलाई कुटानी र पिसानीको सेवा विस्तार हुने देखिन्छ।

गाउँपालिकामा प्रस्तावित योजनाहरू निर्माणका लागि अनुमानित रकम रु ४५ लाख रहेको छ।

उक्त योजनाहरूका वडागत विवरण तालिका नं ३६ मा र प्राथमिकता क्रम अनुसारको सूची अनुसूची-११ मा उल्लेख गरिएको छ।

तालिका ३६ :  वडागत रुपमा प्रस्तावित जलउर्जाका योजनाहरू

| वडा नं. | प्रस्तावित योजनाहरूको विवरण | | | | |
|---|---|---|---|---|---|
| | योजना संख्या | लाभान्वित घरधुरी विवरण | योजनाको किसिम | योजनाको प्रकृति | अनुमानित लागत (ने रु.'००० ) |
| १ | ६ | १७४ | सुधारीएको | मर्मत | ६०० |
| २ | ० | | | | ० |
| ३ | १२ | ४६२ | सुधारीएको | मर्मत | १२०० |
| ४ | १ | ५० | सुधारीएको | मर्मत | १०० |
| ५ | १ | ५० | सुधारीएको | मर्मत | १०० |
| ६ | ३ | १३६ | सुधारीएको | मर्मत | ३०० |
| ७ | १० | ३५० | सुधारीएको | मर्मत | १००० |
| ८ | २ | १०७ | सुधारीएको | मर्मत | २०० |
| ९ | १० | १८४ | सुधारीएको | मर्मत | १००० |
| जम्मा | **४५** | **१६१३** | सुधारीएको | मर्मत | **४५००** |

*स्रोत :जल उपयोग गुरुयोजना , वडा तथा गाउँपालिका स्तरीय योजना तर्जुमा गोष्ठी, २०८०*

# अध्याय-६: गुरुयोजना कार्यान्वयन, बजारीकरण र अद्यावधिक

## ६.१. गुरुयोजनामा लगानीका लागि अल्प/मध्यम/दीर्घकालीन योजना

जल उपयोग गुरुयोजना निर्माणको क्रममा बस्ती तथा समुदाय स्तरबाट सहभागीतात्मक ढंगबाट संकलन गरिएका सूचनाहरूको वडास्तरमा प्रमाणीकरण गरि सवै क्षेत्रगत योजनाहरूको प्राथमिकीकरण गरिएको र गाउँपालिका स्तरमा गरिएको तथ्याङ्क प्रमाणीकरण र योजना तर्जुमा गोष्ठीबाट अझै योजनाहरूको प्राथमिकीकरण परिष्कृत भएको छ । पालिका भित्रका शाखा/उप-शाखाका प्रतिनिधिहरू, सवै वडाका वडा जनप्रतिनिधिहरू, स्थानीय समाजसेवी, बुद्दिजीवीहरू र गाउँकार्यपालिकाका सम्पूर्ण पदाधिकारीहरूको सहभागिताले जल उपयोग गुरुयोजनाको योजना तर्जुमा कार्यलाई एकदमै प्रभावकारी बनाउन सहयोग पुगेको थियो ।

जल उपयोग गुरुयोजनाको प्रभावकारी रुपमा समुदायको अपेक्षा अनुसार कार्यान्वयनका लागि गाउँपालिकाले आफुसँग भएको स्रोतहरूको उपलब्धताको यकिन गर्न का साथै सम्भावित साझेदारहरूको पहिचान, स्रोतहरूको खोजी गरेर ति स्रोतहरूको आधारमा जल उपयोग गुरुयोजनामा समाबेश भएका योजना तथा क्रियाकलापहरूलाई अल्पकालीन, मध्यम-कालीन र दीर्घकालीन रुपमा विभाजन गरिएकोछ। साथै गाउँपालिकाले जल उपयोग गुरुयोजनाको कार्यान्वयनका लागि आफ्नो आन्तरिक तथा बाह्य स्रोतहरू जुटाई वार्षिक रुपमा गर्न सक्ने लगानीको समेत प्रक्षेपण गरि प्राथमिकताक्रम अनुसारका योजनाहरूलाई अल्पकालीन/मध्यमकालीन/ दीर्घकालीन रुपमा बिभाजन गर्न पर्ने हुन्छ । नरहरिनाथ गाउँपालिकाले प्रक्षेपण गरेका अल्पकालीन, मध्यकालीन र दीर्घकालीन लक्ष्यहरूलाई तल चर्चा गरिएको छ।

**अल्पकालीन लक्ष्य (आ.व. २०८१/८२-०८२/८३ सम्ममा):**

खानेपानी सेवा:

- ५०% आयोजनाहरूको खानेपानी सेवास्तर आधारभूत स्तरमा पुऱ्याउने ।
- आधारभूत खानेपानी सेवास्तर भएको जनसंख्या ४०%
- सुरक्षित खानेपानी व्यवस्था भएको सेवास्तर उपभोग गर्ने जनसंख्या २०%

सरसफाइ सेवा:

- सवै घरधुरी तथा मौसम अनुसार अस्थाई बसाई गर्ने गरेको सवै घरहरूमा समेत सुरक्षित चर्पीको प्रयोग गरेको हुनेछ ।
- सधैं चर्पीको प्रयोग गर्ने जनसंख्या ९८%
- व्यवस्थित चर्पी प्रयोग गर्ने अर्थात् साबुन पानीले हात धुने व्यवस्था भएको चर्पी प्रयोग गर्ने जनसंख्या ८०%
- अपाङ्गता भएका व्यक्ति भएका घरहरूमा खानेपानी र शौचालयको पहुँच अपाङ्गतामैत्री भएको घरसंख्या ८०%
- पूर्ण सरसफाइ अभियान सवै वडाहरूमा संचालन भएको

परम्परागत कुलो सिंचाइ र लघु सिंचाइ सेवा:

- गाउँपालिकाको ३०% खेति योग्य जमिनमा व्यवस्थित सिंचाइ सेवा भएको हुनेछ ।

जलउर्जा सेवा:

- सवै वडाहरूमा सुधारिएको घट्ट सेवा स्थापना भइ सेवा संचालन भएको हुनेछ ।

स्रोत तथा वातावरण संरक्षण:

- उपयोगमा रहेका ४०% जलस्रोत क्षेत्रहरू संरक्षण भएको हुनेछ ।

**मध्यकालीन लक्ष्य (आ.व. २०८३/८४ सम्ममा):**

खानेपानी सेवा:

- सवै आयोजनाहरूको खानेपानी सेवास्तर आधारभूत स्तरमा पुऱ्याउने ।
- आधारभूत खानेपानी सेवास्तर भएको जनसंख्या ५०%
- सुरक्षित व्यवस्था भएको खानेपानी सेवास्तर उपभोग गर्ने जनसंख्या ५०%

सरसफाइ सेवा:

- गाउँपालिका "पूर्ण सरसफाइ उन्मुख क्षेत्र" घोषणा भएको हुनेछ ।
- सवै वडाहरू पूर्ण सरसफाइ उन्मुख क्षेत्र घोषणा भएको हुनेछ ।

परम्परागत कुलो सिंचाइ र लघु सिंचाइ सेवा:

- गाउँपालिकाको ५०% खेति योग्य जमिनमा व्यवस्थित सिंचाइ सेवा भएको हुनेछ ।

जलउर्जा सेवा:

- सवै वडाका ठूला बस्तीहरूमा सुधारिएको घट्ट सेवा स्थापना भइ सेवा संचालन भएको हुनेछ साथै स्थानीय स्तरमा जलविद्युत उत्पादन गरि भरपर्दो र सुलब विद्युत सेवा मुख्य बस्तिहरूमा उपलब्ध हुनेछ ।

स्रोत तथा वातावरण संरक्षण:

- उपयोगमा रहेका १००% जलस्रोत क्षेत्रहरू संरक्षण भएको हुनेछ ।

**दीर्घकालीन लक्ष्य (आ.व. २०८४/८५-०८५/०८६ सम्ममा):**

खानेपानी सेवा:

- सवै आयोजनाहरूको खानेपानी सेवास्तर सुरक्षित व्यवस्था भएको स्तरमा पुऱ्याउने ।
- सुरक्षित व्यवस्था भएको खानेपानी सेवास्तर उपभोग गर्ने जनसंख्या १००%

सरसफाइ सेवा:

- सवै वडाहरू "पूर्ण सरसफाइ क्षेत्र" घोषणा भएको हुनेछ ।
- गाउँपालिका "पूर्ण सरसफाइ क्षेत्र" घोषणा भएको हुनेछ ।

परम्परागत कुलो सिंचाइ र लघु सिंचाइ सेवा:

- गाउँपालिकाको ७५% खेति योग्य जमिनमा व्यवस्थित सिंचाइ सेवा भएको हुनेछ ।

जलउर्जा सेवा:

- गाउँपालिकाका सवै मुख्य बस्तिहरूमा सुधारिएको घट्ट सेवा स्थापना भइ सेवा संचालन भएको हुनेछ साथै स्थानीय स्तरमा भरपर्दो र किफायति जलविद्युत उत्पादन गरि सवै वडा तथा बस्तिमा विद्युत सेवा उपलब्ध हुनेछ ।

स्रोत तथा वातावरण संरक्षण:

- गाउँपालिकाका सवै जलस्रोत क्षेत्रहरू व्यवस्थित संरक्षण भएको हुनेछ ।

**अल्पकालीन योजनाहरू (पहिलो र दोश्रो वर्ष):** - गाउँपालिकाले जल उपयोग गुरुयोजना भित्र समाबेश गरिएका क्षेत्रगत योजनाहरूको कार्यान्वयनका लागि आवस्यक पर्ने लगानी जुटाउन नरहरिनाथ जल उपयोग गुरुयोजनालाई गाउँकार्यपालिका र गाउँसभाबाट अनुमोदन गर्नेछ र गाउँपालिकाले आफ्नो लगानी सुनिश्चित गरि यदि सो लगानी योजनाहरूको कार्यान्वयनका लागि अपुग हुने देखिएमा बाहय स्रोतहरूको खोजी गर्ने छ साथै आफ्ना क्षेत्रगत परिकल्पनाहरू साकार पार्न अल्पकालीन योजनाहरूको रुपमा हाल निर्माणाधीन ५ वटा खानेपानी योजनाहरू (नयाँ) , ५ वटा खानेपानी योजना (मर्मत र पुनर्निर्माण) र ५ वटा सिंचाइ कुलो निर्माणका योजनाहरू लगायत थोरै स्रोत चाहिने अन्य क्षेत्रका अति आवश्यक योजनाहरूलाई कार्यान्वयन गर्नेछ। अल्पकालीन योजनाहरू हाल निर्माणाधीन अवस्थामा रहेका, स्रोतको सुनिश्चितता भएका योजनाहरू वडा कार्यालय वा गाउँपालिकाको आफ्नै स्रोतबाट पनि निर्माण हुन सक्ने योजनाहरूलाई अल्पकालीन अवधिका योजनाको रुपमा समाबेश गरिएका छन् । त्यस्तै वातावरण तथा पर्यावरण क्षेत्रका अति आवश्यक क्रिकलापहरू जस्तै ; वृक्षारोपण, मुहान संरक्षणका योजनाहरूलाई पनि स्रोतको उपलब्धताको हिसाबले संचालन गर्ने गरि अल्पकालीन योजनाको रुपमा राखिएको छ । खानेपानीको सुविधा नपुगेका घरधुरीहरूलाई खानेपानी तथा सरसफाइको व्यवस्था गर्न तत्काल योजनाहरू संचालान गर्न सरोकारवाला निकायहरूसँग साझेदारी गरि प्राथामिकातामा परेका योजनाहरू को कार्यान्वयन गर्ने साथै जल उपयोग गुरुयोजना लाई गाउँपालिकाबाट अनुमोदन गरि साझेदारीका लागि बजारीकरण गर्ने रणनीति तय गरिएको छ ।

**मध्यकालीन योजनाहरू (तेश्रो तथा चौथो वर्ष): -** गाउँपालिकाले मध्यकालीन योजनाको रुपमा जल उपयोग गुरुयोजनामा प्राथमिकिकरण गरिएका क्षेत्रगत योजनाहरूको अवस्था, स्रोतहरूको उपलब्धताको आधारमा निर्माण सम्पन्न भएका खानेपानी योजनाहरूबाट सम्भव भएमा सेवा विस्तार र सम्भव नभएमा प्राथमिकता अनुसार २१ वटा खानेपानी योजना, ५ सिंचाइ कुलोहरूको निर्माण र वातावरण तथा पर्यावरण तर्फ प्राथमिकीकरण गरिएका योजनाहरू मध्य कम्तिमा ५% योजनाहरूको कार्यान्वयन गर्ने नीति लिएको छ ।

**दीर्घकालीन लगानी योजना (पाचौ वर्ष): -** जल उपयोग गुरुयोजना कार्यन्वयनको सिलसिलामा दीर्घकालीन योजनाको रुपमा गाउँपालिकाले यस जल उपयोग गुरुयोजनाको समीक्षा गरि प्राथमिकिकरण गरिएका सवै क्षेत्रका क्षेत्रगत योजनाहरू मध्य कति कार्यान्वयन गर्न सकिए, कति सकिएनन लगायत जल उपयोग गुरुयोजना अनुसार क्षेत्रगत योजनाहरूको कार्यान्वयन गर्दा भएका सिकाईहरूको समेत समीक्षा गरि यदि जल उपयोग गुरुयोजना अद्ध्यावधिक गर्न पर्ने देखिएमा अद्ध्यावधिक गरेर थप प्राथमिकता निर्धारण गरि समयसापेक्ष रूपमा योजनाहरूको कार्यान्वयन गर्नेछ ।

माथि उल्लेख गरिए अनुसारका अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजनाहरूको कार्यान्वयनका लागि गाउँपालिकाले थप छलफल र निर्णय अनुसार हरेक वर्ष जल उपयोग गुरुयोजनाको कार्यान्वयनका लागि वडा तथा गाउँपालिकाबाट हुने लगानी र अन्य कार्यान्वयनमा सहयोग गर्ने निकायहरूबाट हुने लगानीको

प्रक्षेपण गर्न का साथै स्थानीय तहको वार्षिक योजना तर्जुमा प्रकृयामा योजना तथा कार्यक्रमहरू समाबेश गरि कार्यान्वयन गर्नेछ। साथै जल उपयोग  गुरुयोजनाका क्षेत्रगत योजनाहरू कति कार्यान्वयन भए भन्ने कुराको समीक्षा गर्ने संयन्त्रको विकास गर्नेछ ।

यसका अतिरिक्त जल उपयोग  गुरुयोजनाको प्रभावकारी रुपमा कार्यान्वयनका लागि आवश्यक लगानी नीति तथा कार्यविधि/निर्देशिका गाउँपालिकाले निर्माण गर्नेछ र त्यसको कार्यान्वयनका लागि आवश्यक मानव संशाधन सहितको संयन्त्रको विकास गर्नेछ । त्यो संयन्त्रले अन्य क्षेत्रगत संयन्त्रहरूसँग समन्वय, सहकार्य र जल उपयोग  गुरुयोजनाको प्राथमिकता क्रममा रहेका योजना तथा क्रियाकलापहरूको कार्यान्वयन र व्यवस्थापनका लागि एकिकृत रुपमा योजना तर्जुमा, अनुगमन र समीक्षा गर्नेछ ।

## ६.२. पहिलो आ.व. मा कार्यान्वयन हुने योजनाहरू

नरहरिनाथ गाउँपालिकाले पहिलो वर्षका लागि १० वटा खानेपानी योजनाहरू, २ वटा स्रोत संरक्षण योजनाहरू, १ वटा सार्वजनिक शौचालयका योजनाहरूलाई कार्यान्वयन गर्नेछ। पहिलो आ.व.मा कार्यान्वयन हुने योजनाहरूको विवरण तलको तालिका-३७ मा उल्लेख गरिएको छ।

तालिका ३७ : पहिलो वर्षमा कार्यान्वयन गर्ने गरि तर्जुमा गरिएका खानेपानी योजनाहरू

| क्र. स | योजनाको नाम | वडा नं | लाभान्वित घरधुरी संख्या | प्रस्तावित टोलहरू | अनुमानित लागत (ने.रु.'००० ) | कार्यान्वयन गर्ने जिम्मेवारी | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|
| १ | मोराखुलालु खा.पा. योजना | १ | १५ | मोरखुलालु | १५६९ | गाउँपालिका | युएसएआइडी कर्णाली जल परियोजना |
| २ | काप्टा खा.पा. योजना – | १ | २२ | हसला | २३०१ | गाउँपालिका | युएसएआइडी कर्णाली जल परियोजना |
| ३ | लालिघाट खा.पा. योजना- | १ | ३० | लालिघाट बजार | ३१३८ | गाउँपालिका | युएसएआइडी कर्णाली जल परियोजना |
| ४ | कक्राराटा खा पा योजना | १ | १३ | कक्राराटा | १३५९ | गाउँपालिका | युएसएआइडी कर्णाली जल परियोजना |
| ५ | तल्लो टाग्डा/सुन्दरखाल खा . पा .योजना | ४ | १५ | सुन्दरखाल | १५६९ | गाउँपालिका | युएसएआइडी कर्णाली जल परियोजना |
| ६ | लामिछाने उत्तिसेनी खा.पा. योजना- | १ | ११ | लामिछाने | २८७ | गाउँपालिका | युएसएआइडी कर्णाली जल परियोजना |
| ७ | देउतापानी खा पा योजना | १& २ | ६० | लामपाटा | १५६९ | गाउँपालिका | युएसएआइडी कर्णाली जल परियोजना |
| ८ | लामिछाने खा पा योजना | २ | ६० | लामिछाने | १५६९ | गाउँपालिका | युएसएआइडी कर्णाली जल परियोजना |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | अमनेपानी खा पा योजना | २ | १५ | सुनपानी | ३९२ | गाउँपालिका | युएसएआइडी कर्णाली जल परियोजना |
| १० | बेन्नामुल खा पा योजना | ३ | २८ | मादेगाउ | ७३२ | गाउँपालिका | युएसएआइडी कर्णाली जल परियोजना |
| जम्मा | | | २५६ | | १,२९१८ | | |

तालिका ३८ : पहिलो वर्षमा कार्यान्वयन गर्ने गरि तर्जुमा गरिएका सरसफाइ योजनाहरू

| क्र. स. | योजनाको नाम | वडा नं. | लाभान्वित घरधुरी संख्या | अनुमानित लागत (ने.रु.'००० ) | कार्यान्वयन गर्ने जिम्मेवारी | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|
| १ | सार्वजनिक शौचालय निर्माण योजना | १ | १५ | २५५० | गाउँपालिका | युएसएआइडी कर्णाली जल परियोजना |
| २ | गाउँपालिका पूर्ण सरसफाइ अभियान | १ देखि ९ | ४६२५ | ० | गाउँपालिका | सहयोगि निकाय |
| ३ | ठोस फोहोर व्यवस्थापन स्थल पहिचान तथा निर्माण | १ देखि ९ | ९ वडाका बजार क्षेत्र | ० | गाउँपालिका | सहयोगि निकाय |
| जम्मा | | | | २५५० | | |

तालिका ३९ :पहिलो वर्षमा कार्यान्वयन गर्ने गरि तर्जुमा गरिएका परम्परागत कुलो सिंचाइ योजनाहरू

| वडा नं. | योजनाहरूको नाम | खेतको नाम | क्षेत्रफल (रोपनी) | लाभान्वित घरधुरी संख्या | अनुमानित लागत (ने.रु.'०००) | कार्यान्वयन गर्ने जिम्मेवारी | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|
| ३ | जाखुडे सिंचाइ योजना | माथिल्लो भारता | २७० | ७३ | ५४० | गाउँपालिका | युएसएआइडी कर्णाली |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | जल परियोजना |
| ३ | घट्टेखोला सिंचाइ योजना क | सियाला देबल दोग्दा खेत | २४५ | १८८ | ४९० | गाउँपालिका | युएसएआइडी कर्णाली जल परियोजना |
| जम्मा | | | ५१५ | २६१ | १०३० | | |


तालिका ४० : पहिलो वर्षमा कार्यान्वियन गर्ने गरि तर्जुमा गरिएका वातावरण संरक्षण तथा स्रोत संरक्षण योजनाहरू

| वडा नं. | योजनाको नाम | वडा नं. | जम्मा घरधुरी संख्या | अनुमानित लागत (ने.रु.'०००) | कार्यान्वयन गर्ने जिम्मेवारी | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|
| ३ | पानी मूल (पानीपोखरी निर्माण स्रोत पूनर्भरन) | ३ | ३०० | ३०० | गाउँपालिका | सहयोगि निकाय |
| ३ | लालिघाट गाउँपालिका सडक | १-३ | ३५० | ५०० | गाउँपालिका | सहयोगि निकाय |
| जम्मा | | | ६५० | ८०० | | |

*स्रोत :जल उपयोग गुरुयोजना , वडा तथा गाउँपालिका स्तरीय योजना तर्जुमा गोष्ठी, २०८०*


## ६.३. बजारीकरण रणनीति तथा सरोकारवालाहरूको पहिचान

गुरुयोजना तयार भएपछि नरहरिनाथको प्राथमिकता क्रममा परेका योजनाहरू कार्यान्वयनका लागि उपयुक्त स्रोत साधनहरूको खोजी गर्ने र त्यसको समुचित बाँडफाँड गर्ने जस्ता कार्यको भूमिका पूर्ण रुपमा पालिकाको रहनेछ  भने नरहरिनाथको प्रचारप्रसार गरि  कार्यान्वयनका लागि आवश्यक स्रोत साधन जुटाउन नरहरिनाथको परिचालन एवं बजारीकरणमा महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ । गाउँपालिकामा जलस्रोत विकासको क्षेत्रमा कार्यरत सरकारी तथा गैह्र सरकारी संघ संस्थाहरूको अभिलेखीकरण गरि सवैले जल उपयोग  गुरुयोजनालाई अवलम्वन गर्दै लैजाने प्रणालीको विकास गरिनेछ। नरहरिनाथले गर्दा एकातिर पालिकामा आएको स्रोत एकद्वार प्रणालीको भावना अनुसार विकास निर्माणमा सदुपयोग हुन गई दोहोरोपना हुन पाउने छैन  भने अर्को तर्फ चरणवद्ध रुपमा जलस्रोत व्यवस्थापनका क्रियाकलापहरू सम्पन्न हुन गई गुरुयोजनाको सफल कार्यान्वयन हुनेछ।




चित्र १० :  जलस्रोत संरक्षण तथा जल उपयोग क्षेत्रका हाल कार्यरत सरोकारवाला पहिचान

संकेत:

| | |
|---|---|
|  | कार्यान्वयनका लागि एकदमै जोडदिनु पर्ने निकाय |
|  | निर्माणमा गाउँपालिकालाई सहयोग गर्न सक्ने दातृ निकायहरू/परियोजना |
|  | निर्माण बाहेकका कार्यमा सहयोग गर्न सक्ने दातृ निकाय |
|  | निर्माण तथा स्थानीयस्तरमा सामाजिक/प्राविधिक सहयोग पुऱ्याउने अन्तर/राष्ट्रिय संघ/संस्थाहरू |

गाउँपालिकामा गुरुयोजना कार्यान्वयनका लागि स्रोतको सुनिश्चितता, स्रोत एकद्वार प्रणालीको विकास, लगानीकर्ताका लागि अनुकुल वातावरण, जवाफदेहीता सयन्त्र विकास, जलाधार क्षेत्रको स्वाथ्य सुदृढ र समग्र विकासका लागि अन्तर स्थानीय तह,प्रदेश सरकार तथा संघिय सरकारका सरोकारवाला संयन्त्रहरू सँगको सम्बन्ध विस्तार र आवश्यक समन्वय गुरुयोजनाको सफल कार्यान्वयनका लागि अति नै महत्वपुर्ण रहने सरोकारवालाहरूको साझा बुझाई रहेको छ। गाउँपालिकामा विगतमा पानीको उपयोग र विकासका क्षेत्रमा कार्यगर्दै आएका र भविष्यमा समेत सहकार्य साझेदारी हुन सक्ने सम्भावित कार्यान्वयन सरोकारवाला सहयोगी निकायहरूको विवरण र सह-सम्बन्धलाई चार्टमा प्रस्तुत गरिएको छ।

तालिका ४१ : सरोकारवाला निकायको विवरण

| सरोकारवाला संस्थाको नाम | क्रियाकलाप संचालनको प्रकृति | कार्य क्षेत्र (वडा/भूगोल) | संस्थाको आर्थिक स्रोत (दातृ संस्था) | भविष्यमा सहकार्य हुन सक्ने क्षेत्र |
|---|---|---|---|---|
| युएसएआइडी, कर्णाली जल परियोजना | जलस्रोत व्यवस्थापन | गाउँपालिकाका सवै वडाहरू | युएसएआइडी | खानेपानी, सुशासन,बहुउपयोगी योजना, स्रोत संरक्षण, नीति सहयोग, क्षमता विकास क्रियाकलाप, सरसफाइ/स्वच्छता |
| सहयोगिहात हरूको समूह | जलबायू परिवर्तन, खाध्य सुरक्षा, आयआर्जन | गाउँपालिकाका सवै वडाहरू | एफ इएल एम(Felm) | खानेपानी, सुशासन,बहुउपयोगी योजना, स्रोत संरक्षण, नीति सहयोग, क्षमता |

| | | | | |
|---|---|---|---|---|
| | | | | विकास क्रियाकलाप, सरसफाइ/स्वच्छता |
| किर्डाक | शिक्षा | गाउँपालिकाका सवै वडाहरू | Plan International Nepal | खानेपानी, सुशासन,बहुउपयोगी योजना, स्रोत संरक्षण, नीति सहयोग, क्षमता विकास क्रियाकलाप, सरसफाइ/स्वच्छता |
| प्लान ईन्टरनेनल | सामुदायिक स्तरमा जनचेतनामूलक कार्यक्रम चलाउने र हक अधिकार सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालन गर्ने | गाउँपालिकाका सवै वडाहरू | युरोपियन युनियन | खानेपानी, सुशासन,बहुउपयोगी योजना, स्रोत संरक्षण, नीति सहयोग, क्षमता विकास क्रियाकलाप, सरसफाइ/स्वच्छता |
| आई एन एफ नेपाल | क्षमता विकास | गाउँपालिकाका सवै वडाहरू | INF Australia | खानेपानी, सुशासन,बहुउपयोगी योजना, स्रोत संरक्षण, नीति सहयोग, क्षमता विकास क्रियाकलाप, सरसफाइ/स्वच्छता |
| किसान लघुबित्तीय संस्था | गरिब तथा विपन्न वर्गहरूलाई सहुलियत ऋण उपलब्ध गराउने | गाउँपालिकाका सवै वडाहरू | नेपाल राष्ट्र बैंक | खानेपानी, सुशासन,बहुउपयोगी योजना, स्रोत संरक्षण, नीति सहयोग, क्षमता विकास क्रियाकलाप, सरसफाइ/स्वच्छता |
| मानवअधिकार र वातावरण विकास केन्द्र [हुरुन्डेक नेपाल] | मानवअधिकार वातावरण क्षेत्रमा बिपत क्षेत्रमा झोलुङ्गे पुल बाल बिबाह न्यूनीकरण र आपतकालीन सेवा | गाउँपालिकाका सवै वडाहरू | DTS जर्मन, HelpTash Nepal Read panda plan international Nepal etc | खानेपानी, सुशासन,बहुउपयोगी योजना, स्रोत संरक्षण, नीति सहयोग, क्षमता विकास क्रियाकलाप, सरसफाइ/स्वच्छता |

| | | | | |
|---|---|---|---|---|
| विश्व खाध्य कार्यक्रमबाट | पोषण गर्भवति महिला हजार दिने सुनौलो कार्यक्रम र बालबालिकालाई ६ महिना देखी २३ महिना सम्मका बालबालिका लाई पोषणयुक्त खानेकुरा | गाउँपालिकाका सवै वडाहरू | विश्व खाध्य कार्यक्रम, सामाजिक विकास मन्त्रालय, स्वास्थ्य निर्देशनालय कर्णाली प्रदेश सरकार | खानेपानी, सुशासन,बहुउपयोगी योजना, स्रोत संरक्षण, नीति सहयोग, क्षमता विकास क्रियाकलाप, सरसफाइ/स्वच्छता |
| नेपाल रेडक्रस सोसाइटी | बिपत क्षेत्रमा राहत वितरण तथा उध्धार बिपत्तिमा बस स्थान | गाउँपालिकाका सवै वडाहरू | नेपाल रेडक्रस सोसाइटी बेलायत अमेरिक लकजम्बर आदि | खानेपानी, सुशासन,बहुउपयोगी योजना, स्रोत संरक्षण, नीति सहयोग, क्षमता विकास क्रियाकलाप, सरसफाइ/स्वच्छता |

गुरुयोजना कार्यान्वयनका लागि तपसिलका रणनीति अपनाईने छन् र यसका लागि सम्बन्धीत समितिहरूलाई अझ सशक्त बनाइने छ ।

- नरहरिनाथ गाउँपालिकाको जल उपयोग गुरुयोजनाको सूचना प्रवाहको लागि नरहरिनाथ गाउँपालिकाको वेबसाइटमा जल उपयोग गुरुयोजनाको अवधारणा, लक्ष्य, रणनीति र प्राथमिकतामा परेका आयोजनाहरूको विवरण आकर्षक रुपमा राखी उक्त आयोजनाहरूको कार्यान्वयन अवस्थाको मासिक रुपमा अद्यावधिक गर्ने नीति लिइनेछ ।
- गाउँपालिकाले तयार गरेको गुरुयोजनाको प्रचारप्रसार गरि सङ्घीय तथा प्रदेश सरकारका जलस्रोत विकास सम्बद्ध मन्त्रालयहरू, विभागहरू, डिभिजन कार्यालयहरू, क्षेत्रिय आयोजनाहरूसँग लगानी सहकार्यका लागि समन्वय गर्ने नीति लिइनेछ ।
- गाउँपालिकास्तरका सरोकारवाला साझेदारहरूको आवश्यकता अनुसार समन्वय बैठक र अन्तक्रियाहरू आयोजना गरि गाउँपालिकाको गुरुयोजनाको प्राथमिकता अनुसारका आयोजना, यसका अवधारणा तथा रणनीति बमोजिम नयाँ आयोजनाहरू छनौट गर्ने तथा लगानी गर्ने प्रतिबद्धता सहितका कार्यक्रमहरू गर्ने नीति लिइनेछ ।
- गाउँपालिकास्तरमा जल उपयोग गुरुयोजनाको दीर्घकालीन सोच, लक्ष्य, रणनीति, तथा योजनाहरूको प्रचार प्रसार तथा समीक्षा गर्ने तथा जलस्रोत क्षेत्रमा कार्यगर्ने सरोकारवालाहरूलाई गुरुयोजनाले तर्जुमा गरेका आयोजनामा लगानी गर्न प्रेरित गराउने जस्ता क्रियाकलापहरू संचालन गर्ने नीति लिइनेछ ।

- जल उपयोग  गुरुयोजनाको तथ्याङ्क अनुसारका जलस्रोतहरूको लगत, मूल-मुहान स्रोतको संरक्षण, सम्भाव्य उपयोग र लगानी सम्भावना सहितको अन्तरक्रिया कार्यक्रमहरू समय-समयमा सरोकारवालाहरू माझ संचालन गर्ने नीति लिइनेछ ।
- क्षेत्रगत योजनाहरूमा लगानी सम्बन्धी  दोहोरोपना हटाउन र गाउँपालिकाले प्राथमिकतामा राखेका जलस्रोत आयोजनाहरूमा लगानी केन्द्रित गर्न गाउँपालिकाको वार्षिक योजना तर्जुमा पूर्ब विषयगत समितिका बैठकहरू मार्फत आगामी वर्षका योजना तथा कार्यक्रमहरू सरोकारवालाहरूसँगको उपलब्ध बजेट तथा सहकार्यका क्षेत्र अनुसार जल उपयोग  गुरुयोजनामा प्राथमिकतामा रहेका आयोजनाहरू मध्यबाट बाँडफाँड गरि वार्षिक बजेट तथा कार्ययोजना बनाउने नीति लिइनेछ ।

## ६.४. जलाधार/उप-जलाधार क्षेत्र व्यवस्थापन रणनीति

नरहरिनाथ गाउँपालिकाले जलाधार तथा उप-जलाधार क्षेत्र व्यवस्थापनका लागि तपसील अनुसारका रणनीतिहरू अपनाउने छ ।

- सवै स्थानीय सरोकारवाला निकायहरूको जलाधार संरक्षण सम्बन्धी साझा बुझाई निर्माण गर्न ज्ञान, सीप तथा सिकाईहरू आदानप्रदान गर्ने तथा स्थानीय समुदायको क्षमता अभिवृद्धि गरिने छ ।
- कुनै पनि ठुला संरचनाहरू निर्माण गर्दा वातावरण प्रभाव मूल्यांकन अनिवार्य रुपमा लागु गरिने छ।
- जल, जंगल र जमिन संरक्षणका लागि स्थानीय समुदायकोको अधिकतम सहभागितामा गराइने छ।
- गाउँपालिका स्तरमा सक्रिय बहु-सरोकारवाला निकायहरू जस्तै; सामुदायिक वन उपभोक्ता समूहहरू, कृषि समूहहरू, सँग समन्वय, सहकार्य र साझेदारी गर्ने र जलाधार संरक्षणका क्रियाकलापहरूलाई स्थानीय समुदायको आयमुलक/जीविकोपार्जनका गतिविधि सँग जोडी बाताबरणमैत्री र संरक्षणमुखी बनाइने छ ।
- जलाधार क्षेत्रमा प्रभाव पार्ने वा प्रभावित हुने माथिल्लो वा तल्लो तटीय भू-भागमा अवस्थित पालिका/समुदाय सँग जलाधार संरक्षणका उपायहरूका बारेमा छलफल गरि  साझा सिकाईका आधारमा विभिन्न सहयोगी क्रियाकलापहरू (जल उपयोग  गुरुयोजनामा आधारित भइ) संचालन गरिने छन् ।
- लोप हुन/हराउन लागेका सिमसार/ताल तलैयाहरूलाई संरक्षण र व्यवस्थापनको माध्यमबाट " पुरानै स्वरुपमा ल्याउने" रणनीति अपनाईने छ ।

## ६.५. गुरुयोजना पुनरावलोकन तथा अद्ध्यावधिक  गर्ने संयन्त्र

जल उपयोग  गुरुयोजनाको सफल कार्यान्वयनका लागि गाउँपालिका क्षेत्र भित्रका स्रोत साधनको पहिचान, सरोकारवाला सहयोगी वा साझेदार निकायहरूको पहिचान तथा परिचालन पनि महत्वपुर्ण हुन्छ । स्थानीय सरकार संचालन ऐन, २०७४ ले गाउँपालिकाहरूलाई योजना कार्यान्वयन गर्ने कार्यकारि निकायका रुपमा राखेको छ भने गाउँपालिका आफैमा स्थानीय सरकार समेत भएकाले जलस्रोत क्षेत्रका योजनाहरू कार्यान्वयन गराउन स्थानीय, प्रदेश स्तरीय तथा केन्द्रिय सरोकारवाला साझेदारहरूलाई परिचालन गर्न सहज हुने देखिन्छ। गुरुयोजना कार्यान्वयन गर्न गाउँपालिकाको नेतृत्वमा सवै  साझेदारहरूलाई साझेदारीको वातावरण सहित परिचालन गर्न  पर्ने हुन्छ । गुरुयोजना कार्यान्वयनका लागि आवश्यक पर्ने नीति नियमहरू गाउँपालिकाको सभा मार्फत निर्माण गरि  क्षेत्रगत साझेदारहरूलाई स्पष्ट जिम्मेवारी प्रदान गर्न का साथै समय सापेक्ष कार्यान्वयनको अनुगमन समेत गर्न पर्ने हुन्छ ।

यसका साथै समय सापेक्ष गाउँपालिकाले विभिन्न सरोकारवाला निकायहरूकोपक्ष/हरू को सहजीकरणमा जल उपयोग  गुरुयोजना कार्यान्वयन स्थितिको समीक्षा गरिअद्यावधि क गर्न पर्ने जरुरी हुन्छ । जल उपयोग गुरुयोजना आधारभूत तथ्याङ्क र एकिकृत जलस्रोत विकासको खाका वा प्राथमिकता योजना तर्जुमाको दस्तावेज भएको हुनाले नरहरिनाथको आवश्यकता अनुसार आवधिक रुपमा अद्यावधिक गर्न  उपयुक्त हुन्छ। नरहरिनाथको अद्यावधिकरणबाट गाउँपालिकाको एकिकृत जलस्रोत विकासको लागि चाहिने स्रोतको अनुमान र तर्जुमा गर्न सजिलो हुन्छ। सामान्यतया गुरुयोजना कार्यान्वयन समीक्षा, स्रोत साधन जुटाउन, तथ्याङ्कहरू अद्यावधिक प्रत्येक वर्ष गर्न  पर्दछ तर स्थानीय परिवेश र आवश्यकता अनुसार यो अवधि घटबढ गर्न सकिन्छ । साथै जल उपयोग  गुरुयोजना अद्यावधिक गर्नको लागि कार्यपालिकाबाट अनिवार्य रुपमा निर्णय गर्न पर्ने हुन्छ ।

## ६.६. गुरुयोजना कार्यान्वयन रणनीति

जल उपयोग  गुरुयोजना जलस्रोत क्षेत्रको एकिकृत योजना भएकोले नरहरिनाथको कार्यान्वयनका लागि प्रभावकारी संयन्त्र, समन्वय र सरोकारवाला निकायहरू बीच सहकार्य हुन जरुरी छ। नरहरिनाथ गाउँपालिकाले जल उपयोग  गुरुयोजनाको कार्यान्वयनका लागि तपशिलका रणनीति अपनाउने छ ।

- गुरुयोजना तथ्याङ्क जलस्रोतहरूको लगत, सम्भाव्य प्रयोग र सम्भावना सहितको अन्तरक्रिया कार्यक्रमहरू समय समयमा  सरोकारवाला माझसंचालनगरिने छ ।
- संघीय तथा प्रदेश सरकारका जलस्रोत विकास सम्बद्ध मन्त्रालय, बिभागहरूमा गुरुयोजनाको प्रचार प्रसार गरि आवश्यक लगानी सहकार्यका लागि समन्वय गरिने छ ।
- गाउँपालिका स्तरका सरोकारवाला साझेदारहरूको आवश्यकता अनुसार समन्वय बैठक र अन्तरक्रियाहरू आयोजना गरि गुरुयोजनाका निर्दिष्ट लक्ष्य हासिल गर्न लगानी प्रतिबद्धता सहितका कार्यक्रम तय गरिने छ।

- गाउँपालिका स्तरमा गुरुयोजना सम्बन्धी प्रचार प्रसार, समीक्षा तथा जलस्रोत क्षेत्रमा कार्य गर्ने सरोकारवालाहरूलाई गुरुयोजनाले औल्याएको क्षेत्रमा लगानी गर्न प्रेरित गराउने जस्ता क्रियाकलापहरू संचालन गरिने छ ।
- क्षेत्रगत योजनाहरूमा लगानी सम्बन्धी दोहोरोपना हटाउन वार्षिक कार्यक्रम तय गर्न  पूर्ब विषयगत समितिका बैठकहरू मार्फत आगामी वर्षका योजना तथा कार्यक्रमहरू सरोकारवालाहरूसँगको उपलब्ध बजेट, सहकार्यका क्षेत्र सहितको कार्ययोजना तय गरिने छ ।

# अनुसूचीहरू

| | |
|---|---|
| अनुसूची-१ | SA-1: घरधुरी तथा जनसंख्या सम्बन्धी विवरण |
| | SA-2: भौगोलिक, प्राकृतिक, सांस्कृतिक तथा आर्थिक जानकारी सम्बन्धी विवरण |
| | SA-3: विद्यमान सहकारि संस्थाहरू सम्बन्धी विवरण |
| | SA-4: विद्यमान सरोकारवाला संस्थाहरू सम्बन्धी विवरण |
| | SA-5: स्वास्थ्य तथा सरसफाइ सम्बन्धी विवरण |
| अनुसूची-२ | TA-1: पानीका स्रोतहरूको विवरण |
| अनुसूची-३ | SA-6: टोलहरूको सूची |
| | TA-2: विद्यमान खानेपानी योजनाहरूको सुबिधास्तर र संरचानागत विवरण फारम |
| अनुसूची-४ | SA-7: विद्यमान खानेपानी योजनाहरूको सामाजिक तथा संस्थागत विवरण फारम |
| अनुसूची-५ | SA-8: विद्यमान कुलो सिंचाइ योजनाहरूको मुख्य विवरण फारम |
| | TA-3: विद्यमान कुलो सिंचाइ योजनाहरूको विस्तृत विवरण फारम |
| | SA-9: विद्यमान लघु सिंचाइ योजनाहरूको मुख्य विवरण फारम |
| | TA-4: विद्यमान लघु सिंचाइ योजनाहरूको विस्तृत विवरण फारम |
| | SA-10: विद्यमान बहु उपयोगी योजनाहरूको मुख्य विवरण फारम |
| | TA-5: विद्यमान बहु उपयोगी योजनाहरूको विस्तृत विवरण फारम |
| | SA-11: विद्यमान वातावरण तथा पर्यावरणसँग सम्बन्धीतयोजनाहरूको मुख्य विवरण फारम |
| | TA-6: विद्यमान वातावरण तथा पर्यावरणसँग सम्बन्धीतयोजनाहरूको विस्तृत विवरण फारम |
| | SA-12: विद्यमान सुधारिएको र परम्परागत घट्ट योजनाहरूको मुख्य विवरण फारम |

| | |
|---|---|
| | TA-7: विद्यमान सुधारिएको र परम्परागत घट्ट योजनाहरूको विस्तृत विवरण फारम |
| | TA-8: विद्यमान लघु जलबिधुत योजनाहरूको विस्तृत विवरण फारम |
| अनुसूची-६ | OS-1: निर्माणाधिन जलस्रोत सम्बन्धीतयोजनाहरूको मुख्य विवरण फारम |
| | OT-1: निर्माणाधिन खानेपानी योजनाहरूको विस्तृत विवरण फारम |
| | OT-2: निर्माणाधिन कुलो सिंचाइ योजनाहरूको विस्तृत विवरण फारम |
| | OT-3: निर्माणाधिन लघु सिंचाइ योजनाहरूको विस्तृत विवरण फारम |
| | OT-4: निर्माणाधिन बहु उपयोगी योजनाहरूको विस्तृत विवरण फारम |
| | OT-5: निर्माणाधिन सुधारिएको र परम्परागत घट्ट योजनाहरूको विस्तृत विवरण फारम |
| | OT-6: निर्माणाधिन लघु जलबिधुत योजनाहरूको विस्तृत विवरण फारम |
| अनुसूची-७ | PL-1: तर्जुमा गरिएका खानेपानी योजनाहरूको मुख्य विवरण फारम |
| | TA-9: तर्जुमा गरिएका खानेपानी योजनाहरूको विस्तृत विवरण फारम |
| | TA-10: तर्जुमा गरिएका सरसफाइ तथा स्वच्छता सम्बन्धी योजनाहरूको विस्तृत विवरण फारम |
| अनुसूची-८ | PL-2: तर्जुमा गरिएका कुलो सिंचाइ योजनाहरूको मुख्य विवरण फारम |
| | TA-11: तर्जुमा गरिएका कुलो सिंचाइ योजनाहरूको विस्तृत विवरण फारम |
| अनुसूची-९ | PL-4: तर्जुमा गरिएका बहु उपयोगी योजनाहरूको मुख्य विवरण फारम |
| | TA-13: तर्जुमा गरिएका बहु उपयोगी योजनाहरूको विस्तृत विवरण फारम |
| अनुसूची-१० | PL-5: तर्जुमा गरिएका वातावरण तथा पर्यावरणसँग सम्बन्धीतयोजनाहरूको मुख्य विवरण फारम |
| | TA-14: तर्जुमा गरिएकावातावरण तथा पर्यावरणसँग सम्बन्धीतयोजनाहरूको विस्तृत विवरण फारम |
| अनुसूची-११ | PL-6: तर्जुमा गरिएका सुधारिएको र परम्परागत घट्ट योजनाहरूको मुख्य विवरण फारम |
| | TA-15: तर्जुमा गरिएका सुधारिएको र परम्परागत घट्ट योजनाहरूको विस्तृत विवरण फारम |
| अनुसूची-१२ | PL-7: तर्जुमा गरिएका लघु जलबिधुत योजनाहरूको मुख्य विवरण फारम |
| | TA-16: तर्जुमा गरिएका लघु जलबिधुत योजनाहरूको विस्तृत विवरण फारम |

गाउँपालिकाको प्रशासनिक GIS नक्सा वा प्राकृतिक वा बिशेष महत्वको तस्वीर वा पर्यटकिय स्थल वा गुरुयोजना निर्माण क्रमका कुनै ईभेन्टको तस्बीर राख्नुहोला ।




फोटो नं १- पालिकास्तरिय जल उपयोग गुरुयोजनको दुरदृष्टि गोष्टि




फोटो नं २- वडास्तरिय जल उपयोग गुरुयोजनको क्षमता विकास तालिम




फोटो नं ३- पालिकास्तरिय जल उपयोग  गुरुयोजनको तथ्यांक प्रमणीकरण गोष्टि




फोटो नं ३- पालिकास्तरिय जल उपयोग  गुरुयोजनको प्लानिग गोष्टि



फोटो नं ४- नरहरिनाथ गाउपालिकाको भौगोलिक अवस्था

**अस्वीकरण:**

यो प्रतिवेदन अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) मार्फत् अमेरिकी जनताहरूको सहयोगका कारण सम्भव भएको हो । यस प्रतिवेदन भित्रका विषयवस्तु र सामग्री चौकुने गाउँपालिकाको एकल जिम्मेवारी हुन् र तिनले युएसएआइडी वा अमेरिकी सरकारको विचारको प्रतिविम्बित गर्छन् भन्ने जरुरी छैन ।